का.जि.प्र.का.द.नं. १००/०५२/६०
२९ साउन २०८३
शुक्रबार
14 August 2026
Friday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २०४। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

रेमिट्यान्सको महँगो सामाजिक मूल्य

८६ अर्ब डलर १० हजार बाकस

■ **तेजप्रकाश दीक्षित**/मध्यान्ह

रेमिट्यान्सले अर्थतन्त्र धानेपनि यसको सामाजिक मूल्य महँगो छ । गत आर्थिक वर्षको ११ महिनामा २१ खर्ब २० अर्ब रुपैयाँभन्दा बढी रेमिट्यान्स भित्रिँदा १ हजार ४३८ नेपालीको विदेशमै मृत्यु भयो । पछिल्ला नौ वर्षमा ८६ अर्ब डलरभन्दा बढी रेमिट्यान्स आउँदा १० हजार ५६० शव स्वदेश फर्किए। युवाको निरन्तर पलायनले गाउँ रित्तिँदै, परिवार टुट्दै र देशको उत्पादनशील शक्ति घट्दै छ ।

रेमिट्यान्ससँगै आउँछ बाकस

रेमिट्यान्सको सफलतालाई अर्को कोणबाट हेरौं । यसका लागि वैदेशिक रोजगार बोर्डका अनुसार गत आर्थिक वर्षको ११ महिनामै वैदेशिक रोजगारीका क्रममा १ हजार ४३८ नेपालीको मृत्यु भयो । जेठ महिनामा मात्रै १४४ जनाको ज्यान गयो, यो भनेको दैनिक चारभन्दा बढी हो ।

आर्थिक वर्ष	रेमिट्यान्स (अर्ब डलर)	मृत्यु (जना)
२०७४/७५८	७.२३	८२१
२०७५/७६८	७.७९	७५४
२०७६/७७८	७.५३	६६१
२०७७/७८८	८.१५	१,२४२
२०७८/७९	८.३३	१,३९५
२०७९/८०	९.३३	१,२०८
२०८०/८१	१०.८६	१,४५८
२०८१/८२	१२.६४	१,५८३
२०८२/८३ (११ महिनाको)	१४.५९	१,४३८
जम्मा	**८६.४५**	**१०,५६०**

बाँकेको नरैनापुर गाउँपालिकास्थित मटेहियाका रमेशको घरको ढोकामाथि प्लास्टिकमा बेरिएका दुइटा कागज सुरक्षित छन् । एउटा, साउदी अरबको म्याद सकिएको श्रम स्वीकृति । अर्को, उनलाई त्यहाँसम्म पुऱ्याउने गाउँकै साहुको तमसुक । यी २४ वर्षीय युवा आधा बिघा धानखेत धितो राखेर मासिक तीन प्रतिशत ब्याजमा २ लाख ५० हजार रुपैयाँ ऋण काढेर साउदी गए । काम मरुभूमिको निर्माण मजदुरी निस्क्यो । ज्याला भनिएको भन्दा आधा । ऋण मात्रै तिर्न पनि उनलाई दुई वर्ष लाग्यो । १० वर्ष र दुई करार पूरा गरेर उनी गाउँ फर्केका छन् । यसबीचमा उनका बुबा बुद्यौली र रोगले खेतमा जान नसक्ने भइसके । छोराले उनलाई राम्ररी चिन्दैन । तर, उनको नाम फेरि म्यानपावर कम्पनीको विदेश जाने प्रतीक्षा सूचीमा चढिसकेको छ ।

रमेशलाई आठ लाखले गुणन गर्नुहोस्, नेपालको मूल कथा त्यही हो । भर्खरै सकिएको आर्थिक वर्ष २०८२/८३ मा वैदेशिक रोजगार विभागले १५१ देशका लागि ७ लाख ९२ हजार १८७ श्रम स्वीकृति जारी गऱ्यो । यसमा विदेश पढ्न जाने विद्यार्थी र खुला सीमाबाट बिनाअभिलेख विदेश जाने अनगिन्ती अनुहार गनिएका छैनन् ।

हिँड्नेहरूको हिसाब

वैदेशिक रोजगारीमा जानेको संख्या पहिलोपल्ट घटेको छ, तर यसले आश्वस्त पार्दैन । आर्थिक वर्ष २०८१/८२को ८ लाख ३९ हजार २६६को तुलनामा »» पृष्ठ २ मा

गाउँले के गुमाउँछ ?

राष्ट्रिय कृषि गणनाअनुसार कृषक परिवारको भोगचलनमा रहेको जमिन एक दशकमा २५ लाख २५ हजार हेक्टरबाट २२ लाख १८ हजार हेक्टरमा झऱ्यो । घट्ने क्रम रोकिएको छैन । कृषि विभागकै तथ्यांकअनुसार आर्थिक वर्ष २०७६/७७ देखि २०८२/८३ सम्म थप ८२ हजार ४३ हेक्टर खेतीयोग्य जमिन घट्यो । आर्थिक सर्वेक्षणअनुसार गत वर्ष धान उत्पादन क्षेत्र ४.२० प्रतिशतले संकुचित भयो । परिणाम भन्सार विभागको प्रतिवेदनमा पाइन्छ । गत आर्थिक वर्ष नेपालले करिब »» पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

आज प्रगतिशील मञ्चको साधारणसभासँगै नेतृत्व चयन उम्मेदवारहरूको रस्साकस्सीबीच निर्विरोधको खोजी

मध्यान्ह संवाददाता
काठमाडौं, २८ साउन

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालको नयाँ नेतृत्व चयनका लागि शुक्रबार साधारणसभा तथा छैटौं अधिवेशन हुँदैछ । नेकपा एमाले निकट मञ्चले साधारणसभा तथा अधिवेशनमार्फत वैदेशिक रोजगार व्यवसाय क्षेत्रका वर्तमान चुनौती, व्यवसायीका साझा समस्या, श्रमिकको हित, व्यवसायको मर्यादा तथा आगामी दिनमा व्यवसायलाई थप व्यवस्थित, पारदर्शी र व्यवसायीमैत्री बनाउन आवश्यक नीति तथा कार्यक्रम एवं आगामी कार्यदिशा तय गर्ने बताएको छ ।

साधारणसभाको उद्घाटन पूर्वश्रममन्त्री किसान श्रेष्ठले गर्ने तय भएको महासचिव मिलन कट्टेलले जानकारी दिए । निर्वाचनका लागि पार्टीले मञ्चमा उपाध्यक्षसम्मको जिम्मेवारी सम्हालेर हाल पार्टीको वैदेशिक रोजगार फाँटमा काम गरिरहेकी सुवर्ण श्रेष्ठलाई खटाएको छ ।

साधारणसभा तथा अधिवेशनमा भाग लिन बिहीबार साँझसम्म ३२० व्यवसायी संस्थाबाट प्रतिनिधि आएको र रुजु गरेर अन्तिम नामावली प्रकाशन गर्ने काम भइरहेको मञ्चका पूर्वउपाध्यक्ष एवं प्रतिनिधि व्यवस्थापनको जिम्मेवारी लिएका मुक्तिनाथ अधिकारीले जानकारी दिए ।

अध्यक्षका लागि सम्भावित प्रतिस्पर्धीहरू क्रमशः बायाँबाट दायाँतर्फ : जनक रावल, मिलन कट्टेल, मुक्तिनाथ अधिकारी, दलवीर भण्डारी, वैकुण्ठ पौडेल 'वैभव' र सरिता घले ।

मञ्चको नेतृत्वका लागि आन्तरिक प्रतिस्पर्धा तीव्र बनेको बताइएको छ । मञ्चमा प्रायः सहमतिमा नेतृत्व चयन भएको इतिहास रहेको भन्दै संस्थापक अध्यक्ष सरोज पोखरेलसहित पूर्वअध्यक्षहरूले गरेको प्रयास बिहीबार रातिसम्म सफल हुन नसकेको बताइएको छ ।

मञ्चको अध्यक्षमा वर्तमान अध्यक्ष जनक रावल, पूर्वउपाध्यक्ष मुक्तिनाथ अधिकारी, महासचिव मिलन कट्टेल, उपाध्यक्ष दलवीर भण्डारी, उपाध्यक्ष सरिता घले, नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वतृतीय उपाध्यक्ष वैकुण्ठ पौडेल वैभवलगायतले अडान राखेको बताइएको छ । अध्यक्षका आकांक्षी सबैले आफ्ना तर्फका »» पृष्ठ २ मा

कांग्रेसमा दुई सभापति !

जीवन शर्मा/मध्यान्ह
काठमाडौं, २८ साउन ।

नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवाले गत कात्तिक १०मै सक्रिय राजनीतिबाट बिदा लिएका थिए । उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहक सभापतिको जिम्मेवारी दिँदै सक्रिय राजनीतिबाट बिदा लिएका नेता देउवा करिब १० महिनापछि जबर्जस्त सभापतिकै दाबीसहित राजनीतिमा फर्किने प्रयासमा छन् ।

सिंगापुर र हङकङको लामो बसाइ र स्वस्थ्य उपचारपछि बिहीबार स्वदेश फर्किएका देउवा चुनदेवीस्थित आफ्नै समूहका नेताहरूले व्यवस्थापन गरेको सम्पर्क कार्यालयमा सभापतिको नेमप्लेटसहितको च्याम्बरमा बसे । समर्थक नेता-कार्यकर्ताले अन्तर्राष्ट्रिय विमानस्थलबाट ठुलो तामझाम र बाजागाजासहित देउवालाई सम्पर्क कार्यालयमा ल्याएका थिए ।

आन्तरिक विवादको चरमोत्कर्षमा रहेको नेपाली कांग्रेसको सभापतिमा साढे ९ महिनापछि दुईजनाको दाबी देखिएको हो । विशेष महाधिवेशनले नयाँ नीति र नेतृत्व परिवर्तन गरेपछि पार्टी विधान र निर्वाचन ऐनअनुसार निवर्तमान सभापति बनेका शेरबहादुर देउवा पुनः सभापतिको 'नेमप्लेट' लेखेर सम्पर्क कार्यालयमा »» पृष्ठ २ मा

देउवा पक्षको राष्ट्रिय भेला आज

नेपाली कांग्रेसको देउवा समूहले आज सुकेधाराको मिराकल पार्टी प्यालेसमा राष्ट्रिय भेला गर्दै छ । भेलालाई पूर्वसभापति देउवाले सम्बोधन गर्ने तयारी रहेको उक्त समूहका प्रचार संयोजक मीन विश्वकर्माले बताए । भेलामा ३ हजार पाँच सय महाधिवेशन प्रतिनिधि सहभागी हुन आउने नेताहरूको दावी छ । पूर्वमहामन्त्री डा.शशांक कोइराला नेतृत्वमा ५५५ सदस्यीय भेला आयोजक समिति बनाइएको छ । व्यवस्थापनका लागि उपसमितिहरू बनाइएको छ । 'भेलामा कम्तीमा ३५ सय महाधिवेशन प्रतिनिधि आउने भनेर जनाकारी गराएका छन्,' नेता गुरु बरालले भने । सोही भेलाबाट कांग्रेसमा नयाँ दलको प्रस्तावसमेत आएको थियो । यद्यपि देउवाको सहभागिता र अदालतको निस्साका कारण पार्टी फुटबाट भने बचेको नेताहरूले दाबी गरेका छन् ।

NAIMA NEPAL mobility Expo' 2026
Nepal's Largest Auto Expo

55+ BRANDS
40+ LAUNCHES

AUGUST 11TH - 16TH, 2026
SHRAWAN 26TH - 31ST, 2083

BHRIKUTIMANDAP, KATHMANDU

FREE PARKING
FREE LEARNING SESSIONS

TICKETS ARE LIVE ON
khalti by IME

SCAN QR TO BUY TICKETS

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

कभर स्टोरी

८६ अर्ब डलर, १० हजार...

बितेका नौ वर्षमा नेपालमा ८६ अर्ब ४५ करोड डलर रेमिट्यान्स भित्रियो । तर, पैसा पठाउनेमध्ये १० हजार ५६० नेपाली फर्केनन् । त्यो भनेको औसतमा हरेक एक अर्ब डलरको बदलामा १२२ जना हुन आउँछ ।

गत वर्ष ४७ हजार ७९ अर्थात् ५.६ प्रतिशत कम भयो । विभागले यसको एउटा कारण अमेरिका र इरानबीचको युद्धले खाडीतर्फका उडान प्रभावित हुनु भनेको छ । अर्थात् विदेश जानेको संख्या घट्नु कुनै नीतिको उपलब्धि होइन, आकाशको अवरोधको कारण हो ।

बाँकी हिसाब पहिलेकै छ । गत वर्ष श्रम स्वीकृति लिनेमध्ये ६ लाख ९७ हजार ९६ अर्थात् ८८ प्रतिशत पुरुष र ९५ हजार ९१ अर्थात् १२ प्रतिशत महिला थिए । व्यक्तिगत रूपमा नयाँ श्रम स्वीकृति लिनेको संख्या १ लाख २८ हजार ५२० पुग्यो र सरकार-सरकार प्रणाली (जिटुजी)बाट ८ हजार १९७ जना । तर, गन्तव्यको नक्सा एकोहोरो छ । संयुक्त अरब इमिरेट्स करिब १ लाख ८३ हजार (२३.१७ प्रतिशत), मलेसिया १ लाख ३२ हजार, कतार १ लाख ३२ हजार, साउदी अरब १ लाख २४ र कुवेत ४३ हजार गरी पाँच देशमै ६ लाख १६ हजार कामदार गइरहेका छन् । अर्थात् कुल स्वीकृतिको ७७.७९ प्रतिशत । युरोपतर्फ रोमानियामा करिब ३४ हजार, जापान २२ हजार र साइप्रस ११ हजारले नयाँ बाटो खोलेका छन् ।

बितेका ११ वर्ष आर्थिक वर्ष २०७२/७३ देखि २०८२/८३ सम्मका मात्रै विभागले करिब ५.४ लाखभन्दा बढी श्रम स्वीकृति जारी गरिसकेको छ । जनगणना २०७८ले २१ लाख ९० हजार ५९२ नेपाली सामान्यत: विदेशमै बस्ने गरेको देखाएको छ । हरेक चारमध्ये करिब एक घर परिवारबाट विदेश जाने गरेको देखिएको छ । आर्थिक सर्वेक्षणअनुसार गत फागुनसम्मै ८५ हजार ३०६ विद्यार्थीले वैदेशिक अध्ययन अनुमतिपत्र लिइसकेका थिए ।

यता के छ र बस्नु ?

कागजमा नेपालको श्रम बजार आकर्षक देखिन्छ । १ साउन २०८२ देखि लागू न्यूनतम पारिश्रमिक मासिक १९ हजार ५५० रुपैयाँ छ । दैनिक हिसाबमा ७५४ र प्रतिघण्टा १०१ ज्याला पाइन्छ । यसमाथि सामाजिक सुरक्षा कोषमा रोजगारदाताको योगदान र नियुक्तिपत्र अनिवार्य गरिएको छ । व्यवहारमा त्यो कागज कमैले देखेका छन् । काठमाडौंकै पसल, होटल र धेरै कारखानामा कार्य समय दिनको १२ घण्टा र हातमा पर्ने रकम १२ देखि १७ हजार मात्र छ । न नियुक्तिपत्र, न सामाजिक सुरक्षा कोष, न ओभरटाइम । घण्टाको हिसाब गर्दा त्यो कानुनी न्यूनतम पारिश्रमिकको आधाभन्दा नि कम हो । जीवनस्तर सर्वेक्षण (चौथो, २०७९/८०)ले दैनिक ज्यालादारीबाहेक मासिक तलब बुझ्ने श्रमिक जम्मा २८.७ प्रतिशत देखाएको थियो । अर्थात् औपचारिक तलब लिने नै धेरै कम छ । २०८३ साउन २० गतेको प्रतिवेदनअनुसार, सामाजिक सुरक्षा कोषमा जम्मा २३ हजार ६४८ रोजगारदाताका ७ लाख २६ हजार २४२ कामदार मात्र सूचीकृत छन् । यसले औपचारिक क्षेत्रमा काम गर्ने व्यक्तिसमेत सामाजिक सुरक्षा कोषको दायरामा नआएको प्रस्ट पारेको छ ।

तुलना अझ निर्मम छ । राष्ट्रिय तथ्यांक कार्यालयले आइएलओको सहयोगमा गत असार २३ गते सार्वजनिक गरेको आप्रवासी भर्ना लागत सर्वेक्षणअनुसार, विदेश पुगेका नेपाली कामदारको पहिलो मासिक आम्दानी औसत ५४ हजार ४०३ रुपैयाँ छ । त्यसमा पनि मलेसियामा ५७ हजार ६९६ छ । स्वदेशी १२ घण्टे १७ हजारसँग यो पारिश्रमिक राखेर हेर्नुहोस्, विमानस्थलको देखिएको लाइनको व्याख्या गर्नै पर्दैन ।

अनि निर्मम विरोधाभास छ, रियादमा जागिर पाउनु काठमाडौंमा पाउनुभन्दा सजिलो छ । म्यानपावरमा नाम टिपाए तीन हप्तामा भिसा प्रक्रिया सुरु हुन्छ, तर यहाँ काम खोजिदिने त्यस्तो कुनै संयन्त्र छैन । सरकारले यसकै लागि श्रम संसार पोर्टलको सुरुवात त गरेको छ तर अहिलेसम्म त्यसलाई उपयोग गर्नेगरी कुनै काम गरेको देखिँदैन । वैदेशिक रोजगारी नेपाली युवाको रहर होइन, यो त वास्तवमै एक रोजगार नीति हो । त्यसैले त राज्यले आफ्ना युवा चुपचाप त्यसैलाई जिम्मा लगाइदिएको छ ।

रेमिट्यान्सको विरोधाभास

प्रतिफल हेर्दा भव्य देखिन्छ । नेपाल राष्ट्र बैंकका अनुसार गत आर्थिक वर्षको जेठ मसान्तसम्मको एघार महिनामै रेमिट्यान्स ३८.२ प्रतिशतले बढेर २१ खर्ब २० अर्ब ८० करोड रुपैयाँ पुग्यो । त्यो भनेको दिनकै करिब ६ अर्ब ८० करोड हो । विदेशी विनिमय सञ्चिति ३७ खर्ब नाघ्यो । राष्ट्रिय तथ्यांक कार्यालयको प्रारम्भिक अनुमानअनुसार गत वर्ष रेमिट्यान्स कुल गार्हस्थ्य उत्पादनको ३३.०२ प्रतिशत पुग्यो जुन संसारकै उच्चतम अनुपातमध्ये एक हो । छिमेकी भारतको यो अनुपात जम्मा ३.५ प्रतिशत रहेको छ ।

इमानदारीका साथ यो पैसाले गरेको काम स्विकार्नैपर्छ । गरिबीको रेखामुनिको जनसंख्या २०५२/५३ मा ४१.७६ प्रतिशत थियो । अहिले २०.२७ प्रतिशतमा झर्नुको सबैभन्दा ठुलो शक्ति रेमिट्यान्स हो । यसैले द्वन्द्व, भूकम्प र कोभिड महामारीमा परिवारको गाँस जुटायो ।

तर यो तथ्यांक अधुरो छ भन्ने यस वर्षको आँकडाले नै देखाउँछ । ११ महिनामा रेमिट्यान्स नेपाली रुपैयाँमा ३८.२ प्रतिशतले बढ्दा अमेरिकी डलरमा भने २९.६ प्रतिशत मात्र बढेको छ । अर्थात् चर्को देखिने वृद्धिको झन्डै एकचौथाइ रुपैयाँको अवमूल्यनले बढाइदिएको हो । विश्व बैंकको नेपाल डेभलपमेन्ट अपडेट पनि यसै भन्छ । कामदार जाने संख्या घट्दा पनि विप्रेषण बढ्नुका तीन कारण छन्, रुपैयाँको अवमूल्यन, युरोप र जापानजस्ता उच्च ज्याला भएका गन्तव्यतर्फको विविधीकरण र औपचारिक तथा डिजिटल माध्यमको बढ्दो प्रयोग ।

यसको सही उपचार क्लासिक 'डच डिजिज' हो । विश्व बैंककै विश्लेषणअनुसार बढ्दो रेमिट्यान्सले आन्तरिक मूल्य उकास्छ, वास्तविक विनिमय दर बलियो बनाउँछ र नेपाली उत्पादनको प्रतिस्पर्धा खिईँदै जान्छ । परिणाम आँकडामै छ । गत वर्ष व्यापार घाटा ११.२ प्रतिशतले बढेर १० खर्ब ९८ अर्ब पुग्यो । निर्यात बढेको आफ्नै उत्पादनका कारण होइन । आयातित कच्चा तेल प्रशोधन गरी पुनर्निर्यात गर्ने सहुलियतको मुख्य कारण हो । सबैभन्दा तितो यथार्थ, विश्व बैंकले गत वर्षको वास्तविक आर्थिक वृद्धि सरकारी अनुमानभन्दा कम २.३ प्रतिशत रहने प्रक्षेपण गरेको छ । सरकारले ३.८५ प्रतिशतको आर्थिक वृद्धि प्रक्षेपण गरेको थियो ।

रेमिट्यान्स भित्रिएको रेकर्ड बने पनि अर्थतन्त्र चलायमान बनाउन नसक्नुको कारण पनि यसैभित्र छ । रेकर्डको यात्रालाई दुर्वैतिरबाट ऋणले च्यापेको छ । भर्ना लागत सर्वेक्षणले देखाएअनुसार फर्केका ६५.३ प्रतिशत श्रमिकले वैदेशिक रोजगारी पाउन कुनै न कुनै शुल्क तिरेका थिए । पुरुषले औसत १ लाख ७६ हजार ६८६ र महिलाले २ लाख १९ हजार ३६२ रुपैयाँ खर्चेका छन् । त्यो उठाउँदै औसत ३.३ महिनाको कमाइ सकिन्छ । महिलाका हकमा ४.५ र दर्ता नभएका एजेन्टमार्फत गएका हकमा ४.८ महिना । 'फ्रि भिसा, फ्रि टिकट' नीतिले एजेन्सी शुल्क १० हजारमा सीमित गरे पनि म्यानपावर कम्पनीले विभिन्न प्रक्रियागत सहजीकरणका लागि डेढदेखि तीन लाख रकम लिने गर्छन् । करोडौं खर्च गरेर गैरकानुनी माध्यमबाट जानेको कथा अलग छ । अधिकांश ऋण काढेरै जान्छन्, कति त वार्षिक ३६ प्रतिशतसम्म ब्याजमा ।

अर्कोतिर ऋण चक्र सुरु हुन्छ । मासिक रेमिट्यान्सलाई नै आम्दानीको प्रमाण बनाएर दिइने हायर पर्चेज कर्जा गत पुस मसान्तसम्ममै १ खर्ब ३७ अर्ब ८१ करोड नाघ्यो । जुन ६ महिनामा ७.१ प्रतिशतले बढ्यो । जबकि समग्र कर्जा विस्तार ३.६ प्रतिशतमै सीमित रह्यो । यसमा सहकारी, लघुवित्त र हायर पर्चेज कम्पनीले दिएको अर्बौं रकमको कुनै एकीकृत अभिलेख उपलब्ध छैन । परिवारले चर्को ब्याजमा ऋण काढेर सन्तान विदेश पठाउँछ । उसको आम्दानी आयातित मोटरसाइकलको किस्ता बनेर फर्कन्छ ।

सीपको लेखाजोखा

विदेशका श्रमबजारमा हामी के बेचिरहेछौं ? यहाँ एउटा रोचक तथ्यांक छ । वैदेशिक रोजगार विभागकै गत वर्षको वर्गीकरणअनुसार करिब ४ लाख ८३ हजार अर्थात् ६०.९ प्रतिशत 'दक्ष' कोटीमा परेका छन् । अदक्ष १ लाख ९० हजार (२४ प्रतिशत), अर्धदक्ष १ लाख १५ हजार र उच्च दक्ष जम्मा १ हजार ९६ छन् । केही वर्षअघिसम्म विभागको तथ्यांकमा अदक्षको संख्या ७५ प्रतिशतसम्म हुन्थ्यो । यो वास्तविक सुधार हो वा कागजी ? यो मूलत: गन्तव्य कम्पनीले पठाएको मागपत्रमा लेखिएको दक्ष, अदक्षको वर्गीकरणबाट तय हुन्छ, कामदारले प्राप्त गरेको प्रमाणीकृत सीपबाट होइन । सीपको जाँच आम्दानीले गर्छ । आम्दानीले फरक तथ्य देखाउँछ । भर्ना लागत सर्वेक्षणअनुसार साँच्चिकै सीपयुक्त पेसामा पुगेकाको मासिक औसत आम्दानी ६९ हजार ८९१ रुपैयाँ छ, तर समग्र मध्यका ४४ हजार ५ सयले मात्र । यसको अर्थ थोरैले धेरै कमाउँछन्, धेरैले थोरै । अझै पनि अदक्ष श्रमिक नै खाडीको पचास डिग्रीमा थ्री डी अर्थात् डर्टी, डिफिकल्ट, डेन्जरस काममा खटिन्छन् । मृत्यु हुनेमा ठुलो संख्या यही समूहको हो ।

फिलिपिन्ससँग तुलना गर्दा हाम्रो असफलताको आकार प्रस्ट हुन्छ । फिलिपिनी कामदारले सन् २०२५मा मात्र ३५ अर्ब ६३ करोड डलर पठाए, तर त्यो उनीहरूको अर्थतन्त्रको जम्मा ७.३ प्रतिशत हो । फिलिपिन्सले नर्स, प्राविधिक र हेरचाहकर्मी अर्थात् प्रमाणपत्रसहितको सीप पठाउँछ । नेपालले अदक्ष श्रमिक पठाउँछ, फिलिपिन्सले पेसाकर्मी । प्रमाण नेपालमै छ । दक्षिण कोरियाको रोजगार अनुमति प्रणालीअन्तर्गत भाषा र सीप परीक्षा पास गरेर जाने नेपालीले मासिक तीन-चार लाख कमाउँछन् । हालसम्म करिब १ लाख २४ हजार नेपाली पुगिसकेका छन् । तर, राज्यको सीप संयन्त्र छरिएको छ र प्रमाणीकरण गन्तव्य देशले चिन्दैन । आर्थिक सर्वेक्षणअनुसार उच्च शिक्षाका ७ लाख ४५ हजार ७७० विद्यार्थीमध्ये ५०.५ प्रतिशत व्यवस्थापनमा छन्, कृषिमा जम्मा ०.१५ प्रतिशत ।

अनि, उल्टो बहाव हेर्नुहोस् । नेपालका सिमेन्ट, स्टिल र फर्निचर कारखानाका मेसिन धेरैजसो विदेशी प्राविधिकले चलाउँछन् । जलविद्युत् र पूर्वाधार आयोजनाका इन्जिनियर, बैंक बिमाका विशेषज्ञ, होटलका सेफदेखि सहरका सिकर्मी डकर्मीसम्म आयातित छन् । तर, श्रम तथा व्यवसायजन्य सुरक्षा विभागका अनुसार, आर्थिक वर्ष २०८१/८२मा ७४ देशका जम्मा २ हजार ३ सय विदेशीले श्रम स्वीकृति लिएका थिए । यो संख्या नै सूचना हो । काम गरिरहेका विदेशीको ठुलो संख्या कुनै अभिलेखमा छैन र तिनले नगदै लैजाने रकम कुनै तथ्यांकले समेट्दैन । हामी आफ्नो युवा सस्तोमा निर्यात गर्छौं र त्यही युवालाई सिकाउन नसकेको सीप महँगोमा आयात गर्छौं । यो कुनै अर्थशास्त्रको मोडेल होइन, नीतिगत आत्मसमर्पणको लेखाजोखा हो ।

भत्किँदो घर

सबैभन्दा मौन क्षति घरभित्रै छ । अब त्यो अदालतको लगतमा देखिन थालेको छ । सर्वोच्च अदालत वार्षिक प्रतिवेदनअनुसार, तीनै तहका अदालतमा दर्ता भएका मुद्दामध्ये सबैभन्दा बढी संख्या सम्बन्धविच्छेदकै छ । ४२ हजार ७३९ मुद्दा, जुन कुल मुद्दाको ११.५१ प्रतिशत हुन आउँछ । जनगणनाअनुसार देशमा १ करोड ४८ लाख विवाहित नागरिक छन् । वर्षमा ४० हजार दम्पती अदालतको ढोकामा धाउन थालेका छन् ।

फिरादपत्रले कारण खोल्दैन, तर वरिपरिको वातावरण दुई सरकारी सर्वेक्षणले खोल्छ । नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को स्टेप्स सर्वेक्षणमा मदिरा सेवन गर्ने जनसंख्या सन् २०१३को १७.४ प्रतिशतबाट सन् २०१९मा २०.८ प्रतिशत पुग्यो । गृह मन्त्रालयको लागुऔषध प्रयोगकर्ता सर्वेक्षण, २०७६ले १ लाख ३० हजार ४२४ प्रयोगकर्ता देखायो । जुन २०६३ को ४६ हजार ३०९ भन्दा झन्डै तीन गुणा हो र वार्षिक ५.०६ प्रतिशतका दरले बढिरहेको छ ।

कुलत र लागुऔषध उपचारको ढोका भने साँघुरो छ । गृह मन्त्रालयका अनुसार देशभरका ३३० उपचार तथा पुनर्स्थापना केन्द्रमा करिब ५ हजार जना मात्र छन् । अर्थात् २५ मध्ये २५ जना कुनै संरचनाको पहुँचबाहिर, गाउँकै भट्टी र टोलमा छन् । मदिरा पिउने श्रीमान्बाट महिलाले घरेलु हिंसा भोग्ने सम्भावना करिब दोब्बर हुने नेपाली अध्ययन नै छन् । रेमिट्यान्सले घर बनायो, तर घरभित्रको मान्छे उपचारविहीन छ ।

जो नपुगेको छ, त्यो बालबालिकाको जीवनमा पनि छ । बुबा १० वर्ष अनुपस्थित रहेको घरमा हुर्केको बालकले पैसा पाउँछ, अभिभावकत्व पाउँदैन । युनिसेफले नेपालमा गरेको सर्वेक्षणमा बाल हेरचाहमा बुबाको संलग्नता जम्मा ६ प्रतिशत देखिएको थियो । त्यो बुबाहरू देशमै हुँदाको अंक हो । अभिभावकीय अनुपस्थितिले पढाइ कमजोर हुने, विद्यालय छाड्ने, लागुपदार्थको सहारा र किशोरका व्यवहारजन्य समस्या बढाउने कुरा युनिसेफ नेपालले नै औंल्याएको छ । रेमिट्यान्सले सन्तानको विद्यालयको शुल्क त तिर्छ, त अभिभावकत्व उपस्थिति किन्न सक्दैन ।

फर्कनलायक देश

विदेश जानेको लहर अब पेसागत क्षेत्रमा पुगेको छ । नेपाल मेडिकल काउन्सिलका अनुसार, सन् २०२५ मा २ हजार १२२ चिकित्सकले नयाँ लाइसेन्स लिँदा त्यही वर्ष विदेश जान २ हजार ३९० जनाले 'गुड स्ट्यान्डिङ सर्टिफिकेट' लिए । अर्थात्, उत्पादन गर्नेभन्दा २६८ बढी । सन् २०२० यता १३ हजार १४० जनाले लाइसेन्स लिँदा ११ हजार ६८ जनाले विदेश जाने प्रमाणपत्र लिइसकेका छन् । यस्तै, देशले उत्पादन गरेको कुल चार्टर्ड एकाउन्टेन्टमध्ये आधा जति विदेश पुगिसकेका छन् । अधिकांश युएई, साउदी, क्यानाडा, अस्ट्रेलिया, कतार, युके, अमेरिका, भारत आदि देशमा छन् । एउटा तथ्य के हो भने पठाइएको श्रम फर्कन सक्छ, तर त्यागिएको नागरिकता फर्कँदैन । अनि, परिवार नै लिएर जाने आप्रवासीले पैसा पठाउन छाड्छ । यसको अर्थ, आप्रवासन रोक्नुपर्छ भन्ने होइन । त्यो अधिकार हो । तर, राज्यले रेमिट्यान्सका रुपमा २१ खर्ब रुपैयाँ भित्र्याउँछ भने त्यसको सामाजिक बिल पनि उसैले बुझ्नुपर्छ ।

फेरि बाँकेका रमेशतर्फ फर्कौं । उनले चार कुरा खोजेका छन् । पहिलो, उनी आफ्नो जग्गा नखाने ब्याजको ऋण चाहन्छन् । ३६ प्रतिशत ब्याज तिर्नुपर्ने साहुलाई विस्थापित गरे सहुलियत पूर्वप्रस्थान कर्जा र रेमिट्यान्सलाई किस्ता उपभोगबाट उद्यमतिर लगाउने नीति । दोस्रो, उनी नेपालमै बस्न सकिनेगरी कानुनले तोकेकै ज्याला चाहन्छन्, न्यूनतम पारिश्रमिक र सामाजिक सुरक्षा ग्यारेन्टी । तेस्रो, उनी जानैपरे सीपसहित विदेश जान चाहन्छन् । गन्तव्य बजारकै मागसँग जोडिएको तालिम, गन्तव्य देशले चिन्ने सीप प्रमाणीकरण, कोरियाको इपिएसजस्ता जिटुजी सम्झौताको विस्तार र फर्केर आएकाको अनुभवलाई स्वदेशी उद्योगमा खपत गर्ने संयन्त्र । चौथो, हरेक पालिकामा एक्लै बस्ने श्रीमती, अनुपस्थित बुबाका बालबालिका र फर्केका श्रमिकका लागि मनोसामाजिक परामर्शजस्ता आप्रवासनसँग जोडेर हेर्ने राष्ट्रिय अध्ययन । सबैभन्दा महत्वपूर्ण कुरा, नरेनापुरमै यस्तो विद्यालय होस् जहाँ पढेपछि सन्तानले भविष्यमा काम खोज्दै विमानस्थलको लाइनमा बस्नु नपरोस् । शिक्षक, चिकित्सक, नर्स र लेखा व्यवसायीलाई स्वदेशमै टिकाउने पारिश्रमिक र सामाजिक सुरक्षा ।

भिसा पर्खेर बसेका रमेश भन्छन्, 'साउदी फर्कने रहर छैन ।'

गाउँले...

६० अर्ब रुपैयाँको खाद्यान्न भित्र्यायो, जसमा धान र चामल मात्रै करिब ७ लाख ४१ हजार टन थियो । सबैभन्दा लज्जास्पद त, रैथाने मानिने कोदो १ करोड २१ लाख किलो र फापर ३३ लाख २६ हजार किलो पनि आयात गरियो ।

खेतसँगै जाने भनेको गाउँ नै हो । काभ्रे, संखुवासभा, पाल्पा, अर्घाखाँची, दार्चुला र गोरखाका धेरै टोलमा अहिले काम गर्ने उमेरका पुरुष भेट्न गाह्रो छ । जनगणना २०७८ले हिमाली र पहाडी ३२ जिल्लामा जनसंख्या वृद्धिदर ऋणात्मक भएको र देशको समग्र वृद्धिदर ०.९२ प्रतिशत अर्थात् आठ दशकयताकै न्यून रहेको देखायो । विदेशमा रहनेमध्ये ८२.२ प्रतिशत पुरुष छन् । विद्यालय गाभिन्छन् र स्वास्थ्य चौकीले कर्मचारी टिकाउन सक्दैनन् । सिरहादेखि बैतडीसम्मका रिपोर्टले एउटै दृश्य देखाएका छन्- मर्दापर्दा, रोपाइँ र मलामीका लागि गाउँमा मान्छे पुग्दैनन् । गरिबी पनि त्यहीं थुप्रिएको छ । जीवनस्तर सर्वेक्षणअनुसार ग्रामीण क्षेत्रमा २४.६६ प्रतिशत र कर्णालीमा २६.६९ प्रतिशत गरिबी छ ।

(दीक्षित चार्टर्ड एकाउन्टेन्ट हुन् ।)

कांग्रेसमा...

पदासीन भएपछि कांग्रेसमा नयाँ तरंग उत्पन्न भएको छ । तर, उनी पार्टी कार्यालय गएर पुरानो च्याम्बरमा भने बस्न पाएका छैनन् ।

तत्कालीन महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले पद छाड्न चर्को दबाब दिएपछि उनले खड्कालाई कार्यवाहक सुम्पिँदै सक्रिय राजनीतिबाट बिदा लिएको सन्देश दिएका थिए । यो बीचको अवधिमा कांग्रेसको आन्तरिक झगडा थप पेचिलो बन्दै गयो । पछिल्लोपटक फागुन १३मा थप स्वास्थ्य उपचारका लागि सिंगापुर गएका देउवा करिब ६ महिनापछि शुक्रबार स्वदेश फर्किएका हुन् । नेपाल फर्किएलगत्तै देउवा आफूनिकट नेताहरूले व्यवस्थापन गरेको चुनदेवीस्थित सम्पर्क कार्यालयमा 'शेरबहादुर देउवा, सभापति' लेखिएको च्याम्बरमा बसेका हुन् ।

देउवाले विमानबाट झरेसँगै आफू शक्ति प्राप्तिका लागि नभई राष्ट्रिय एकता सुदृढ गर्न स्वदेश फर्किएको सन्देश दिएका थिए । सरकारलाई जनताको परिवर्तनको आकांक्षा सम्बोधन गर्न आग्रह गर्दै उनले राजनीतिक आग्रह-पूर्वाग्रहबाट टाढा रहनसमेत सुझाव दिए । 'जनतामा अहिले परिवर्तनको ठुलो आकांक्षा देखिएको छ,' उनले भनेका छन्, 'त्यसलाई सम्बोधन गर्नुपर्ने वर्तमान सरकारको दायित्व हो । आफ्नो दायित्व भुलेर राजनीतिक आग्रह-पूर्वाग्रह साध्ने हो भने त्यो सत्तारुढ दल र मुलुककै लागि हितकर हुँदैन ।' परिवर्तन व्यवस्थापनको प्रक्रियामा सहयोग गर्न तयार रहेको उल्लेख गर्दै देउवाले आफूहरू अन्धाधुन्ध नदौडिने, विवेक, पारदर्शिता र न्यायका आधारमा रूपान्तरणलाई अघि बढाउने बताएका थिए । तर, उनको भनाइ र वास्तविक व्यवहारमा भने फरक देखिएको छ । उनी सभापति लेखिएको च्याम्बरमा बस्नुका साथै भाषणमा समेत कडा रूपमा प्रस्तुत भए ।

उता, सानेपास्थित नेपाली कांग्रेसको केन्द्रीय कार्यालयमा सभापति गगन थापा नेतृत्वको कांग्रेस क्रियाशील छ । देउवाको स्वदेश फिर्ती र सभापतिकै रूपमा गरिएका आसनसँगै नेपाली कांग्रेसमा दुई कार्यालय र दुई सभापतिको समानान्तर अभ्यास सुरु भएको हो । योसँगै कांग्रेसमा शक्ति संघर्ष र ध्रुवीकरणको दबाब बढेको विश्लेषकहरू बताउँछन् । देउवा पक्षको राष्ट्रिय भेला आयोजक समितिका संयोजक तथा पूर्वमहामन्त्री डा.शशांक कोइरालाले समेत देउवा नै सभापति भएको दाबी गरेका छन् । सभापतिको जिम्मेवारीका विषयमा कुनै कानुनी अड्चन वा 'स्टे अर्डर' नरहेको उनले दाबी गरे । 'सानेपा कांग्रेस छुट्टिएर गएको छ,' उनले भने, 'अहिले पनि नेपाली कांग्रेसका सभपाति शेरबहादुर देउवा नै हो । स्टे अर्डर आएको छ कि छैन ? हाम्रो प्रयास एक गर्न रहन्छ ।'

इतरसमूहमा लामो समयदेखि कसलाई नेतृत्व मान्ने भन्ने अन्योलकै बीच साउन ९ गतेको बैठकले पूर्वमहामन्त्री शशांक कोइरालालाई टिमको संयोजक तोकिएको थियो । चुनदेवी कांग्रेस बैठकबाट संयोजकको भूमिका पाएका नेता कोइरालाले शुक्रबार राष्ट्रिय भेलाको संयोजन गरेका छन् । सोही भेलालाई सम्बोधन गर्न देउवासमेत आइपुगेका हुन् ।

देउवाको सक्रियतासँगै उनको समूहका नेताहरू र गत १४औं महाधिवेशनमा देउवासँग सभापतिमा प्रतिस्पर्धा गरेका नेता डा.शेखर कोइरालासमेत एकाकार भएका छन् । यसले संस्थापनसँगको बार्गेनिङ बढाउन र आफ्नो टिम बलियो बनेको देउवा समूहका नेताहरूको विश्वास छ । विशेष महाधिवेशनपछि थप झमेलामा रहेको कांग्रेसको आधिकारिकता विवाद माघको अन्तिम साता नै टुंगिएको थियो । यद्यपि पार्टीको आधिकारिकता विवादका सम्बन्धमा निर्वाचन आयोग र सर्वोच्चले गरेको आदेशप्रति चित्त नबुझेको भन्दै अन्तिम परीक्षणको माग गरेको देउवा पक्षलाई सर्वोच्चले पुन:परीक्षणको निस्सा दिएको छ ।

अदालतको निस्सा र देउवाको आगमनपछि संस्थापनइतर पक्षका नेताहरूमा उत्साह थपेको देउवानिकट नेता गुरु बरालले बताए । उनले मध्यान्हसँग भने, 'सर्वोच्च अदालतको विशेष महाधिवेशनको पक्षमा गरेको फैसलामा त्रुटिपूर्ण छ र दलीय ऐन-कानुनबामोजिम छैन भन्ने आशयका साथ पुन: परीक्षणको निस्सा दिएपछि हामीले १४औं महाधिवेशनबाट निर्वाचित सभापति देउवालाई स्वत: सभापति मानेका हौं ।' देउवाको आगमन र अदालतको निस्साले आमकांग्रेसजनमा स्वस्फूर्त उत्साह थपेको उनको दाबी छ । यद्यपि पार्टी कार्यालयमा जाने आँट भने नेताहरूले गरेका छैनन् ।

सभापति गगन थापाले पार्टी कार्यालयमा भएको केन्द्रीय समितिको बैठकमा पूर्वप्रधानमन्त्री तथा पूर्वसभापतिको हैसियतमा देउवालाई नेपालमा स्वागत गरेको बताएका थिए । स्वास्थ्य उपचारपछि स्वदेश फर्किएकोमा स्वागत गर्दै पूर्ण स्वास्थ्यलाभको कामना गरेको पार्टी प्रवक्ता देवराज चालिसेले बताए । 'हामीले देउवाको राजनीतिक योगदानको प्रशंसा गर्दै पार्टीको वैधानिक परिवर्तनलाई संस्थागत गर्न र समयसापेक्ष तथा गतिशील कांग्रेस निर्माणमा निवर्तमान सभापतिका रूपमा अभिभावकीय भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरेका छौं,' उनले भने ।

कांग्रेस संस्थापन पक्षले १५औं महाधिवेशनको प्रक्रिया अघि बढाइसकेको छ । तर, देउवा समूहले विशेष महाधिवेशनबाट आएको नेतृत्वको निर्णय नमान्ने दाबी गर्दै आएको छ । आगामी महाधिवेशनका सन्दर्भमा पार्टीको क्रियाशील सदस्यता अध्यावधिकको विषयलाई संस्थापनइतरले मूल मुद्दा बनाएका हुन् । विशेषबाट आएको नेतृत्वले पार्टी कब्जा गरेको उक्त समूहका पूर्वकेन्द्रीय सदस्य उषा राउत मिश्राले बताइन् । १५औं महाधिवेशनको प्रक्रिया र तालिका सर्वस्वीकार्य हुनुपर्ने भन्दै उनले भनिन्, 'गत माघमै नियमित महाधिवेशनको आवश्यक तयारी अघि बढेको र क्रियाशील सदस्यतासमेत नवीकरण भइसकेको अवस्थामा विशेष महाधिवेशनका नाममा पार्टीलाई हाइज्याक गर्ने काम भयो ।' सानेपा पक्षका कांग्रेसले नै कांग्रेस फुटाउन खोजेको उनको आरोप छ । 'हामी पार्टी टुक्र्याउने पक्षमा छैनौं, तर त्यसो भन्दैमा अध्यावधिक नगरे कांग्रेस नै रहँदैनौ भन्दैमा लत्रिएर जाने अवस्था रहँदैन,' उनले मध्यान्हसँग भनिन् ।

नेपाली कांग्रेस सहज परिस्थितिमा स्थापित भएको पार्टी नभई देशमा अप्ठ्यारो अवस्था आउँदा स्थापना भएको उनले बताइन् । उनले भनिन्, 'अहिले पनि कांग्रेसले नै नेतृत्व लिनुपर्ने परिस्थिति आएकाले देउवालाई फेरि सक्रिय राजनीतिमा माग भएको हो ।' शुक्रबारको राष्ट्रिय भेलाको सन्देश पनि पार्टी एकता र नियमित महाधिवेशनको नै भएको मिश्राले दाबी गरिन् ।

आज...

बलिया तर्कहरू पूर्वअध्यक्षहरूको छलफलमा राखिरहेका बताइएको छ ।

अध्यक्ष रावलले आफू मञ्चमा निर्वाचनका माध्यमबाट अध्यक्ष हुन नपाएको र अध्यक्ष भएको अवस्थामा संघमा दुई-दुई पटक अध्यक्ष जिताएको तथा हालको संघ नेतृत्वलाई मञ्चका तर्फबाट बल पुऱ्याउन आफू दोहोरिन चाहेको बताएका छन् ।

पूर्वउपाध्यक्ष अधिकारीले आफू मञ्चमा अनुभवी र एकमात्र साझा व्यक्ति भएको भन्दै निर्वाचनभन्दा सहमतिमा अध्यक्षको जिम्मेवारी पाउनुपर्ने पक्षमा रहेको बताएका छन् । महासचिव कट्टेलले आफू योग्य हुँदाहुँदै संघको निर्वाचनमा उम्मेदवार नबनेको र मञ्चमा सबै वर्ग तथा क्षेत्रका व्यवसायीलाई समेटेर थप सशक्त बनाउन सक्ने भएकाले अन्य आकांक्षीहरूले आफूलाई समर्थन गर्नुपर्नेमा जोड दिएका छन् । उनले मञ्चमा नवीनता र आकर्षण ल्याउन पनि युवा नेतृत्वमा हुनुपर्नेमा जोड दिएका छन् ।

उपाध्यक्ष भण्डारीले आफू मञ्चमा सदस्यदेखि विभिन्न पद हुँदै उपाध्यक्षसम्मको जिम्मेवारीमा रहेर अत्यन्तै प्रतिकूल अवस्थामा पनि योगदान दिएको भन्दै उपाध्यक्ष रहेको यस पटक आफू अध्यक्षको स्वाभाविक उम्मेदवार रहेको बताए ।

उपाध्यक्ष सरिता घलेले आफूले लामो समयदेखि मञ्चमा योगदान गरेको भन्दै महिला व्यवसायीलाई अघि बढाउन पुरुष व्यवसायीले यस पटक फराकिलो छाती बनाएर इतिहास निर्माण गर्ने बेला आएको बताएकी छन् । उनले आफू संघको कोषाध्यक्ष भएर एक कार्यकाल काम गरेकोले संघको नेतृत्वलाई बलियो बनाउन पनि आफू योग्य रहेको जिकिर गरेकी छन् ।

अर्का आकांक्षी पौडेलले संघको गत निर्वाचनमा उपाध्यक्ष वा महासचिव जुनसुकै पदमा उम्मेदवार बनेर निर्वाचित हुने सुनिश्चित अवस्था हुँदाहुँदै पनि अन्य समूहसँग तालमेल गरेर जाने मञ्चको निर्णय शिरोधार्य गरेको र त्यतिबेला नै आफूलाई मञ्चको अध्यक्ष बनाउने प्रतिबद्धता जनाइएको बताएका छन् । उनले सहमति भए सहमति, नभए निर्वाचन दुवै अवस्थाका लागि आफू तयारीमा रहेको बताएका छन् ।

महासचिवमा हालका सचिव सोमबहादुर तामाङ, राजेन्द्र अधिकारी, उपमहासचिव दण्डपाणि भट्टराई 'दिलीप'लगायतले इच्छा जाहेर गरेको बताइएको छ ।

मञ्चमा अध्यक्षसहित ३ जना उपाध्यक्ष, महासचिव, उपमहासचिव र ३ जना सचिव गरी ९ पदाधिकारी रहने व्यवस्था रहेको छ ।

मध्यान्ह
www.madhyanhadaily.com

भुसको आगोझैं फैलिँदै लागुपदार्थ दुर्व्यसन

सपना बोहरा/मध्यान्ह
काठमाडौं, २८ साउन

एसइई सकिएपछिको खाली समयमा काठमाडौंका १८ वर्षीय किशोर साथीहरूसँग रमाउन थाले । साथीहरू लागुऔषधमा फसिसकेका थिए । उनलाई पनि चाख्न भन्दै हौसाए । उनले पनि ट्याब्लेट खाए । साथीहरूसँग लठ्ठिएर समय बित्न थाल्यो । मिल्ने साथीले नै उनलाई लतमा फसाइसकेका थिए । साथीलाई लतमा फसाउनुको अर्को स्वार्थ थियो- लागुपदार्थको कारोबार ।

'लहैलहैमा लागुपदार्थ प्रयोग गर्रे । सुरुमा सित्तैमै खुवाउने साथीहरूले पछि मलाई नै ग्राहक बनाए,' उनले मध्यान्हसँग भने, 'आफूले सस्तोमा लिएर नाफा खाएर बेच्दा रहेछन् ।' लागुपदार्थ किन्दाकिन्दै ती युवासँग भएको पैसा सकियो । साथी, आफन्तबाट सापट लिएर पनि केही समय काम चलाए । तर, जसरी भए पनि लागुऔषध प्रयोग गर्नेपर्थ्यो । नत्र उनलाई छटपटी र असैत्य हुन्थ्यो ।

त्यसपछि उनले साथीहरूले जस्तै आफ्नै काकाको छोरालाई लागुपदार्थ प्रयोग गर्न सिकाए । पछि उनका भाइलाई लागुपदार्थ बेच्न थाले । 'लागुपदार्थ नभइ हुँदैन, आफूनजिकका साथीभाइलाई सुरुमा प्रयोग गर्न सिकाउने अनि उनीहरूलाई बेच्नुपर्थ्यो,' उनी भन्छन्, 'नाफाबाट आएको पैसाले आफ्ना लागि लागुपदार्थको जोहो गर्नुपर्थ्यो ।'

उनले यसैगरी दुई वर्ष बिताए । दिमागको सोच्ने क्षमतै गुमाउँदै गएको थियो । शरीर लठ्ठिएर चल्नै नसक्ने भयो । त्यसपछि परिवारले उनलाई सुधार केन्द्रमा तीन वर्ष राखेर घरमा ल्याए । तर, अहिले पनि उनी सुस्त मनस्थितिका बिरामी छन् । उनी भन्छन्, 'दुर्व्यसनबाट त छुटकारा

भएँ, तर त्यसको असर दिमागमा परेको छ ।' उनी एकैछिनमा सामान राखेको ठाउँ भुल्छन्, बोलेको कुरा बिर्सन्छन् ।

पछिल्लो समयमा भुसको आगोजस्तै लागुपदार्थको दुर्व्यसनी फैलिएको छ । लागुपदार्थको व्यापारसमेत भइरहेको छ । पछिल्लो समय ठुलो मात्रामा लागुऔषधको कारोबार भइरहेको छ । नेपाल प्रहरी र लागुऔषध नियन्त्रण ब्युरोको आधिकारीक वेबसाइटमा हेर्ने हो भने पनि अधिकांश घटना लागुऔषध कारोबारीसँग सम्बन्धित छन् ।

लागुऔषध नियन्त्रण ब्युरोका प्रवक्ता प्रहरी नायव उपरीक्षक दुर्गाराज रेग्मीले पछिल्लो समय लागुपदार्थ दुर्व्यसनी पनि कारोबारमा संलग्न हुन थालेको बताउँछन् । 'आफूले पनि लागुपदार्थ प्रयोग गर्ने र केही पैसा नाफा छुटाएर बेच्ने गरेको अनुसन्धानमा पाइएको छ,' उनले भने । तर, लागऔषध दुर्व्यसनीको हकमा भने प्रहरीले पक्राउ गर्दैन । 'दुर्व्यसनी आफैंमा बिरामी हुन्, प्रहरीले आफन्तको जिम्मा लगाउँछ,' उनले भने, 'लागुऔषध कारोबारीभन्दा प्रयोगकर्तामा केही कानुनी छुटको पनि व्यवस्था छ ।'

आर्थिक वर्ष २०८२/०८३मा ९९३ मुद्दा दर्ता भएका थिए । जसमा १ हजार ६ जना पक्राउ परेका छन् । १९७ जना विदेशी नागरिक रहेका छन् । कारोबारीको साथबाट ठुलो परिमाणमा लागुऔषधसमेत बरामद हुने गरेको ब्युरोको तथ्यांकमा छ । ब्युरोले मध्यान्ह दैनिकलाई उपलब्ध गराएको विवरण अनुसार, आर्थिक वर्ष २०८२/ ०८३ मा १ हजार ८०७ केजी २४८ ग्राम गाँजा, ४१ केजी ५४ ग्राम चरेस, २३ केजी ४५१ ग्राम हेरोइन, १३ केजी ३४७ ग्राम कोकिन, ४३ केजी ४१२ ग्राम अफिम बरामद गरेको छ । त्यस्तै, एम्पुल ६६,१०३, स्पास्मो ७,६९९, नाइट्रोजेपाम ३४,४४५, कोरेक्स ३२० बोतल, ट्रामाडोल ५,४१,९२७ क्याप्सुल, एम्फेटामाइन ५५० ग्राम, एल एसडी १,०४० पिस, एमडीएमए २१३ ग्राम, बुप्रेनर्फिन धुलो १४ ग्राम, चरेसको तेल ५ लिटर नियन्त्रमा लिएको ब्युरोले जनाएको छ ।

ब्युरोले एम्पुल, नाइट्राभेट, कोरेक्स र ट्रामाडोलजस्ता लागुऔषध ठुलो परिमाणमा बरामद गरेको छ । त्यस्तै गाँजा चरेस, हेरोइन पनि ठुलो मात्रामा बरामद गरेको पछिल्लो तीन वर्षको तथ्यांकले देखाएको छ ।

लागुपदार्थ आफूले पनि प्रयोग गर्ने र नाफा लिएर बेच्ने गरेको अनुसन्धानमा पाइएको छ ।

■ दुर्गाराज रेग्मी
प्रवक्ता, लागुऔषध नियन्त्रण ब्युरो

नेपालमा लागुऔषध प्रयोगकर्ताको संख्या दिन-प्रतिदिन बढ्दै गएको छ । लागुऔषध प्रयोगकर्ताको संख्या मात्रै होइन, सामाजिक र संगठित प्रकारका अधिकांश अपराधमा पनि लागुऔषध जोडिने गरेको प्रहरीको अनुसन्धानले देखाएको छ । गृह मन्त्रालयले ६ वर्षअघि गरेको सर्वेक्षणअनुसार, एक लाख ३० हजारको हाराहारीमा नेपालमा कडा लागुपदार्थ सेवन गर्नेको संख्या छ । त्यसमध्ये सात प्रतिशत महिला छन् । प्रतिवर्ष ११ दशमलव ३६ प्रतिशतका दरले दुर्व्यसनीको संख्या बढ्दै गएको तथ्यांकले देखाएको छ । त्यसयता सरकारले सर्वेक्षण गरेको छैन ।

अधिकांश कक्षा ८ देखि पढ्दै गरेका झन्डै ७० प्रतिशत विद्यार्थी दुर्व्यसनीमा फस्ने गरेको नार्कोनन नेपालका अध्यक्ष एवं पूर्वएसएसपी वसन्तराज कुँवर बताउँछन् । उनको अध्ययनअनुसार, नेपालमा ८० प्रतिशत प्रयोगकर्ता १४ देखि १९ वर्षको उमेरमा कुलतमा फस्छन्, तर तिनीहरू पुनर्स्थापना केन्द्रसम्म आइपुग्न ७ देखि १० वर्ष ढिलो भइसकेको हुन्छ ।

पत्रकार श्रेष्ठमाथि अनुसन्धान गर्न तीन दिन म्याद थप

काठमाडौं/मस- वैयक्तिक गोपनीयताको हननसम्बन्धी कसुरमा पक्राउ परेका जनाआस्थाका सम्पादक किशोर श्रेष्ठलाई तीन दिन म्याद थप गरिएको छ ।

जिल्ला अदालत काठमाडौंले श्रेष्ठलाई तीन दिन म्याद थप गरी अनुसन्धान गर्न अनुमति दिएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक दानबहादुर थापाले जानकारी दिए । उनले भने, 'अदालतबाट तीन दिन म्याद थप गरी अनुसन्धान गर्न अनुमति प्राप्त भएको छ ।' पत्रकार श्रेष्ठलाई प्रहरीले बुधबार राति वैयक्तिक गोपनीयताको हननसम्बन्धी कसुरमा ललितपुरस्थित निजकै निवासबाट पक्राउ गरेको थियो ।

प्रेस काउन्सिलको ध्यानाकर्षण

प्रेस काउन्सिल नेपालले पत्रकार किशोर श्रेष्ठको पक्राउ तथा सञ्चारमाध्यमको कार्यालयमा गरिएको खानतलासीप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । काउन्सिलले बिहीबार एक विज्ञप्ति जारी गर्दै श्रेष्ठको निजी निवास र 'जनआस्था साप्ताहिक'को कार्यालयमा प्रहरीद्वारा गरिएको हस्तक्षेपबारे चिन्ता व्यक्त गरेको हो ।

बुधबार राति पत्रकार श्रेष्ठलाई पक्राउ गरिनुका साथै उनको घरमा खानतलासी गरिएको थियो । त्यसलगत्तै बिहीबार बिहानै प्रहरीले उक्त सञ्चारमाध्यमको कार्यालयमा प्रवेश गरी कम्प्युटरलगायत सामग्री

जफत गरेको काउन्सिलले उल्लेख गरेको छ ।

काउन्सिलले पत्रकारिता क्षेत्रसँग सम्बन्धित विवाद समाधानका लागि विद्यमान कानुनी प्रक्रियातर्फ पनि ध्यानाकर्षण गराएको छ । कुनै सञ्चारमाध्यम वा पत्रकारले आचारसंहिता उल्लंघन गरेको ठानिएमा काउन्सिलमा उजुरी दिने व्यवस्था रहेको र सोही आधारमा स्वअनुगमन, मेलमिलाप, सचेत गराउनेदेखि प्रेस पास निलम्बन वा कालोसूचीमा राख्ने सम्मका कारबाही गर्न सकिने काउन्सिलले स्मरण गराएको छ ।

त्यस्तै, सञ्चारकर्मका क्रममा पत्रकार र सञ्चारकर्मीको व्यवहार, कार्यशैली तथा पेसागत मर्यादाप्रति काउन्सिल उत्तिकै संवेदनशील रहेको उल्लेख गरिएको छ । प्रेस स्वतन्त्रताको नाममा हुने सम्भावित दुरुपयोगप्रति सचेत रहन सबै सञ्चारकर्मीलाई आग्रह गरिएको छ ।

काउन्सिलले सत्य, तथ्य र सन्तुलित पत्रकारितामार्फत पेशागत जिम्मेवारी निर्वाह गर्नुपर्नेमा जोड दिँदै कुनै समाचारप्रति असहमति वा गुनासो भए कानुनी प्रक्रियाअनुसार काउन्सिलमै उजुरी दिन सम्बन्धित पक्षलाई आग्रह गरेको छ ।

उक्त घटनासम्बन्धी पृष्ठभूमिमा, 'जनआस्था साप्ताहिक'मा प्रकाशित एक समाचारले वैयक्तिक गोपनीयता भंग गरेको आरोपमा एक महिलाले उजुरी दिएपछि प्रहरीले पत्रकार श्रेष्ठलाई पक्राउ गरेको हो । सोही क्रममा प्रहरी टोलीले उनको घर र कार्यालयमा खानतलासी गरी केही सामग्री नियन्त्रणमा लिएको जनाएको छ ।

महासंघद्वारा प्रहरी परिसरमा धर्ना

श्रेष्ठको रिहाइको माग गर्दै नेपाल पत्रकार महासंघले काठमाडौं प्रहरी परिसर, भद्रकालीमा धर्ना दिएको छ । श्रेष्ठको तत्काल रिहाइ तथा प्रेस स्वतन्त्रताको पक्षमा महासंघले आयोजना गरेको धर्नामा पत्रकार तथा प्रेस र अभिव्यक्ति स्वतन्त्रताका पक्षधरहरूको सहभागिता रहेका । महासंघले पत्रकारलाई पक्राउ गरी थुनामा राख्ने कार्यले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकारमा असर पार्ने भन्दै श्रेष्ठको रिहाइका लागि दबाबस्वरूप धर्ना दिएको हो ।

बिचौलियाका पाँच तह घटाएर दुई-तीनमा सीमित गर्ने सरकारको तयारी

काठमाडौं/मस- किसानले उत्पादनको उचित मूल्य नपाउने र उपभोक्ताले कृषि उपज महँगोमा खरिद गर्नुपर्ने समस्या समाधान गर्न सरकारले कृषि क्षेत्रको आपूर्ति शृंखला सुधारको अध्ययन थालेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पहलमा किसान र उपभोक्ताबीचको उच्च मूल्य अन्तर घटाउने उद्देश्यले 'आपूर्ति शृंखला सुधारका लागि सुझाव कार्यदल' गठन गरिएको हो ।

कृषि, वन तथा वातावरण मन्त्रालयसहित सम्बन्धित सरोकारवालाबीचको छलफलपछि गठन गरिएको कार्यदलले कृषि उपज उत्पादनदेखि उपभोक्तासम्म पुग्ने प्रक्रियामा रहेका अनावश्यक तह पहिचान गरी आपूर्ति प्रणालीलाई सरल र प्रभावकारी बनाउने विषयमा अध्ययन गरिरहेको छ । कृषि विभागका उपमहानिर्देशक डा.दिवसराज विष्टको संयोजकत्वमा गठित कार्यदलको प्रारम्भिक अध्ययनअनुसार हाल किसानबाट उपभोक्तासम्म कृषि उपज पुग्दा

पाँच तहसम्मका बिचौलिया संलग्न हुने गरेका छन् । सरकारले त्यस्ता अनावश्यक तह घटाएर आपूर्ति शृंखलालाई दुईदेखि तीन तहमा सीमित गर्ने लक्ष्य लिएको छ । कार्यदलको प्रारम्भिक अनुमानअनुसार आपूर्ति शृंखलामा सुधारका सिफारिस कार्यान्वयनमा आए किसानले कृषि उपजबाट प्राप्त गर्ने मूल्यमा करिब ३० प्रतिशतसम्म वृद्धि हुन सक्ने देखिएको छ । यसबाट किसानलाई उत्पादनको उचित मूल्य दिलाउनुका साथै उपभोक्ताले पनि तुलनात्मक रूपमा सस्तोमा कृषि उपज खरिद गर्न सक्ने अपेक्षा गरिएको छ ।

सुधारका लागि आवश्यक ठोस उपाय पहिचान गर्न कार्यदलले देशका १२ वटा प्रमुख कृषि बजार तथा उत्पादनस्थलबाट स्थलगत तथ्यांक संकलन गरिरहेको छ । कार्यदलले उत्पादन, संकलन, ढुवानी, भण्डारण, प्रशोधन, प्याकेजिङ र बिक्री वितरणसम्मका विभिन्न चरणमा हुने लागत तथा मूल्य अन्तरको अध्ययन गरिरहेको जनाएको छ ।

कार्यदलले बजारको मागअनुसार खेती गर्ने प्रणाली विकास, कृषि उपजको भण्डारण तथा प्रशोधन क्षमता विस्तार, प्याकेजिङमा सुधार र उत्पादनदेखि बजारसम्म हुने नोक्सानी न्यूनीकरणका उपायबारे सरकारलाई सुझाव दिनेछ ।

त्यस्तै, किसानले बजारको माग, मूल्य र बिक्रीको अवस्थाबारे समयमै जानकारी पाउने गरी प्रभावकारी बजार सूचना प्रणाली विकास गर्ने विषयलाई पनि कार्यदलले प्राथमिकतामा राखेको छ । बजारसम्बन्धी सूचना सहज रूपमा उपलब्ध गराउन सके किसानले मागअनुसार उत्पादन गर्न सक्ने र बिचौलियामा निर्भरता घटाउन सकिने सरकारको अपेक्षा छ ।

सरकारले खेतबारीबाट सिधै उपभोक्ताको घरसम्म कृषि उपज पुऱ्याउने प्रणालीलाई समेत प्रोत्साहन गर्ने नीति अघि सारेको छ । यसका लागि नयाँ प्रविधि तथा कृषि उपजको प्रत्यक्ष डेलिभरी गर्ने स्टार्टअप व्यवसायलाई प्रोत्साहन गर्ने तयारी गरिएको छ ।

कार्यदलले विगत १५ दिनदेखि स्थलगत रूपमा तथ्यांक संकलन गरिरहेको छ । संकलित तथ्यांक र अध्ययनका आधारमा आपूर्ति श्रृंखलामा देखिएका समस्या पहिचान गरी सुधारका व्यावहारिक उपाय प्रस्ताव गरिनेछ ।

कार्यदलले आगामी एक महिनाभित्र नीतिगत निर्णय र कार्यान्वयनका ठोस उपायसहितको प्रतिवेदन सरकारसमक्ष पेस गर्ने तयारी गरेको छ । प्रतिवेदनका आधारमा कृषि बजार व्यवस्थापन, बिचौलियाको तह न्यूनीकरण, भण्डारण तथा प्रशोधन पूर्वाधार र किसान-उपभोक्ता प्रत्यक्ष सम्बन्ध विस्तारका क्षेत्रमा नीतिगत सुधार अघि बढाउने सरकारको तयारी छ ।

आपूर्ति श्रृंखलामा रहेका अनावश्यक तह घटाउन सके किसानले उत्पादनको बढी हिस्सा प्राप्त गर्ने र उपभोक्ताले पनि कम मूल्यमा कृषि उपज पाउने भएकाले सरकारले यसलाई कृषि क्षेत्र सुधारको महत्वपूर्ण आधारका रूपमा लिएको छ ।

बालबालिका खोजी अभियान तीव्र बनाउँदै सरकार

८ हजार ४३८ फेला, २८६ अझै सम्पर्कविहीन

काठमाडौं/मस- सरकारले हराएका बालबालिकाको खोजतलासलाई तीव्र बनाउँदै उनीहरूको सुरक्षित पारिवारिक पुनर्मिलनका लागि विशेष अभियान सञ्चालन गर्ने तयारी गरेको छ । महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयले 'हराएका बालबालिका खोजतलास तथा पारिवारिक पुनर्मिलन वर्ष-२०८३' सञ्चालन गर्ने तयारी गरेको हो । बालबालिका खोजतलास समन्वय केन्द्र-१०४ को तथ्यांकअनुसार आर्थिक वर्ष २०८२/८३ मा ८ हजार ७२४ बालबालिका हराएको विवरण दर्ता भएको थियो । तीमध्ये ८ हजार ४३८ जना फेला परिसकेका छन् । यो संख्या कुल हराएका बालबालिकाको करिब ९६ प्रतिशत हो । अझै २८६ जना बालबालिका भने फेला पर्न बाँकी रहेको केन्द्रले जनाएको छ । उनीहरूको खोजीलाई प्राथमिकताका साथ अघि बढाउन प्रस्तावित अभियान केन्द्रित हुने मन्त्रालयको तयारी छ ।

अभियानअन्तर्गत हराएका बालबालिकाको पहिचान तथा खोजीलाई प्रभावकारी बनाउनुका साथै उद्धार गरिएका बालबालिकाको सुरक्षित संरक्षण र परिवार पहिचानलाई प्राथमिकता दिइनेछ । सम्भव भएसम्म बालबालिकालाई सुरक्षित रूपमा परिवारमा पुनःस्थापित गर्ने तथा पुनर्मिलनपछि आवश्यक सहयोग उपलब्ध गराउने योजना पनि अघि सारिएको छ । बाल संरक्षणसम्बन्धी काममा सरकारी निकाय, स्थानीय तह, सुरक्षा संयन्त्र तथा सम्बन्धित संघसंस्थाबीच समन्वय थप मजबुत बनाउने तयारीसमेत गरिएको छ । मन्त्रालयले बालबालिकाको सर्वोत्तम हितलाई केन्द्रमा राखेर खोजतलासदेखि

पुनर्मिलनसम्मको प्रक्रियालाई व्यवस्थित बनाउने जनाएको छ ।

२९५ बेवारिसे बालबालिका परिवारमा फर्किए

केन्द्रको वार्षिक विवरणअनुसार गत आर्थिक वर्षमा ३८४ जना बेवारिसे बालबालिकाको उद्धार गरिएको थियो । उद्धार गरिएकामध्ये २९५ जनालाई परिवारसँग पुनर्मिलन गराइएको छ भने ७९ जना संरक्षणमा रहेका छन् । संरक्षण गृहबाट आफैं बाहिरिएका १० जना बालबालिकाको विवरणसमेत अभिलेखमा राखिएको छ । त्यस्तै, सडकमा रहेका १८६ जना बालबालिकाको उद्धार गरिएकोमा ८१ जनालाई परिवारमा फर्काइएको छ । ९८ जना संरक्षणमा रहेको र सात जना संरक्षण गृहबाट आफैं बाहिरिएको केन्द्रको तथ्यांक छ । जोखिमपूर्ण श्रममा संलग्न ४५ जना बालबालिकाको समेत उद्धार गरिएको छ । उद्धार गरिएकामध्ये ३२ जनालाई परिवारसँग पुनर्मिलन गराइएको छ भने १३ जना संरक्षणमा रहेका छन् । सरकारले बाल संरक्षणलाई केवल तत्काल उद्धारमा सीमित नराखी परिवार पहिचान, सुरक्षित संरक्षण, पारिवारिक पुनर्मिलन र आवश्यक पुनःस्थापनासम्म जोडिएको एकीकृत प्रणालीका रूपमा विकास गर्ने नीति लिएको छ ।

ग्यासको अनावश्यक मौज्दात नराख्न निगमको निर्देशन

काठमाडौं/मस- नेपाल आयल निगमले होटल, रेस्टुरेन्ट, पार्टी प्यालेस तथा अन्य व्यावसायिक प्रतिष्ठानलाई आवश्यकताभन्दा बढी खाना पकाउने एलपी ग्यास सिलिन्डर मौज्दात नराख्न निर्देशन दिएको छ । बजारमा पर्याप्त ग्यास आपूर्ति भइरहे पनि सर्वसाधारण उपभोक्ताले सहज रूपमा सिलिन्डर नपाएको गुनासो बढेपछि निगमले यस्तो निर्देशन दिएको हो ।

निगमले बिहीबार अत्यन्त जरुरी सूचना जारी गर्दै व्यावसायिक प्रतिष्ठानलाई अनावश्यक रूपमा ग्यास सञ्चय नगर्न सचेत गराएको हो । निगमका अनुसार असार २१ गतेदेखि बजारमा १४.२ किलोग्राम तौलका ग्यास सिलिन्डर भरी बिक्री-वितरण भइरहेका छन् ।

साबिकको तुलनामा करिब २० प्रतिशत बढी ग्यास आयात तथा बिक्री-वितरण गरिए पनि उपभोक्ताले सहज रूपमा ग्यास नपाएको गुनासो आएपछि निगमले



बजार अनुगमन तीव्र बनाएको जनाएको छ ।

प्राप्त उजुरी तथा सूचनाका आधारमा गरिएको अनुगमनका क्रममा केही होटल, रेस्टुरेन्ट, पार्टी प्यालेस तथा अन्य व्यावसायिक प्रतिष्ठानमा आवश्यकताभन्दा बढी ग्यास सिलिन्डर मौज्दात राखिएको पाइएको निगमले जनाएको छ । निगमले व्यावसायिक प्रतिष्ठानलाई आवश्यकताभन्दा बढी सिलिन्डर नराख्न निर्देशन दिएको छ । अतिरिक्त मौज्दात रहेको भए सम्बन्धित डिपोमार्फत सर्वसाधारण उपभोक्तालाई बिक्री-वितरणको व्यवस्था मिलाउन पनि निगमले आग्रह गरेको छ ।

निर्देशनविपरीत अनावश्यक रूपमा ग्यास सिलिन्डर सञ्चय गरेको पाइए प्रचलित कानुनअनुसार कडा कारबाही गरिने निगमले चेतावनी दिएको छ । साथै, ग्यास सिलिन्डरको अस्वाभाविक मौज्दात राखिएको जानकारी भए निगमलाई खबर गर्न सर्वसाधारणसँग अनुरोध गरिएको छ ।

रेडिसन होटलमा १८४ सिलिन्डर फेला

यसैबीच, उद्योग मन्त्रालय मातहतको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले काठमाडौंस्थित रेडिसन होटलमा अनुगमन गर्दा ठूलो परिमाणमा एलपी ग्यास सिलिन्डर मौज्दात राखिएको फेला पारेको छ ।

विभागका अनुसार होटलमा नेपाल ग्यासका ११७ वटा फुल सिलिन्डर र एसटीसी ग्यासका ६७ वटा सिलिन्डर गरी कुल १८४ वटा सिलिन्डर फेला परेका छन् । त्यस्तै, होटलका विभिन्न चुलोमा करिब ७० वटा सिलिन्डर प्रयोग भइरहेको पाइएको विभागले जनाएको छ ।

बजारमा ग्यासको अभाव देखिएका बेला होटलमा ठूलो संख्यामा सिलिन्डर मौज्दात राखिएको भेटिएपछि सम्बन्धित होटलमाथि कारबाहीको तयारी भइरहेको उद्योग मन्त्रालयले जनाएको छ ।

पर्याप्त मात्रामा ग्यास आपूर्ति भइरहे पनि उपभोक्ताले सिलिन्डर नपाएको गुनासो बढेपछि विभागले होटल तथा अन्य व्यावसायिक प्रतिष्ठानमाथि निगरानी बढाएको थियो। सोही क्रममा गरिएको अनुगमनमा रेडिसन होटलमा ठुलो संख्यामा नेपाल ग्यास र एसटीसी ग्यासका सिलिन्डर फेला परेका हुन् । मन्त्रालयले बजारमा पर्याप्त ग्यास हुँदाहुँदै सर्वसाधारणले अभाव झेल्नुपर्ने अवस्था अन्त्य गर्न होटल, व्यावसायिक प्रतिष्ठान तथा अनधिकृत रूपमा ग्यास भण्डारण गर्नेहरूमाथिको निगरानी थप कडा बनाउने जनाएको छ ।

दलित समुदायको हक अधिकार कार्यान्वयन गर्न विधेयक तर्जुमा

काठमाडौं/मस- सरकारले संविधानमा सुनिश्चित दलित समुदायको मौलिक हक तथा अधिकारलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न 'दलितको हक, अधिकार तथा विकास' सम्बन्धी विधेयक तर्जुमा गरेको छ ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले राष्ट्रियसभाको बैठकमा सांसदका प्रश्नको प्रधानमन्त्री बालेन्द्र शाहको तर्फबाट जवाफ दिँदै विधेयकको मस्यौदा तयार भइसकेको जानकारी दिइन् । मन्त्री गौतमका अनुसार संविधानको धारा ४० मा व्यवस्था गरिएको दलित समुदायको मौलिक हक कार्यान्वयन गर्ने उद्देश्यले विधेयक तर्जुमा गरिएको हो । मस्यौदालाई विधायन ऐन, २०८१ अनुसार अघि बढाउन

विज्ञसहितको समिति गठन गरिएको उनले बताइन् ।

विधेयकको मुख्य उद्देश्य दलित समुदायको संरक्षण, प्रवर्द्धन, सशक्तीकरण र सामाजिक न्याय सुनिश्चित गर्नुका साथै राज्यका विभिन्न संयन्त्रमा समान पहुँच र सहभागिता बढाउनु रहेको मन्त्री गौतमले बताइन् । प्रस्तावित विधेयकमा दलित समुदायको शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, भूमि तथा आवास, परम्परागत पेसाको संरक्षण तथा राज्यबाट उपलब्ध हुने सेवासुविधाको न्यायोचित वितरणलगायत सामाजिक तथा आर्थिक अधिकारलाई समेटिएको छ । सरकारले दलित समुदायको सामाजिक सुरक्षालाई थप लक्षित र न्यायोचित बनाउने नीति लिएको पनि मन्त्री गौतमले जानकारी दिइन् । उनका अनुसार देशभरका दलित बालबालिकालाई उपलब्ध गराईदै आएको बालपोषण भत्तालाई दोब्बर गरी मासिक एक हजार रुपैयाँ पुऱ्याइएको छ । त्यस्तै, पाँच वर्षमुनिका दलित बालबालिकाको पोषण सहायताका लागि तीन अर्ब रुपैयाँ बजेट विनियोजन गरिएको उनले बताइन् ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सम्पादकीय

रेमिट्यान्सको मूल्य

रेमिट्यान्स नेपाली अर्थतन्त्रको महत्त्वपूर्ण आधार बनेको छ । विदेशमा रहेका नेपालीले पठाएको पैसाले लाखौं परिवारको दैनिकी चलेको छ । शिक्षा, स्वास्थ्य, घरायसी खर्च र ऋण तिर्नेदेखि विदेशी मुद्रा सञ्चिति बलियो बनाउनसम्म रेमिट्यान्सको योगदान छ । तर, रेमिट्यान्सको बढ्दो आँकडालाई मात्र उपलब्धि मानेर खुसी हुने अवस्था छैन । यसको पछाडि रहेको युवा पलायन र सामाजिक मूल्य अझ गम्भीर विषय बनेको छ ।

गत आर्थिक वर्षको ११ महिनामै नेपालमा २१ खर्ब २० अर्ब रूपैयाँभन्दा बढी रेमिट्यान्स भित्रिएको छ । यो आफैंमा ठुलो आर्थिक उपलब्धि देखिन्छ । तर, यसका लागि विदेशमा नेपाली युवाको पसिना बगेको छ । देशभित्र रोजगारी, उचित पारिश्रमिक र भविष्यको भरोसा नदेखेपछि युवाहरू बिदेसिन बाध्य छन् । त्यसैले रेमिट्यान्स बढ्नुको तथ्यांकसँगै देशबाट बाहिरिएको उत्पादनशील जनशक्तिको तथ्यांक पनि सरकारले हेर्नुपर्छ ।

वैदेशिक रोजगारीले परिवारको आर्थिक अवस्था सुधार गरेको छ । गाउँमा घर बनेका छन्, बालबालिकाले पढ्ने अवसर पाएका छन् र उपचारमा खर्च गर्न सक्ने क्षमता बढेको छ । तर, यसको सामाजिक मूल्य पनि उत्तिकै ठुलो छ । युवाको ठुलो हिस्सा बिदेसिँदा गाउँमा श्रमशक्ति घट्दै गएको छ । खेतीयोग्य जमिन बाँझिने, कृषि उत्पादन घट्ने र स्थानीय अर्थतन्त्र कमजोर हुने अवस्था बढ्दै छ । परिवारमा अभिभावकको अनुपस्थिति र वृद्ध आमाबाबुको एक्लोपन पनि बढिरहेको छ ।

सबैभन्दा पीडादायी पक्ष वैदेशिक रोजगारीमा हुने मृत्यु हो । गत आर्थिक वर्षको ११ महिनामै वैदेशिक रोजगारीका क्रममा १ हजार ४३८ नेपालीको मृत्यु भएको तथ्यांक छ । पछिल्ला नौ वर्षमा १० हजार ५६० नेपालीको शव स्वदेश फर्किएको तथ्य झन् गम्भीर छ । रेमिट्यान्सको रकम गन्दा यी जीवनको मूल्य र परिवारले भोगेको पीडा पनि सम्झनुपर्छ । अर्कोतर्फ, रेमिट्यान्सको ठुलो हिस्सा उत्पादनमूलक क्षेत्रमा लगानी हुन सकेको छैन । विदेशबाट आएको पैसा दैनिक उपभोग, शिक्षा, स्वास्थ्य र ऋण तिर्नमै सकिने गरेको छ । यसले परिवारलाई तत्काल राहत दिए पनि दीर्घकालीन रोजगारी र उत्पादन सिर्जना गर्न सकेको छैन ।

अब सरकारको सोच बदलिनुपर्छ । रेमिट्यान्स बढाउने लक्ष्यभन्दा स्वदेशमै रोजगारी सिर्जना गर्ने लक्ष्यमा केन्द्रित हुनुपर्छ । कृषि, पर्यटन, उद्योग, सूचना प्रविधि र उद्यमशीलतामा युवालाई जोड्ने नीति आवश्यक छ । विदेशबाट फर्किएका युवाको सीप र पुँजीलाई उत्पादनमा लगाउने वातावरण बनाउनुपर्छ । विदेश जानु नागरिकको अधिकार र रोजाइ हुन सक्छ । तर, बाध्यताले देश छाड्नुपर्ने अवस्था राज्यको कमजोरी हो । रेमिट्यान्सको रेकर्डमा गर्व गर्नुअघि त्यसका लागि चुकाइरहेको मानवीय र सामाजिक मूल्यको हिसाब गर्ने बेला आएको छ । देशको अर्थतन्त्र युवाको बिदेसिएको श्रमले होइन, स्वदेशमै सिर्जना हुने अवसरले बलियो बन्नुपर्छ ।

उत्पादन र रोजगारी दिने शिक्षा

नेपालको शिक्षा नीति अब प्रमाणपत्र बाँझने परम्परागत परीक्षामुखी प्रणालीबाट मुक्त भई व्यावहारिक सीप, उत्पादन र रोजगारी सिर्जनासँग प्रत्यक्ष जोडिनुपर्छ । गुणस्तरीय सार्वजनिक शिक्षा, प्रविधिमैत्री सिकाइ, राजनीतिक हस्तक्षेपमुक्त शिक्षक व्यवस्थापन र बजारको माग अनुसारको प्राविधिक जनशक्ति निर्माण गर्दै ज्ञानलाई श्रम र अर्थतन्त्रसँग जोडेर मानव पुँजी विकास गर्नु नै राष्ट्र निर्माणको अनिवार्य दीर्घकालीन रणनीतिक आवश्यकता हो ।

अग्रलेख

● रामप्रसाद पौडेल

कुनै पनि मुलुकको भविष्य कस्तो बनाउने भन्ने प्रश्नको उत्तर त्यस मुलुकले आफ्ना बालबालिका र युवालाई कस्तो शिक्षा दिन्छ भन्ने प्रश्नसँग जोडिएको हुन्छ। सडक, पुल, विद्युत्, उद्योग र प्रविधिमा गरिने लगानीले भौतिक पूर्वाधार निर्माण गर्छ, तर शिक्षामा गरिएको लगानीले ती पूर्वाधार सञ्चालन गर्ने जनशक्ति तयार गर्छ। त्यसैले शिक्षा केवल सामाजिक सेवा होइन, राष्ट्र निर्माणको सबैभन्दा दीर्घकालीन र रणनीतिक लगानी हो । नेपालले विगत केही दशकमा विद्यालय तथा उच्च शिक्षाको पहुँच विस्तार गर्न उल्लेखनीय प्रगति गरेको छ । तर पहुँच विस्तारसँगै अब प्रश्न गुणस्तर, उपयोगिता, सीप र रोजगारीको हो । आजको नेपालको शिक्षा प्रणालीले विद्यार्थीलाई कति प्रमाणपत्र दियो भन्नेभन्दा उसलाई जीवन, श्रम बजार र राष्ट्रको उत्पादन प्रणालीमा कति उपयोगी बनायो भन्ने प्रश्नको सामना गर्नुपर्ने अवस्था आएको छ ।

विश्व बैंकको सन् २०२५को नेपाल मानव पुँजी समीक्षा अनुसार नेपालमा आज जन्मिएको बालबालिकाले १८ वर्षको उमेरसम्म आफ्नो सम्भावित उत्पादकत्वको औसत करिब ५१ प्रतिशत मात्र हासिल गर्ने अनुमान गरिएको छ । यही सूचकमा बागमतीमा जन्मिएको बालबालिकाको सम्भावित उत्पादकत्व ५८ प्रतिशत र कर्णालीमा जन्मिएको बालबालिकाको ४६ प्रतिशत रहेको देखाइएको छ । यसको अर्थ शिक्षा र स्वास्थ्यको पहुँचमा मात्र होइन, त्यसको गुणस्तर र अवसरमा पनि भौगोलिक असमानता गहिरो छ । अझ गम्भीर कुरा के छ भने नेपालमा प्राप्त भएको मानव पुँजीलाई रोजगारी र उत्पादनमा उपयोग गर्ने क्षमता कमजोर रहेको विश्व बैंकको निष्कर्ष छ ।

यस तथ्यले नेपालको शिक्षा नीतिमाथि एउटा आधारभूत प्रश्न उठाउँछ- हामीले कस्तो नागरिक र कस्तो जनशक्ति उत्पादन गर्न खोजिरहेका छौं ? यदि विद्यालय र विश्वविद्यालयबाट निस्किएको ठुलो हिस्सा आफ्नो योग्यता र सीपअनुसार काम पाउन नसक्ने, रोजगारीका लागि विदेश जानुपर्ने वा अध्ययन गरेको विषयभन्दा फरक क्षेत्रमा न्यून उत्पादकत्वको काम गर्नुपर्ने अवस्थामा पुग्छ भने शिक्षा प्रणालीको सफलताको मापन केवल उत्तीर्ण प्रतिशत र प्रमाणपत्रको संख्याबाट गर्न मिल्दैन ।

नेपालको वर्तमान चुनौती यहींबाट सुरु हुन्छ । हाम्रा विद्यालय र विश्वविद्यालयमा विद्यार्थीले वर्षौं अध्ययन गर्छन्, परीक्षा दिन्छन् र प्रमाणपत्र प्राप्त गर्छन् । तर, धेरै अवस्थामा उनीहरूले वास्तविक जीवनमा समस्या समाधान गर्ने, प्रविधिको प्रयोग गर्ने, उत्पादन गर्ने, व्यवसाय सञ्चालन गर्ने वा रोजगारदाताले खोजेको सीप प्रयोग गर्ने पर्याप्त अवसर पाउँदैनन् । शिक्षाको उद्देश्य ज्ञान हस्तान्तरणमा सीमित हुँदा ज्ञान र कामबीच दूरी बढ्छ । अब त्यो दूरी घटाउनु अनिवार्य छ ।

नेपालले अब घोकन्ते र परीक्षामुखी शिक्षाबाट प्रयोगात्मक, अनुसन्धानमूलक, सिर्जनशील र सीपमा आधारित शिक्षातर्फ निर्णायक रूपमा अघि बढ्नुपर्छ । विद्यार्थीले पाठ्यपुस्तकमा पढेको कुरा वास्तविक जीवनमा कसरी प्रयोग हुन्छ भन्ने बुझ्न पाउनुपर्छ । विद्यालय तहदेखि नै परियोजनामा आधारित सिकाइ, प्रयोगशाला, स्थानीय स्रोतको प्रयोग, समस्या समाधान, सिर्जनशील लेखन, सूचना प्रविधि, समूहकार्य र उद्यमशीलतालाई शिक्षाको अभिन्न अंग बनाउनुपर्छ। परीक्षा आवश्यक छ, तर परीक्षा नै शिक्षाको अन्तिम उद्देश्य बन्नुहुँदैन ।

नेपालको शिक्षा नीतिको अर्को महत्त्वपूर्ण कमजोरी शिक्षा र श्रम बजारबीचको कमजोर सम्बन्ध हो । देशभित्र रोजगारीका अवसर सीमित छन् भन्ने कुरा सत्य हो, तर रोजगारदाताले आवश्यक सीप र शिक्षण संस्थाले उत्पादन गर्ने जनशक्तिबीच पनि पर्याप्त तालमेल छैन । विश्व बैंकका अनुसार नेपालमा प्रत्येक वर्ष करिब पाँच लाख युवा श्रम बजारमा प्रवेश गर्छन् । यस्तो अवस्थामा शिक्षा नीति रोजगारीको वास्तविक अवस्थासँग जोडिएन भने प्रमाणपत्रधारी बेरोजगारको संख्या बढ्दै जाने जोखिम रहन्छ ।

त्यसैले आगामी शिक्षा नीति निर्माण गर्दा एउटा प्रश्न अनिवार्य रूपमा सोधिनुपर्छ- अहिले र आगामी १०-२० वर्षमा नेपाललाई कस्तो जनशक्ति आवश्यक छ ? कृषि आधुनिकीकरणका लागि कति प्राविधिक चाहिन्छ ? स्वास्थ्य क्षेत्रमा कति जनशक्ति आवश्यक छ ? निर्माण, जलविद्युत्, पर्यटन, सूचना प्रविधि, होटल, उद्योग, ऊर्जा, यातायात र डिजिटल अर्थतन्त्रमा कस्ता सीप चाहिन्छन् ? यस्ता प्रश्नको उत्तरका आधारमा विद्यालय, प्राविधिक शिक्षालय, विश्वविद्यालय र तालिम संस्थाको कार्यक्रम निर्धारण हुनुपर्छ ।

प्राविधिक तथा व्यावसायिक शिक्षा यस सन्दर्भमा नेपालको आर्थिक रूपान्तरणको महत्त्वपूर्ण आधार बन्न सक्छ । प्राविधिक शिक्षा कमजोर विद्यार्थीका लागि हो भन्ने पुरानो सामाजिक सोच बदल्नुपर्छ। एउटा दक्ष स्वास्थ्य प्राविधिक, कृषि प्राविधिक, इन्जिनियर वा सूचना प्रविधि विशेषज्ञ राष्ट्रका लागि उत्तिकै महत्त्वपूर्ण हुन्छन् । दक्ष प्राविधिकले आफ्नै रोजगारी मात्र खोज्दैन, उसले अरूलाई पनि रोजगारी सिर्जना गर्न सक्छ ।

नेपालमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको प्रमुख संस्थाका रूपमा सिटिइभिटीले काम गरिरहेको छ। तर, प्राविधिक शिक्षा विस्तार गर्नु मात्र पर्याप्त हुँदैन । यसको गुणस्तर, प्रयोगात्मक अभ्यास, उद्योगसँगको सम्बन्ध, प्रशिक्षकको क्षमता र विद्यार्थीले अध्ययनपछि प्राप्त गर्ने रोजगारीलाई पनि समान महत्त्व दिनुपर्छ । विद्यार्थीले कक्षाकोठामा मात्र प्राविधिक ज्ञान पाउने होइन, वास्तविक कार्यस्थलमा काम गर्ने अनुभव पनि प्राप्त गर्नुपर्छ । इन्टर्नसिप, अप्रेन्टिससिप र रोजगारदातासँग प्रत्यक्ष सहकार्यलाई शिक्षा प्रणालीको नियमित हिस्सा बनाउन आवश्यक छ ।

विश्व बैंकले नेपालका सीप विकास कार्यक्रमसम्बन्धी अध्ययनमा बजारसँग सम्बन्धित छोटो अवधिका सीप तालिम लिएका सहभागीमध्ये करिब ७७ प्रतिशतले तालिम पूरा गरेको ६ महिनाभित्र ज्याला रोजगारी वा स्वरोजगारी पाएको उल्लेख गरेको छ। यसले सीपलाई बजारको मागसँग जोड्न सकियो भने शिक्षा र तालिमले रोजगारीमा प्रत्यक्ष परिणाम दिन सक्छ भन्ने प्रमाणित गर्छ ।

अबको शिक्षा नीतिले शिक्षकलाई पनि सुधारको केन्द्रमा राख्नुपर्छ । राम्रो भवन र पाठ्यपुस्तकभन्दा गुणस्तरीय शिक्षाको मूल आधार सक्षम र प्रतिबद्ध शिक्षक हो । शिक्षकको नियुक्ति, तालिम, पदोन्नति र मूल्यांकनलाई राजनीतिक प्रभावभन्दा बाहिर राखेर क्षमता र कार्यसम्पादनसँग जोड्नुपर्छ । शिक्षकले बदलिँदो प्रविधि, डिजिटल शिक्षा, कृत्रिम बुद्धिमत्ता र नयाँ शिक्षण विधिबारे निरन्तर सिकिरहनुपर्ने व्यवस्था हुनुपर्छ ।

सामुदायिक विद्यालयको गुणस्तर सुधार अब राष्ट्रिय प्राथमिकताको विषय बन्नुपर्छ । राज्य सार्वजनिक शिक्षाको गुणस्तरप्रति आफ्नो जिम्मेवारीबाट पछि हट्न मिल्दैन । सक्षम शिक्षक, पर्याप्त शैक्षिक सामग्री, प्रयोगशाला, पुस्तकालय, सूचना प्रविधि र सुरक्षित वातावरण आवश्यक हुन्छ । एउटै देशमा बालबालिकाको भविष्य उनी जन्मिएको ठाउँका कारण फरक हुनुहुँदैन ।

शिक्षामा प्रविधिको प्रयोग अब विकल्प होइन, आवश्यकता हो । कृत्रिम बुद्धिमत्ता, डिजिटल सामग्री र अनलाइन सिकाइले संसारलाई परिवर्तन गरिरहेको छ । नेपालले पनि विद्यार्थीलाई डिजिटल उपकरण प्रयोग गर्न, सूचना सही वा गलत छुट्याउन र कृत्रिम बुद्धिमत्ताको जिम्मेवार प्रयोग गर्न सिकाउनुपर्छ । प्रविधिले शिक्षकलाई विस्थापित गर्ने होइन, क्षमता विस्तार गर्ने साधनका रूपमा काम गर्नुपर्छ ।

शिक्षा आधुनिक हुनुपर्छ, तर आफ्नो समाज, भाषा, संस्कृति र उत्पादन प्रणालीबाट अलग हुनुहुँदैन । स्थानीय कृषि, पर्यटन, वन, जलस्रोत, हस्तकला र परम्परागत सीपलाई पाठ्यक्रमसँग जोड्न सकिन्छ । यसबाट विद्यार्थीले स्थानीय सम्भावनाबाट उद्यम गर्ने अवसर पाउन सक्छन् ।

उच्च शिक्षामा पनि पुनर्विचार आवश्यक छ । विश्वविद्यालयको सफलता प्रमाणपत्रको संख्यामा होइन, अनुसन्धान, आविष्कार र उद्यमशीलतामा मापन हुनुपर्छ । नेपालका विश्वविद्यालयमा भएका अनुसन्धानलाई उद्योग, कृषि, स्वास्थ्य र सार्वजनिक नीतिसँग जोड्न सकिएन भने ती कागजमा सीमित हुन्छन् ।

नेपालको शिक्षा नीति र आर्थिक नीतिबीच प्रत्यक्ष सम्बन्ध हुनुपर्छ । विश्व बैंकको सन् २०२५को अध्ययनले आर्थिक वृद्धि र रोजगारीका लागि मानव पुँजीमा लगानी तथा सीप विकासलाई श्रम बजारसँग जोड्नुपर्ने औंल्याएको छ । नेपालमा १९९६ देखि २०२३ सम्मको औसत वास्तविक आर्थिक वृद्धि ४.२ प्रतिशत मात्र रहेको र पर्याप्त गैरकृषि रोजगारी सिर्जना हुन नसकेकाले शिक्षा नीति र आर्थिक नीतिलाई अलग हेर्न मिल्दैन ।

सन् २०२४मा विप्रेषण कुल गार्हस्थ्य उत्पादनको करिब २६ प्रतिशतबराबर रहेको विश्व बैंकको तथ्यांकले देखाउँछ । तर, वैदेशिक रोजगारी दीर्घकालीन समाधान होइन । देशभित्रै रोजगारी र उद्यमका अवसर सिर्जना गर्ने, विदेश जाने युवालाई उच्चस्तरीय सीप दिने र फर्किएकाको ज्ञान तथा पुँजीलाई देशको उत्पादनमा उपयोग गर्ने नीति आवश्यक छ ।

नेपालको अबको शिक्षा नीतिमा उद्यमशीलता अनिवार्य विषय बन्नुपर्छ । विद्यालय तहदेखि नै मूल्य सिर्जना गर्ने, व्यवसाय सञ्चालन गर्ने र नयाँ विचारलाई उत्पादनमा बदल्ने आधारभूत ज्ञान दिनुपर्छ । प्रत्येक विद्यार्थीले उद्यमशील सोच सिक्नुपर्छ ।

शिक्षा सबै नागरिकको समान अधिकार हो । दुर्गम क्षेत्रका, आर्थिक रूपमा कमजोर र पछाडि परेका समुदायका लागि लक्षित कार्यक्रम तथा छात्रवृत्ति आवश्यक छन् । संघीय संरचनामा संघ, प्रदेश र स्थानीय तहबीच स्पष्ट समन्वय हुनुपर्छ । सरकार परिवर्तनसँगै शिक्षा नीति बदलिने प्रवृत्तिको अन्त्य गरी कम्तीमा १५-२० वर्षको राष्ट्रिय दृष्टिकोणसहितको नीति बनाउनुपर्छ ।

शिक्षा क्षेत्रलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गर्दै दीर्घकालीन राष्ट्रिय प्राथमिकताका रूपमा स्थापित गर्नुपर्छ । शिक्षा नीति सरकारको होइन, राष्ट्रको नीति बन्नुपर्छ । नेपालमा अब शिक्षाको बहस 'विद्यालय कति खुले' भन्ने परम्परागत तथ्यांकमा होइन, 'कति विद्यार्थी दक्ष भए, कति रोजगारीमा जोडिए र कतिले उत्पादन बढाए' भन्ने दिशामा जानुपर्छ । नेपालमा १६-४० वर्ष उमेर समूहको जनसंख्या ४१ प्रतिशत छ । यो जनसांख्यिक लाभलाई सीप र रोजगारीसँग जोड्न सकिएन भने यो ठुलो चुनौती बन्न सक्छ ।

त्यसैले अबको शिक्षा नीति केवल शिक्षा मन्त्रालयको दस्तावेज नभई समग्र राष्ट्रिय विकास रणनीति हुनुपर्छ । हामीलाई प्रमाणपत्र होइन, क्षमता र उत्पादन दिने शिक्षा चाहिएको छ । ज्ञानलाई सीपसँग, सीपलाई रोजगारीसँग, रोजगारीलाई उत्पादनसँग र उत्पादनलाई समृद्धिसँग जोड्न सकियो भने मात्र नेपालको भविष्य बदलिन सक्छ ।

ओझेलमा हिमालका असली नायक

विचार

● शिवप्रसाद ढुंगाना

नेपालको पर्वतारोहण पर्यटन बिदेसी मुद्रा र रोयल्टी संकलनमा रमिरहँदा हिमाल चढ्ने बाटो बनाउने आइसफल डाक्टर, गाइड र भरियाको योगदान ओझेलमा परेको छ । उच्च मृत्युदर, विभेदकारी बिमा र कमजोर सामाजिक सुरक्षा भोगिरहेका यी असली नायकहरूको अधिकार, सम्मान र जीवन सुरक्षा सुनिश्चित गर्नु राज्यको अनिवार्य दायित्व हो ।

नेपालको साहसिक पर्यटन र विशेष गरी हिमाली आरोहण राष्ट्रिय पहिचान एवं वैदेशिक मुद्रा आर्जनको मुख्य स्रोत हो । सर्वोच्च शिखर सगरमाथा (८,८४८.८६ मिटर) लगायत विश्वका १४ आठ हजार मिटरका हिमालमध्ये आठवटा नेपालमै छन् । प्रत्येक वर्ष हजारौं विदेसी आरोही आउँछन् । तर, यी आरोहण सफल पार्न ज्यानको बाजी लगाउने स्थानीय कामदार भने आधुनिक पर्वतारोहणको इतिहास, मिडियाका हेडलाइन र सरकारी दस्तावेजमा सधैं ओझेल पारिएका छन् । राज्यको ध्यान केवल 'रोयल्टी संकलन' र 'कीर्तिमानीको चमकधमक'मा मात्र सीमित रहँदा असली नायकहरू गुमनाम र असुरक्षित बन्न बाध्य छन् ।

पर्वतारोहणका असली आधारशिला

सगरमाथा आरोहणको सबैभन्दा खतरनाक मानिने 'खुम्बु आइसफल'मा ज्यान हत्केलामा राखेर बाटो बनाउने सगरमाथा प्रदूषण नियन्त्रण समिति (एसपिसिसी)का आइसफल डाक्टरहरू आरोहणका प्रमुख जग हुन् । उनीहरूले हिमनदी र गहिरा खसिन्चाहरूमा भर्‍याङ तथा डोरी टाँगेर सुरक्षित बाटो तयार पार्छन् । त्यसैगरी गाइड र हाई-अल्टिच्युड वर्करले विदेसीको अक्सिजन बोक्ने, टेन्ट टाँग्ने, खाना पकाउने र बिरामी पर्दा आफ्नै अक्सिजन दिएर जीवन बचाउने काम गर्छन् । लुक्लादेखि माथिल्ला क्याम्पसम्म बन्दोबस्तीका सामान र भारी पुर्‍याउने भरिया र कुर्कविना कुनै पनि आरोहण सम्भव छैन ।

हिमाली त्रासदी

तथ्यांकअनुसार सगरमाथामा ज्यान गुमाउनेमध्ये करिब ४० प्रतिशत हिस्सा स्थानीय सहयोगीकै छ । हिमालयन डाटाबेसका अनुसार, २०२५ सम्म सगरमाथामा ज्यान गुमाएका ३३९ आरोहीमध्ये १३२ जना (३९ प्रतिशत अर्थात् प्रत्येक ५ मा २ भन्दा बढी) स्थानीय कामदार थिए । विदेशी आरोही सिजनमा ४-६ पटक मात्र जोखिमयुक्त क्षेत्रमा जान्छन्, तर आइसफल डाक्टर र गाइडहरू एउटै सिजनमा ३० देखि ४० पटकसम्म ओहोरदोहोर गर्छन् । यही बारम्बारको जोखिमका कारण उनीहरूको मृत्युदर उच्च छ । सन् २०१४को खुम्बु आइसफल हिमपहिरोमा १६ जना र सन् २०१५को भूकम्पपछिको हिमपहिरोमा १९ जना स्थानीय सहयोगीले ज्यान गुमाएका थिए ।

विभेदमा परेको श्रम

सेप्टेम्बर २०२५ देखि सरकारले वसन्त सिजनमा सगरमाथा चढ्ने विदेशीको रोयल्टी प्रतिव्यक्ति ११,००० बाट बढाएर १५,००० अमेरिकी डलर (३६ प्रतिशत वृद्धि) पुर्‍याएको छ भने नेपालीको रोयल्टी पनि दोब्बर (रु.१,५०,०००) बनाएको छ । तर, संकलित अर्बौं रोयल्टीको सानो अंश पनि मजदुर कल्याणमा लगानी हुँदैन ।

मिडियामा पनि कीर्तिमानको मात्र चर्चा हुन्छ । अगस्ट २०२५मा पाकिस्तानको ब्रोड पिकमा हिमपहिरो जाँदा पूर्वगोर्खा सैनिक निर्मल पुर्जा (निम्स दाइ)सँगै नेपाली आरोही निमा शेर्पा, किलिपेम्बा शेर्पा र पाकिस्तानी गाइड सोहेल साखीको निधन भयो । सिएनएन, अल जजिराजस्ता अन्तर्राष्ट्रिय मिडिया र नेपालका प्रधानमन्त्री बालेन्द्र शाहले पुर्जाको निधनलाई प्राथमिकताका साथ स्थान दिए पनि अन्य सहयोगीको नाम संक्षिप्त रूपमा मात्र आयो । एउटै दुर्घटनामा पर्दा पनि कसको नाम शीर्षक बन्छ भन्ने विभेदले वास्तविक कामदारको श्रम ओझेलमा परेको यथार्थ उजागर गर्छ ।

काठमाडौंको विभेदकारी व्यवस्था

पर्वतारोहण नियमावलीको छैटौं संशोधन (२०२५)ले गाइड र हाई-अल्टिच्युड वर्करको दुर्घटना बिमा रु. १५ लाखबाट बढाएर रु. २० लाख र विदेशी आरोहीका लागि रु. ५० लाख अनिवार्य गरे पनि भरियाको बिमा अझै रु. ८ देखि १० लाखमै सीमित छ ।

इन्टरनेसनल पोर्टर प्रोटेक्सन ग्रुपले भरियाका लागि गुणस्तरीय गियर, अधिकतम ३० केजी भारसीमा, न्यानो आवास, समान स्वास्थ्य उपचार र जीवन बिमाको मापदण्ड तोकेको छ । (हाल संसद्मा विचाराधीन पर्यटन विधेयकमा पनि बेसक्याम्पमाथि १५-२० केजी भारसीमा र असुरक्षित काम अस्वीकार गर्ने अधिकार प्रस्ताव गरिएको छ)। तर, अनुगमन अभावमा एजेन्सीले ३५-४० केजीसम्म बोकाउने गरेका छन् । बेसक्याम्पमा बसेर नियमन गर्नुपर्ने सरकारी 'सम्पर्क अधिकृत'हरू काठमाडौंमै बसेर भत्ता बुझ्ने वा केही दिनमै फर्किने परिपाटीले कामदारमाथि शोषण जारी छ ।

सुधारका मुख्य उपाय

समान बिमा र कल्याणकारी कोष : भरियाको दुर्घटना बिमा कम्तीमा रु. २० लाख पुर्‍याइनुपर्छ । रोयल्टीको १० प्रतिशत रकम छुट्टै 'पर्वतारोहण मजदुर कल्याणकारी कोष'मा राखी घाइते/मृतकका बालबच्चालाई शिक्षा र वृद्धावस्थामा पेन्सनको व्यवस्था हुनुपर्छ ।

सम्मान र सामाजिक सुरक्षा : बाटो बनाउने आइसफल डाक्टर र पहिलो डोरी टाँग्ने टोलीलाई राष्ट्रिय पदकबाट सम्मान गरिनुपर्छ । साथै श्रम ऐन २०७४ अनुसार सबै हिमाली मजदुरलाई सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध गराउनुपर्छ ।

कडा अनुगमन : सम्पर्क अधिकृतको जिपिएस ट्र्याकिङ अनिवार्य गर्ने र पदयात्रा चेकपोस्टहरूमा भरियाको भारी तौलने तथा गियर जाँच गर्ने कठोर प्रणाली लागू हुनुपर्छ ।

चुचुरामा लहराउने सफलताका झन्डाहरू केवल विदेशी पर्यटक वा एजेन्सीका होइनन्, ती गाइड आफ्नो रगत-पसिना बगाउने मजदुरका हुन् । रोयल्टीको आम्दानी र कीर्तिमानीको व्यापारबाट माथि उठेर जबसम्म यी 'अदृश्य नायकहरू'को जीवन र भविष्य सुरक्षित गरिँदैन, तबसम्म नेपालको साहसिक पर्यटनले विश्वमञ्चमा साँचो अर्थमा गौरव हासिल गर्न सक्दैन ।

इतिहासको पाना

● सन्तोष खडेरी

काठमाडौंवासीलाई पानी खुवाउने 'वीरधारा'

आजभन्दा करिब १३४ वर्षअघि (सन् १८९२)मा 'वीरधारा'मार्फत शुद्ध खानेपानी वितरण सुरु हुनुअघि काठमाडौंमा हैजा महामारीका रूपमा फैलने गर्दथ्यो । तर, वीरधारावाट शुद्ध पानी वितरण हुन थालेपछि उक्त क्षेत्रमा हैजाको संक्रमण नियन्त्रणमा आयो । उपत्यकाका अन्य क्षेत्रमा भने अशुद्ध पानीकै सेवनका कारण वर्सेनि हैजाको प्रकोप कायमै रहन्थ्यो, जसको मुख्य कारक दूषित खानेपानी नै थियो ।

तत्कालीन श्री ३ महाराज वीरशमशेरले काठमाडौंवासीलाई शुद्ध खानेपानी उपलब्ध गराउने उद्देश्यले वीरधारा निर्माण गराएका थिए । शिवपुरीको मुहानबाट ल्याइएको पानीलाई सुरुमा महाराजगन्जस्थित 'पानीपोखरी'मा संकलन गरिन्थ्यो र त्यहाँबाट वीरधारामार्फत बस्ती-बस्तीमा वितरण गरिन्थ्यो ।

वैदिक सनातन हिन्दु धर्ममा तृषितलाई खानेपानी उपलब्ध गराउनुलाई ठुलो धर्मका रूपमा लिइन्छ । यही धार्मिक एवं सामाजिक भावबाट प्रेरित भई वीरशमशेरले काठमाडौंमा व्यवस्थित खानेपानी आयोजना सुरु गरेका थिए । यही निरन्तरतामा उनकी रानी राजलक्ष्मी (तोपकुमारी)को व्यक्तिगत खर्चमा भक्तपुरमा खानेपानी आयोजना निर्माण गरियो । त्यसैगरी, देवशमशेरले आफ्नी दिवंगत रानी कर्मकुमारीको स्मृतिमा अमलेखगन्जमा, चन्द्रशमशेरले रानी लोकभक्त देवीको नाममा पाटनमा र जुद्धशमशेरले आफ्नी आमाको नाममा कीर्तिपुरमा 'जुहारकुमारी धारा' निर्माण गराएका थिए । यसरी तत्कालीन शासकहरूले काठमाडौं उपत्यका र आसपासका क्षेत्रमा शुद्ध खानेपानीको व्यवस्था मिलाएका थिए ।

एआईद्वारा निर्मित तस्विरको पृष्ठभूमिमा हाल पानीपोखरीमा संरक्षित वीरधाराको ऐतिहासिक शिलालेख राखिएको छ भने एकातिर वीरधाराको अवशेष र अर्कोतिर श्री ३ महाराज वीरशमशेरको तस्विर संयोजन गरिएको छ ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.

मध्यान्ह
www.madhyanhadaily.com

राष्ट्रिय पाठ्यक्रम प्रारूप समयसापेक्ष बनाउने तयारी

काठमाडौं/मस– विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ लाई समयसापेक्ष र व्यवहारिक बनाउने उद्देश्यले गठित कार्यदलले प्रतिवेदनलाई प्राथमिकताका साथ अन्तिम रूप दिने निर्णय गरेको छ ।

शिक्षा तथा खेलकुद मन्त्रालयमा बिहीबार सम्पन्न कार्यदलको सातौँ बैठकले बदलिँदो शैक्षिक, सामाजिक तथा प्रविधिगत परिवेशअनुसार पाठ्यक्रमलाई समयानुकूल बनाउने निष्कर्ष निकालेको हो । बैठकमा कार्यदलअन्तर्गत रहेका १२ वटा थिमेटिक समूहको प्रगतिको समीक्षा गरिएको थियो । थिमेटिक समूहका सदस्यहरूले आफ्नो समूहको कार्य प्रगति, कार्य व्यवस्था र विश्लेषण प्रस्तुत गरेका थिए ।

शिक्षा तथा खेलकुद मन्त्रीका प्रमुख सल्लाहकार शैलेन्द्र झाले आगामी शैक्षिक सत्रदेखि नै कार्यान्वयन गर्न सकिने गरी राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गर्नुपर्नेमा जोड दिए ।

उनले पाठ्यक्रमलाई विद्यार्थीमैत्री र व्यवहारिक बनाउँदै विद्यार्थीमाथिको पुस्तकको बोझ घटाउनुपर्ने बताए । उनले विद्यार्थीको सिकाइ उपलब्धि र नतिजामा सकारात्मक प्रभाव पार्ने गरी पाठ्यक्रम निर्माण गर्नुपर्ने तथा विश्वविद्यालयहरूले समेत यसको स्वामित्व ग्रहण गर्नुपर्ने धारणा राखे । पाठ्यक्रम विकास केन्द्रका कार्यकारी निर्देशक महेन्द्र पराजुलीले सबै सरोकारवालाको परामर्श र समन्वयबाट पाठ्यक्रम प्रारूपलाई छिट्टै निष्कर्षमा पुऱ्याउने विश्वास व्यक्त गरे ।

कार्यदलका संयोजक प्राडा बालचन्द्र लुइँटेलले पर्याप्त छलफल र तयारीपछि मात्रै प्रतिवेदनलाई अन्तिम रूप दिनुपर्नेमा जोड दिए । बैठकमा शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन), राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन (एनप्याब्सन) तथा उच्च शिक्षालय तथा माध्यमिक विद्यालय सङ्घ (हिसान) लगायतका प्रतिनिधिको सहभागिता थियो ।

राष्ट्रिय पाठ्यक्रम तथा मूल्यांकन परिषद्को ९८औँ बैठकको निर्णयअनुसार गत वैशाखको तेस्रो साता प्राडा बालचन्द्र लुइँटेलको संयोजकत्वमा कार्यदल गठन गरिएको थियो ।

कार्यदलमा डा. लेखनाथ पौडेल, डा. मिनाक्षी दाहाल, डा. अमिना सिंह, पवित्रबहादुर गौतम, प्रमोद भट्ट, ज्ञानेन्द्र मल्ल, सागेन्द्र श्रेष्ठ, रिचा न्यौपाने र रेवती कार्की सदस्य तथा पाठ्यक्रम विकास केन्द्रका महानिर्देशक सदस्यसचिव रहेका छन् । मन्त्रालयका अनुसार बदलिँदो परिवेशअनुसार विद्यालय शिक्षाको पाठ्यक्रमलाई समयसापेक्ष बनाउने तथा नैतिक शिक्षालगायतका विषयलाई पाठ्यक्रममा समावेश गर्ने उद्देश्यले कार्यदल गठन गरिएको हो ।

देशभरको खानेपानी समस्या समाधान गर्न सरकारलाई संसदीय समितिको निर्देशन

काठमाडौं/मस– संसदीय समितिले नागरिकलाई स्वच्छ, सुरक्षित तथा पर्याप्त खानेपानी उपलब्ध गराउन अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्ययोजना बनाई समयबद्ध रूपमा कार्यान्वयन गर्न सरकारलाई निर्देशन दिएको छ ।

बिहीबार सिंहदरबारमा बसेको प्रतिनिधिसभाको पूर्वाधार विकास समितिले यस्तो निर्देशन दिने निर्णय गरेको समिति सभापति आशिष गजुरेलले बताए । उनकाअनुसार बैठकले मधेश प्रदेश तथा तराई क्षेत्रमा स्थालो ट्युबेलबाट खानेपानी उपलब्ध हुन छाडेका स्थानमा तत्काल वैकल्पिक स्रोतको व्यवस्था गर्न गरी खानेपानीको आपूर्ति गर्न समेत सरकारलाई निर्देशन दिएको छ ।

सभापति गजुरेलले मधेश प्रदेशमा अधुरा रहेका १ सय ७६ वटा ओभरहेड ट्यांकीसम्बन्धी

आयोजना आवश्यक बजेट व्यवस्थापन गरी शीघ्र सम्पन्न गर्न सरकारलाई निर्देशन दिए ।

उनले काठमाडौं उपत्यकामा मेलम्ची, वागमतीलगायत खानेपानीका स्रोतको संरक्षण, विकास तथा व्यवस्थापन गरी दीर्घकालीन रूपमा खानेपानीको दिगो आपूर्ति सुनिश्चित गर्न समेत निर्देशन दिए । उनले सुनकोशी-मरिण डाइभर्सनबाट मधेश तथा तराई क्षेत्रमा दीर्घकालीन रूपमा खानेपानी उपलब्ध गराउने सम्भावनाबारे चालु आर्थिक वर्षभित्रै सम्भाव्यता अध्ययन सम्पन्न गरी लागत, स्रोत, प्रविधि तथा कार्यान्वयनको स्पष्ट खाका तयार गरी कार्यान्वयन गर्न समेत सरकारलाई निर्देशन दिए । सभापति गजुरेलले पानीका मुहान तथा तिनको व्यवस्थापनमार्फत आसपासका बस्तीमा खानेपानीको व्यवस्था गर्ने गरी संघीय सरकारका सम्बन्धित मन्त्रालयले 'इन्टिग्रेटेड मास्टर प्लान' तयार गर्न समेत सुझाव दिए ।

प्युठानमा भेटिएका पाँच शव रोल्पा पहिरोमा बेपत्ता भएका व्यक्ति

मधुसुदन भण्डारी/मध्यान्ह
प्युठान, २८ साउन

रोल्पाको थवाङ गाउँपालिका-५ कोटलबारामा गएको पहिरोमा परी बेपत्ता भएका पाँचजनाको शव प्युठानका विभिन्न स्थानमा फेला परेको छ । फेला परेका पाँचवटै शव आफन्तले सनाखत गरेपछि उनीहरू कोटलबाराको पहिरोमा परी बेपत्ता भएका व्यक्तिहरू भएको पुष्टि भएको हो ।

जिल्ला प्रहरी कार्यालय प्युठानका अनुसार बिहीबार बिहानदेखि प्युठानका विभिन्न स्थानमा माडी र लुंग्री खोलाको किनारमा पाँच जनाको शव फेला परेको थियो । स्वर्गद्वारी नगरपालिका-९ जुडापाटामा करिब ७ वर्षीय बालक, वडा नं. ३ किमिचौरमा एक पुरुष, वडा नं. ४ गोठीबाडमा एक महिला, वडा नं. ५ सरोजास्थित लुंग्री खोलाको किनारमा अर्की महिला तथा माण्डवी गाउँपालिका-५ अर्दुसस्थित माडी खोलाको किनारमा एक पुरुषको शव भेटिएको प्रहरीले जनाएको छ ।

जुडापाटामा फेला परेको शव ७ वर्षीय अशोक पुन मगरको रहेको उनका काका कृष्ण पुन मगरले सनाखत गरेका छन् । त्यस्तै, किमिचौरमा भेटिएको शव ३४ वर्षीय महेन्द्र घर्तीको रहेको उनका भान्जा

कृष्ण पुन मगरले पहिचान गरेका छन् ।

स्वर्गद्वारी-४ गोठीबाडमा भेटिएको शव ६६ वर्षीया मनि पुन मगरको रहेको उनका छोरा गोबबहादुर पुन मगरले सनाखत गरेका छन् । स्वर्गद्वारी-५ सरोजास्थित लुंग्री खोलाको किनारमा भेटिएको शव ३४ वर्षीया विष्णु पुनको रहेको उनका मामा गोबबहादुर पुन मगरले पहिचान गरेका छन् । त्यसैगरी, माण्डवी गाउँपालिका-५ अर्दुसस्थित माडी खोलाको किनारमा भेटिएको शव ८० वर्षीय बलबहादुर पुन मगरको रहेको उनका भतिज गोबबहादुर पुन मगरले सनाखत गरेका छन् । रोल्पाको थवाङ गाउँपालिका-५ कोटलबारामा बुधबार साँझ अविरल वर्षापछि पहिरो खस्दा ठूलो मानवीय क्षति भएको थियो । पछिल्लो प्रहरी विवरणअनुसार पहिरोमा परी १० जनाको मृत्यु भएको, दुई जना अझै बेपत्ता रहेको र दुई जना घाइते भएका छन् ।

पहिरोपछि बेपत्ता व्यक्तिहरूको खोजी गर्ने क्रममा खोलाको तीव्र बहावसँगै शवहरू प्युठानतर्फ बगेर आएको हुनसक्ने प्रहरीको प्रारम्भिक आँकलन छ । शव फेला परेका स्थानमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोली परिचालन गरी उद्धार तथा आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालय प्युठानले जनाएको छ ।

पाँचवटै शवको सनाखत भएसँगै कोटलबाराको पहिरोमा बेपत्ता भएकामध्ये पाँच जनाको अवस्था पुष्टि भएको छ । अझै दुई जना बेपत्ता रहेकाले उनीहरूको खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ ।

अविरल वर्षाका कारण पहाडी क्षेत्रका खोलानाला तथा नदीमा पानीको बहाव बढिरहेकाले रोल्पातर्फ माडी र लुंग्री खोलाको तटीय क्षेत्र तथा प्युठानका लंग र झिमरुक नदी आसपासका बासिन्दालाई सतर्कता अपनाउन स्थानीय प्रशासनले आग्रह गरेको छ ।

रौतहटमा बढ्दो गर्मीले विद्यालयको पठनपाठन प्रभावित, विद्यार्थी बेहोस हुन थाले

सत्येन्द्र प्रताप सिंह/मध्यान्ह
रौतहट, २८ साउन

तराईका जिल्लामा केही दिनयता बढेको अत्यधिक गर्मीका कारण जनजीवन प्रभावित बनेको छ । रौतहटसहित मधेश प्रदेशका विभिन्न जिल्लामा तापक्रम बढ्नुका साथै तातो हावा (लु) र चर्को घामका कारण सर्वसाधारणलाई दैनिक कामकाज गर्नसमेत कठिनाइ भएको छ ।

गर्मीको सबैभन्दा बढी असर बालबालिका, वृद्धवृद्धा तथा ज्याला मजदुरी गरेर जीविकोपार्जन गर्ने वर्गमा परेको छ । चर्को घाम र तातो हावाका कारण दिउँसोको समयमा घरबाहिर निस्कनसमेत सर्वसाधारणले असहज महसुस गरिरहेका छन् ।

बढ्दो गर्मीको प्रत्यक्ष असर विद्यालयको पठनपाठनमा समेत परेको छ । बिहानैदेखि चर्को घाम लाग्ने र मध्याह्नतिर तापक्रम अत्यधिक बढ्ने भएकाले विद्यालय जाने साना बालबालिकालाई

आवागमनदेखि कक्षाकोठामा बसेर पढ्नेसम्म समस्या भइरहेको छ ।

विद्यालयका भौतिक पूर्वाधार पर्याप्त नहुँदा समस्या थप जटिल बनेको छ । रौतहटका अधिकांश सामुदायिक विद्यालयका कक्षाकोठामा पर्याप्त भ्याल तथा हावा ओहोरदोहोर हुने भेन्टिलेसनको व्यवस्था नहुँदा गर्मीका बेला कक्षाकोठा निकै तातिने गरेको छ ।

त्यसमाथि विद्युत् आपूर्तिमा देखिने समस्या र पटक-पटक हुने विद्युत् कटौतीका कारण कक्षाकोठामा जडान गरिएका पंखासमेत नियमित सञ्चालन हुन नसक्दा विद्यार्थी थप समस्यामा परेका छन् । कतिपय विद्यालयमा पर्याप्त खानेपानीको व्यवस्था नहुँदा गर्मीमा विद्यार्थीलाई तिर्खा मेटाउनसमेत कठिन भइरहेको छ ।

अत्यधिक गर्मी र कक्षाकोठामा हावा नचल्दा विद्यार्थीमा स्वास्थ्यसम्बन्धी समस्या देखिन थालेको शिक्षकहरूले बताएका छन् । पठनपाठनकै क्रममा टाउको दुख्ने, चक्कर लाग्ने, बान्ता हुने तथा कमजोरीका कारण विद्यार्थी बेहोस हुने घटना बढ्न थालेको उनीहरूको भनाइ छ ।

यमुनामाई गाउँपालिका-स्थित श्री जनता माध्यमिक विद्यालय सरुअठाका प्रधानाध्यापक उपेन्द्र यादवका अनुसार अत्यधिक गर्मी र पसिनाका कारण विद्यार्थीले कक्षामा ध्यान केन्द्रित गर्न सकिरहेका छैनन् । विशेषगरी साना बालबालिकाले गर्मी सहन नसकेर रोइकराइ गर्ने तथा बेहोस हुने अवस्था आएपछि पठनपाठन रोक्नुपर्ने अवस्था आएको उनले बताए । 'गर्मीका कारण विद्यार्थीहरू कक्षामा बस्नै नसक्ने अवस्था आउन थालेको छ । कतिपय अवस्थामा पठनपाठन रोक्दै अभिभावकलाई बोलाएर बालबालिकालाई घर पठाउनुपर्ने अवस्था आएको छ,' यादवले भने ।

अत्यधिक गर्मीका कारण बालबालिकाको स्वास्थ्यमा जोखिम बढ्न थालेपछि अभिभावक तथा स्थानीय नागरिकले विद्यालय सञ्चालनको समय परिवर्तन गर्न माग गरेका छन् । उनीहरूले केही दिनका लागि विद्यालयलाई बिहानी सत्रमा सञ्चालन गर्न वा स्थानीय तहले तत्काल गर्मी बिदा घोषणा गर्नुपर्ने बताएका छन् ।

गर्मी बिदा घोषणा गर्दा आगामी वर्षे बिदासँग समायोजन गर्न सकिने उनीहरूको सुझाव छ । विद्यालयमा नियमित विद्युत् आपूर्ति तथा पर्याप्त खानेपानीको व्यवस्था गर्नसमेत सम्बन्धित निकायसँग माग गरिएको छ ।

स्वास्थ्यकर्मीहरूले पनि अत्यधिक गर्मीका बेला बालबालिकालाई सकेसम्म चर्को घाम र तातो हावाबाट जोगाउन सुझाव दिएका छन् । उनीहरूका अनुसार बालबालिकालाई लामो समय घाममा नहिँडाउने, प्रशस्त सफा वा उमालेर चिस्याइएको पानी, सर्वत तथा अन्य झोलिलो पदार्थ खुवाउने र शरीरमा पानीको कमी हुन नदिने कुरामा विशेष ध्यान दिनुपर्छ । गर्मी अझै बढ्दै गएमा विद्यालयमा अध्ययनरत बालबालिकाको स्वास्थ्यमा गम्भीर असर पर्न सक्ने भएकाले स्थानीय तह, विद्यालय प्रशासन र सम्बन्धित निकायले समयमै आवश्यक सावधानी अपनाउनुपर्ने स्थानीयको माग छ ।

गण्डकीका नौ जिल्लामा डेंगी संक्रमण

कास्की/मस– गण्डकी प्रदेशका नौ जिल्लामा डेंगी संक्रमण फैलिएको छ । प्रादेशिक रोग नियन्त्रण केन्द्रका अनुसार गत मंगलबारसम्म प्रदेशमा ८३९ जनामा डेंगी संक्रमण पुष्टि भएको हो ।

केन्द्रका अनुसार सबैभन्दा धेरै बागलुङमा ३६६ जनामा संक्रमण देखिएको छ । त्यस्तै, कास्कीमा २२२, गोरखामा ९९, तनहुँमा ६४, म्याग्दीमा ३३, पर्वतमा २१, लमजुङमा १७, स्याङ्जामा १३ र नवलपुरमा चार जनामा डेंगी पुष्टि भएको छ ।

हिमालपारिका जिल्ला मनाङ र मुस्ताङमा भने अहिलेसम्म डेंगी संक्रमित नभेटिएको केन्द्रकी जनस्वास्थ्य अधिकृत पार्वती ढुंगानाले जानकारी दिइन् ।

उनका अनुसार अंग्रेजी महिना जुलाई लागेयता संक्रमितको संख्या उल्लेख्य रूपमा बढेको छ। जुलाईमा मात्रै ३९७ जनामा डेंगी पुष्टि भएको थियो भने अगस्ट लागेपछि २१९ जनामा संक्रमण देखिएको छ । अधिकांश संक्रमित बागलुङ नगरपालिका र पोखरा महानगरपालिकाका रहेका छन्। बागलुङ नगरपालिकामा ३५९ जना र पोखरा महानगरपालिकामा २१३ जनामा संक्रमण पुष्टि भएको छ ।

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका प्रमुख प्रवीण शर्माका अनुसार डेंगी नियन्त्रणका लागि 'खोज र नष्ट गर' अभियान सञ्चालन गरिएको छ। लामखुट्टेको बासस्थान नष्ट गरी यसको जीवनचक्र रोक्ने उद्देश्यले बागलुङसहित कास्की र अन्य जिल्लामा पनि अभियान सञ्चालन भइरहेको छ । डेंगी सार्ने एडिस एजिप्टाई जातको पोथी लामखुट्टे जमेको सफा पानीमा बस्ने भएकाले घर, कार्यालय तथा सार्वजनिक स्थानमा पानी जम्न दिन नहुने स्वास्थ्यकर्मीले बताएका छन् । खाल्डाखुल्डी, पुराना टायर, भाँडाकुँडा, ड्रमलगायतमा जम्मा भएको पानी हटाउन आग्रह गरिएको छ । डेंगी संक्रमण जटिल बन्दै गएमा स्वास्थ्यमा गम्भीर समस्या आउन सक्ने भएकाले लामखुट्टेको टोकाइबाट बच्नु नै यसको रोकथामको महत्वपूर्ण उपाय रहेको चिकित्सकहरू बताउँछन् ।

डेंगी संक्रमणपछि लगातार बान्ता हुने, नाकबाट रगत आउने, कालो दिसा हुने तथा अत्यधिक थकानजस्ता लक्षण देखिए तत्काल स्वास्थ्य संस्थामा गएर उपचार तथा निगरानीमा रहन चिकित्सकहरूले सुझाव दिएका छन् । असारदेखि कात्तिकसम्म डेंगी संक्रमण बढी फैलिने समय भएकाले व्यक्तिगत तथा सामुदायिक स्तरमा सावधानी अपनाउन स्वास्थ्यकर्मीले आग्रह गरेका छन् । लामो बाहुला भएको कपडा लगाउने, लामखुट्टेको टोकाइबाट बच्ने तथा घर वरपर पानी जम्न नदिने उपाय अपनाउनसमेत आग्रह गरिएको छ ।

सर्पदंश र रेबिज उपचारका लागि झन्डै २६ हजार भायल औषधि भण्डार

काठमाडौं/मस– सर्पदंश तथा रेबिजको उपचारमा प्रयोग हुने आवश्यक औषधिजन्य सामग्री स्वास्थ्य सेवा विभागको केन्द्रीय भण्डारमा आइपुगेको छ । विभागले नियमित खरिद प्रक्रियाबाट ल्याएको उक्त सामग्री बिहीबार साँझ टेकुस्थित केन्द्रीय भ्याक्सिन स्टोरमा प्राप्त भएको हो । विभागका अनुसार सर्पदंशको उपचारमा प्रयोग हुने ८ हजार २ सय भायल भ्याक्सिन र रेबिजविरुद्ध प्रयोग गरिने १७ हजार ६ सय भायल

रेबिज इम्युनोग्लोबुलिन भण्डारमा दाखिला भएको छ । स्वास्थ्य सेवा विभागका निमित्त महानिर्देशक डा. अनुज भट्टचनका अनुसार आवश्यक प्रशासनिक प्रक्रिया पूरा गरेपछि ती सामग्री सातवटै प्रदेशका स्वास्थ्य आपूर्ति केन्द्रमार्फत सम्बन्धित स्वास्थ्य संस्थामा पठाइनेछ ।

सर्पदंश तथा रेबिजको जोखिममा रहेका बिरामीको उपचारमा आवश्यक पर्ने औषधि उपलब्ध भएपछि प्रदेश तथा स्थानीय तहमा रहेका स्वास्थ्य संस्थाहरूमा उपचार सेवा सञ्चालन गर्न सहज हुने विभागको अपेक्षा छ । स्वास्थ्य संस्थामा आवश्यक सामग्रीको आपूर्ति सुनिश्चित गर्ने नियमित खरिद तथा वितरण प्रणालीअन्तर्गत प्राप्त यी भ्याक्सिन तथा इम्युनोग्लोबुलिन देशभरका सम्बन्धित स्वास्थ्य संस्थामा पुऱ्याइने विभागले जनाएको छ ।

साउदीमा आदिवासी दिवस मनाइँदै

दम्माम, साउदी अरब/मस– नेपाल आदिवासी जनजाति महासंघ (नेफिन) राष्ट्रिय समन्वय परिषद् साउदी अरबको आयोजनामा ३२ औं विश्व आदिवासी दिवस विविध कार्यक्रमसहित मनाइने भएको छ ।

आगामी १४ अगस्ट २०२६ शुक्रबार दम्मामस्थित रोज गार्डेनमा आयोजना हुने कार्यक्रम दिउँसो १ बजे सुरु हुनेछ । कार्यक्रमको सम्पूर्ण तयारी पूरा भएको नेफिन साउदीका अध्यक्ष खेम गुरुङले जानकारी दिएका छन् ।

विश्वभरका आदिवासी जनजातिको अधिकार, पहिचान, संस्कृति र परम्पराको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरिएको कार्यक्रममा साउदी अरबमा रहेका नेपाली आदिवासी जनजाति समुदायका साथै विभिन्न संघसंस्थाका प्रतिनिधि तथा नेपाली समुदायको सहभागिता रहने आयोजकले जनाएको छ । कार्यक्रममा साउदी अरबमा रहेका स्थानीय नेपाली कलाकारहरूले विभिन्न सांस्कृतिक प्रस्तुति समेत दिने भएका छन् । मौलिक कला, संस्कृति, भेषभूषा र परम्परालाई कार्यक्रममार्फत प्रस्तुत गरिने आयोजकको भनाइ छ ।

नेफिन साउदीले कार्यक्रममा सहभागी भई कार्यक्रमलाई सफल बनाउन साउदी अरबमा रहेका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई हार्दिक निमन्त्रणा गरेको छ ।

लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८१/१०/२९ मा दर्ता भएको **दर्ता नं. ३६१७०३** को **रशिला ट्रेडिङ प्रा. लि.** को मिति २०८३/०४/२८ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

लिक्विडेटर: नीलकण्ठ पोखरेल, इजाजत पत्र नं. ५१२,
ठेगाना : त्रिपुरेश्वर काठमाडौं, फोन नं. ९८५१००६०४६

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६४/११/१९ मा दर्ता भएको **प्रा.लि. नं. ५२०६६** को **सिर्जनशील अध्ययन केन्द्र नेपाल प्रा. लि.**को मिति २०८३/०४/२५ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

लिक्विडेटर: संजय कुमार शाह, इजाजतपत्र नं. ३९१
ठेगाना : सुर्यविनायक-०२, भक्तपुर, फोन नं. ९८४१४४९३३८

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
हक दावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०७३।१२।१८ मा दर्ता भएको **प्रा.लि. नं. १६६४०७** को **फारवेष्ट मल्टी टेक्निकल इन्स्टिच्युट प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

कम्पनीको नाम परिवर्तन गरिएको सूचना
तेस्रो पटक प्रकाशित मिति २०८३/०४/२९

यस कम्पनीको मिति २०८३।०४।२१ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार सावित कम्पनी **स्काई ईन हस्पिटालिटी प्रा.लि. (दर्ता नं. १२७७९१)** को नाममा रहेको सम्पुर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०४।२२ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **यती पार्टी प्यालेस एण्ड रेष्टुरेन्ट प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

हकदाबी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७८/१२/१७ मा दर्ता भएको **एस.आर.एन. अर्गानिक्स** प्रा.लि. **दर्ता नं. २८८०६२** को मिति २०८३/०४/२४ गते बसेको विशेष साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय चन्द्रागिरी काठमाडौंमा सम्पर्क गर्नु हुन अनुरोध छ । अन्यथा तोकिएको म्यादभित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेजीको प्रकृया अगाडी बढाई दर्ता खारेज गरिने व्यहारा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

लिक्विडेटर: शंकर खनाल, काठमाडौं-२९, इजाजतपत्र नं. ४७२, फोन : ९८५१११६२०३

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७३/०७/०७ मा दर्ता भएको **बेरी ब्याडक्वेट प्रा.लि.(प्रा.लि.नं. १५७५३८)** को मिति २०८३/०४/२७ गते बसेको विशेष साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिने छ ।

लिक्वीडेटर: कृष्ण प्रसाद पोखरेल, ठेगाना : ललितपुर-४, ललितपुर
इजाजतपत्र नं. ५४०, फोन नं. ९८६००३८७६५

कम्पनीको नाम परिवर्तन गरिएको सूचना
प्रथम पटक प्रकाशित मिति २०८३/०४/२९

यस कम्पनीको मिति २०८३।०४।१६ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार सावित कम्पनी **क्याफे सोसाईटी प्रा.लि. (दर्ता नं. ३०५५३३)** को नाममा रहेको सम्पुर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०४।२१ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **जिंक ग्रुप प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

'गौँथली' बन्यो दोस्रो सर्वाधिक कमाउने नेपाली फिल्म

काठमाडौं/मस– नेपाली फिल्म 'गौँथली'ले प्रदर्शनको चौथो हप्तामै बक्स अफिसमा ठुलो उपलब्धि हासिल गरेको छ । फिल्मले नेपाली चलचित्रको इतिहासमा सर्वाधिक कमाइ गर्ने दोस्रो फिल्मको रेकर्ड आफ्नो नाममा लेखाएको छ ।

साउन १ गतेदेखि प्रदर्शनमा आएको 'गौँथली'ले प्रदर्शनको २८औं दिन बिहीबार दिउँसो १ बजेसम्म देशभरबाट २१ करोड ४४ लाख रुपैयाँ ग्रस कमाइ गरेको बक्स अफिस तथ्यांकले देखाएको छ । यो अवधिसम्म फिल्म हेर्ने दर्शकको संख्या पनि करिब ८ लाख पुगेको छ । यससँगै 'गौँथली'ले यसअघि दोस्रो सर्वाधिक कमाइ गर्ने नेपाली फिल्मका रूपमा रहेको 'कबड्डी ४'को रेकर्ड तोडेको हो । 'कबड्डी ४'ले कुल २१ करोड ४० लाख रुपैयाँ ग्रस कमाएको थियो । 'गौँथली'ले उक्त रकम पार गरेसँगै नेपाली फिल्मको बक्स अफिस इतिहासमा नयाँ स्थान बनाएको हो ।

चलचित्र विकास बोर्डको 'सिनेपा बक्स अफिस'मा बिहीबार दिउँसोसम्म 'गौँथली'को कमाइ २१ करोड ४२ लाख रुपैयाँभन्दा माथि देखिएको थियो । फिल्मका लागि बिक्री भएका टिकटको संख्या पनि ७ लाख ८० हजारभन्दा माथि पुगेको छ । नेपाली फिल्ममध्ये सर्वाधिक कमाइको कीर्तिमान भने अझै 'पूर्णबहादुरको सारङ्गी'को नाममा छ । उक्त फिल्मले ४६ करोड ८७ लाख ४१ हजार रुपैयाँ ग्रस कमाइ गरेको थियो । 'गौँथली'ले अब सर्वाधिक कमाइ गर्ने फिल्मको सूचीमा 'पूर्णबहादुरको सारङ्गी'पछि दोस्रो स्थान सुरक्षित गरेको छ ।

'गौँथली'को बक्स अफिस यात्रा

चौथो हप्तासम्म आइपुग्दा पनि कमजोर देखिएको छैन । प्रदर्शनको सुरुवाती दिनदेखि नै राम्रो दर्शक पाएको फिल्मले एकपछि अर्को नेपाली फिल्मको लाइफटाइम कलेक्सनलाई उछिन्दै अघि बढेको हो । फिल्मले यसअघि 'छक्का पञ्जा'का विभिन्न श्रृंखला, 'जेरी अन टप', 'जारी', 'परान' र '१२ गाउँ'जस्ता चर्चित फिल्मको कमाइलाई पछि पारिसकेको थियो । त्यसपछि 'कबड्डी ४'लाई पनि उछिन्दै 'गौँथली'ले आफ्नो व्यापारिक सफलताको अर्को अध्याय थपेको हो । विशेषगरी प्रदर्शनको करिब एक महिना पुग्न लाग्दासमेत फिल्मप्रति दर्शकको आकर्षण कायम रहनुलाई यसको व्यापारिक सफलताको महत्वपूर्ण पक्षका रूपमा हेरिएको छ । धेरैजसो फिल्मको व्यापार तेस्रो वा चौथो सातापछि क्रमशः खस्किने भए पनि 'गौँथली'ले भने अपेक्षाकृत बलियो अकुपेन्सी कायम राख्दै आएको छ । गत आइतबारसम्म फिल्मले १९ करोड ७१ लाख रुपैयाँभन्दा बढी ग्रस कमाएको थियो । त्यसयता केही दिनमै फिल्मले डेढ करोड रुपैयाँभन्दा बढी थपेको हो । पछिल्लो व्यापारिक गति हेर्दा आगामी दिनमा पनि फिल्मको कमाइ बढ्ने देखिएको छ ।

'गौँथली'को पछिल्लो व्यापारिक गति कायम रहे आगामी सोमबार सार्वजनिक हुने चलचित्र विकास बोर्डको अद्यावधिक तथ्यांकमा फिल्मको कुल कमाइ २३ करोड रुपैयाँभन्दा माथि पुग्ने अनुमान गरिएको छ । फिल्मले आगामी दिनमा पनि राम्रो प्रदर्शनलाई निरन्तरता दिए २५ करोड रुपैयाँभन्दा माथिको व्यापार गर्न सक्ने प्रक्षेपण गरिएको छ । चौथो हप्तामा समेत दर्शकको उपस्थिति उत्साहजनक रहेकाले फिल्मको अन्तिम व्यापार कति पुग्छ भन्नेमा अहिले नेपाली फिल्म क्षेत्रको चासो बढेको छ ।

यद्यपि फिल्मले सर्वाधिक कमाइ गर्ने नेपाली फिल्म 'पूर्णबहादुरको सारङ्गी'को रेकर्ड भेट्न भने अझै ठुलो दूरी पार गर्नुपर्नेछ । 'गौँथली' डा. भोला रिजालका छोरा डा. कपिल रिजालको निर्देशनमा बनेको फिल्म हो । शिक्षाको महत्त्व र श्रीमान्-श्रीमतीबीचको सम्बन्धलाई कथाको केन्द्रमा राखिएको फिल्ममा पारिवारिक सम्बन्ध, सामाजिक परिवेश र शिक्षासँग जोडिएका विषयलाई प्रस्तुत गरिएको छ ।

फिल्ममा अरुण क्षेत्री र सिम्रन खड्का मुख्य भूमिकामा छन् । उनीहरूसँगै वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठ, प्रकाश धिमिरे, लुनिभा तुलाधर, रवीन्द्र झा, सञ्जोग रसाइली, सीतादेवी तिमिल्सिना, लक्ष्मीनाथ तिमिल्सिनालगायत कलाकारको अभिनय रहेको छ । फिल्मका निर्माता कपिल रिजाल र सुमन गिरी हुन् ।

कथावस्तु, कलाकारको अभिनय र पारिवारिक विषयवस्तुका कारण 'गौँथली'ले विभिन्न उमेर समूहका दर्शकलाई हलसम्म तान्न सफल भएको निर्माण पक्षको दाबी छ । प्रदर्शनको चौथो हप्तासम्म पनि फिल्मले राम्रो व्यापार गरिरहनुले निर्माण पक्षको अपेक्षा थप बलियो बनाएको छ । साउन १ गतेबाट प्रदर्शनमा आएको 'गौँथली'ले छोटो समयमै नेपाली फिल्मको बक्स अफिसमा आफ्नो बलियो उपस्थिति स्थापित गरेको छ । अब फिल्मको नजर २५ करोड रुपैयाँको आँकडा पार गर्ने दिशातर्फ देखिएको छ भने नेपाली फिल्मको सर्वाधिक कमाइको सूचीमा दोस्रो स्थानलाई अझ बलियो बनाउने चुनौती पनि फिल्मसामु छ ।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालयः बालुवाटार, काठमाडौं
फोन नं.: ०१-४५२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मितिः २०८३/०४/२९ गतेको मध्यान्ह राष्ट्रिय दैनिक ।

यस डेभलपमेन्ट बैंकबाट तपसिलका ऋणीहरुले यस डेभलपमेन्ट बैंकको तपसिलका शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, ब्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत बक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई यसै सूचना मार्फत सूचीत गरिन्छ । अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र उक्त समय भित्र तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको चल अचल जायजेथा सम्पत्ति रोका राखी कानूनी प्रक्रिया अपनाई असुल उपर गरिने र ऋणी तथा जमानीकर्तालाई कालोसुचीमा समेत सुचीकृत गरी आवश्यक कानूनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचीत गरिन्छ ।

तपसिल

ऋणीको विवरण	जमानतकर्ताको विवरण
१) **ऋणी : आशा देवी चौधरी** बाबुको नाम : सगराम चौधरी पतिको नाम :सुन्दर प्रसाद चौधरी ससुराको नाम : लहनु चौधरी ठेगाना :सतवरिया -०५, दाङ हाल : लमही -०८, दाङ ना.प्र.नं. : ६७७०/९५७ जारी गर्ने कार्यालय : जि.प्र.का., दाङ जारी मिति : २०६०/०२/१५ **कर्जा लिएको शाखा : लमही दाङ**	**क) नाम : सुन्दर प्रसाद चौधरी** बाबुको नाम : लहनु चौधरी बाजेको नाम : विशेश्वर चौधरी ठेगाना : सतवरिया -०५, दाङ हाल : लमही -०८, दाङ ना.प्र.नं. : १२७०/१९४ जारी गर्ने कायालय : जि.प्र.का., दाङ जारी मिति : २०५५/०५/०७
ऋणीको विवरण	**जमानतकर्ताको विवरण**
२) **ऋणी : कलिम हअमद सिद्धिकी** बाबुको नाम : कासिम अलि सिद्धिकी बाजेको नाम : सुल्तान अहमद ठेगाना : गुलरिया -०९, बर्दिया हाल : गुलरिया -०७, बर्दिया ना.प्र.नं. : ७३५५ जारी गर्ने कार्यालय : जि.प्र.का., बर्दिया जारी मिति : २०५६/०२/१० **कर्जा लिएको शाखा : गुलरिया, बर्दिया**	**ख) नाम : काशीम अली सिद्धिकी** बाबुको नाम : सुल्तान अहमद बाजेको नाम : मन्ना मनिहार ठेगाना : गुलरिया -०३, बर्दिया हाल : गुलरिया -०७, बर्दिया ना.प्र.नं. : ६९८९ जारी गर्ने कार्यालय : जि.प्र.का., बर्दिया जारी मिति : २०४९/०९/१२ **ग) नाम : हलीम अहमद सिद्धिकी** बाबुको नाम : कासीम अली सिद्धिकी बाजेको नाम : सुल्तान अहमद ठेगाना : गुलरिया -०९, बर्दिया हाल : गुलरिया -०७, बर्दिया ना.प्र.नं. : ९३५६ जारी गर्ने कार्यालय : जि.प्र.का., बर्दिया जारी मिति : २०७५/०४/१८
जमानतकर्ताको विवरण	
क) नाम : सलमा सिद्धिकी बाबुको नाम : मो.हनिफ पतिको नाम : कलिम अहमद सिद्धिकी ससुराको नाम : कसिम अलि सिद्धिकी ठेगाना : गुलरिया -०७, बर्दिया न.प्र.नं. : ६५-०१-७५-०३२७२ जारी गर्ने कार्यालय : जि.प्र.का., बर्दिया जारी मिति : २०७५/०४/२४	
ऋणीको विवरण	**जमानतकर्ताको विवरण**
३)**ऋणी : कमला खत्री** बाबुको नाम : तिलक बहादुर खत्री पतिको नाम: माधव आचार्य ससुराको नाम : नेत्र प्रसाद आचार्य ठेगाना : कुन्तादेवी -०५, ओखलढुंगा हाल : थाके -०९, धादिङ ना.प्र.नं. : ५३११४/८४५ जारी गर्ने कार्यालय : जि.प्र.का., ओखलढुंगा जारी मिति : २०६०/०४/२९ **कर्जा लिएको शाखा : मलेखु, धादिङ**	**क) नाम : माधव आचार्य** बाबुको नाम : नेत्र प्रसाद आचार्य बाजेको नाम : मेघनाथ आचार्य ठेगाना : केवलपुर -०८, धादिङ हाल : थाके -०९, धादिङ ना.प्र.नं. : २९३३५ जारी गर्ने कार्यालय : जि.प्र.का. धादिङ जारी मिति : २०५५/१०/२७
ऋणीको विवरण	**जमानतकर्ताको विवरण**
४) **ऋणी : राजन घले** बाबुको नाम : अम्बर बहादुर घले बाजेको नाम : फौद बहादुर घले ठेगाना : बेनीघाट रोराङ्ग -०३, धादिङ ना.प्र.नं. : २६-०१-७६-१०४३५ जारी गर्ने कार्यालय : जि.प्र.का., धादिङ जारी मिति : २०७६/११/१८ **कर्जा लिएको शाखा : मलेखु, धादिङ**	**ख) नाम : तुलमाया घले** बाबुको नाम : हस्त ब. घले पतिको नाम: अम्बर ब. घले ससुराको नाम : फौद बहादुर घले ठेगाना : कुम्पुर -०२, धादिङ ना.प्र.नं. : १०४९२ जारी गर्ने कार्यालय : जि.प्र.का., धादिङ्ग जारी मिति : २०६०/१०/०८ **ग) नाम : विनिता घले** बाबुको नाम : अम्बर बहादुर घले बाजेको नाम : फौद बहादुर घले ठेगाना : बेनीघाट रोराङ्ग -०३, धादिङ ना.प्र.नं. : २६-०१-८०-०६८७५ जारी गर्ने कार्यालय : जि.प्र.का., धादिङ् जारी मिति : २०८०/०८/१०
जमानतकर्ताको विवरण	
क) नाम : अम्बर बहादुर घले बाबुको नाम : फौद बहादुर घले बाजेको नाम : टेक बहादुर घले ठेगाना : कुम्पुर -०२, धादिङ हाल : बेनीघाट रोराङ्ग -०३, धादिङ ना.प्र.नं. : २/५० जारी गर्ने कार्यालय : जि.प्र.का., धादिङ्ग जारी मिति : २०५८/०९/२२	
ऋणीको विवरण	**जमानतकर्ताको विवरण**
५) **ऋणी : विश्वनाथ मुखिया** बाबुको नाम : राज नारायण वीन बाजेको नाम : लक्ष्मी मुखिया ठेगाना : चन्द्रनगर -०२, सर्लाही हाल : चन्द्रनगर .-०६, सर्लाही ना.प्र.नं. : १८६५२६८५ जारी गर्ने कार्यालय : जि.प्र.का., सर्लाही जारी मिति : २०६१/०६/०४ **कर्जा लिएको शाखा : बयलबास, सर्लाही**	**ख)नाम : दरापति देवी** बाबुको नाम: हरि बिन पतिको नाम : विश्वनाथ मूखिया ससुराको नाम : राज नारायण वीन ठेगाना : चन्द्रनगर -०२, सर्लाही हाल : चन्द्रनगर -०६, सर्लाही ना.प्र.नं. : १९३०४२/११७८ जारी गर्ने कार्यालय : जि.प्र.का., सर्लाही जारी मिति : २०६३/१२/११ **ग) नाम : चन्दरिखा कुमारी देवी** बाबुको नाम: रामचन्द्र महतो पतिको नाम : चन्दु महतो ससुराको नाम : राम औतार महतो ठेगाना : नौकेल्वा -०५, सर्लाही हाल : ब्रहमपुरी -०७, सर्लाही ना.प्र.नं. : १९३०४६/४१६ जारी गर्ने कार्यालय : जि.प्र.का., सर्लाही जारी मिति : २०६३/११/०७
जमानतकर्ताको विवरण	
क) नाम: प्रेम कुमार कापड बाबुको नाम: राजाराम कापड बाजेको नाम : राम पदारथ कापड ठेगाना : चन्द्रनगर -०२, सर्लाही हाल : चन्द्रनगर -०६, सर्लाही ना.प्र.नं. : १९३०४२/११०१ जारी गर्ने कार्यालय : जि.प्र.का., सर्लाही जारी मिति : २०६३/१२/११	
ऋणीको विवरण	**जमानतकर्ताको विवरण**
६) **ऋणी : दिपेन राई** बाबुको नाम : आशिक राम राई बाजेको नाम :रणदोज राई ठेगाना : धरान -१५, सुनसरी हाल : काठमाण्डौ -३१, काठमाण्डौ ना.प्र.नं. : ३३७६९/०६३/६४ जारी गर्ने कार्यालय :जि.प्र.का., सुनसरी जारी मिति : २०६४/०२/२४ **कर्जा लिएको शाखा : बालुवाटार, काठमाण्डौ**	**क) नाम : तोरण गुरुङ** बाबुको नाम : बुद्धिमान गुरुङ बाजेको नाम : छत्रसिंङ गुरुङ ठेगाना : ऐसेलुखर्क -०१, खोटाङ हाल : काठमाण्डौ -२९, काठमाण्डौ ना.प्र.नं.: १२१०६८/६१ जारी गर्ने कार्यालय : जि.प्र.का., खोटाङ जारी मिति : २०६४/११/२४
ऋणीको विवरण	**जमानतकर्ताको विवरण**
७) **ऋणी : तोरण गुरुङ** बाबुको नाम : बुद्धिमान गुरुङ बाजेको नाम : छत्रसिंङ गुरुङ ठेगाना : ऐसेलुखर्क -०१, खोटाङ हाल : काठमाण्डौ -२९, काठमाण्डौ ना.प्र.नं.: १२१०६८/६१ जारी गर्ने कार्यालय : जि.प्र.का., खोटाङ जारी मिति : २०६४/११/२४ **कर्जा लिएको शाखा : बालुवाटार, काठमाण्डौ**	**क) नाम : दिपेन राई** बाबुको नाम : आशिक राम राई बाजेको नाम :रणदोज राई ठेगाना : धरान -१५, सुनसरी हाल : काठमाण्डौ -३१, काठमाण्डौ ना.प्र.नं. : ३३७६९/०६३/६४ जारी गर्ने कार्यालय :जि.प्र.का., सुनसरी जारी मिति : २०६४/०२/२४

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०६५/०५/०८ मा दर्ता भएको **प्रा. लि. नं. ५५५५२** को श्री **प्याक ल्याण्ड ट्रेडर्स प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०४/२८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८३/०४/२५

मिति २०८३/०३/१० गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **बिज्ञाती होटल प्रा. लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **होटल दरबार इन्न प्रा. लि (प्रा. लि. नं.: १०६३५२)** कायम गर्ने गरी मिति २०८३/०३/१५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०४/२५

मिति २०८३/०४/२० गते सम्पन्न वार्षिक साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **हिमालय एजुकेशन फाउण्डेशन प्रा.लि.** को नाममा रहेको सम्पुर्ण चल अचल सम्पत्ती तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने सर्तमा साविक नाम परिवर्तन गरी **कृष्ण इन्टरनेशनल एजुकेशन कन्सल्टेन्सी (प्रा.लि.नं. ६२५५३)** कायम गर्ने गरी मिति २०८३/०४/२७ गते कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

श्री सिद्धबाबा सा.व.उ.स. जोरायल -४, थली डोटीको काठ लिलाम बिक्री सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०८३/०४/२५

जिल्ला डोटी, जोरायल-४, मा यस सा.व.उ.स.को वन क्षेत्रबाट संकलन भएर उत्पादन भई सामुदायिक वन उपभोक्ता समूहमा घाटगढी गरी राखिएको सल्लो ए र बि ग्रेड गरी जम्मा १४८ थानको २१५७११ क्यू फिट काठ जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले यो सूचना पहिलोपटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

नामथर र जन्ममिति फरक परेको सूचना

प्रस्तुत विषयमा चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. ०६ निवासी **पार्वती देवकोटा लामिछाने**को ना.प्र.प. नं. ३२२० मा नाम थर **पार्वती देवकोटा लामिछाने** र **जन्ममिति २०२९/०५/०६ (सन् १९७२/१२/२०)** उल्लेख भएको तथा निजको पति भारतीय सैनिकको पि.पि.ओ. नं.०४९६३४१३०२६६६ **एस.एल. कृष्ण प्रसाद लामिछाने** को पेन्सन पट्टामा नाम थर **पार्वती** र जन्ममिति **२०३०/०१/२३ (सन् १९७३/०५/०५)** उल्लेख भइ फरक परे तापनि उक्त फरकफरक नाम थर र जन्ममिति भएको व्यक्ति एकै भन्ने भरतपुर महानगरपालिका ०६ नं. वडा कार्यालयको च.नं. ३९४४, मिति २०७६/०२/१३ को सिफारिस पत्रबाट लेखिआएको व्यहोरा र जिल्ला प्रशासन कार्यालय चितवनको प.सं. ०७५/०७६, च.नं. २४३३, मिति २०७६।०९।०३ को व्यहोरा प्रमाणित सम्बन्धी पत्रअनुसार भरतीय पेन्सन प्रयोजनार्थ प्रमाणित गरिन्छ ।

पार्वती देवकोटा लामिछाने तथा पार्वती

कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस OPUS MANPOWER PVT. LTD. (**श्रम इजाजत पत्र नं. ४४८/०६७/०६८**) मा कार्यरत कर्मचारीहरुलाई यस कार्यालयबाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै निज व्यक्तिसँग यस प्रा. लि. को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि कार्य/आर्थिक कारोबार नगर्न/नगराउन हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ । यदि यसो गरे/गराएमा यस प्रा. लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ दिन भित्र यस प्रा. लि. मा वा वैदेशिक रोजगार विभागमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

S.N.	नाम	पद	नागरिकता नं.
1	Sita Koirala	Recepstionist	24-0-61-01776
2	Raj Kumar Adhikari	Pro	56243
3	Durga Debi Limbu	Office Girl	134/562
4	Manmaya Karki	Documentation	211033/2122
5	Khagendra Gurung	Pro	341520442
6	Yubendra Gurung	Accountant	103031/157
7	Smriti Gurung	Documentation	06-02-74-00983
8	Manu Gurung	Pro	11688/707
9	Dibya Gurung	Ticketing Officer	04-02-76-01313

OPUS MANPOWER PVT. LTD.
Samakhusi-26, Kathmandu , Landline No : 01-4957256,
Contact No : +977 985-1100368 (Shyam Bahadur Bulun Lama), E-mail: info@opusmanpower.com
श्रम ई. पत्र नं. ४४८/०६७/०६८

HIMALAYAN LIFE
प्रधान कार्यालय हातीसार, काठमाडौं, नेपाल
फोन नं. ४४४१४१४, ५२७००५७, पो.ब.नं. २५२७२

हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासिएको ले प्रतिलिपी बीमाले खको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदावी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदावी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधि भित्र दावी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

तपसिल

क्र.सं.	बीमालेख नं.	बीमितको नाम	ठेगाना
1	Pli1010013687	Binod Kumar Bhattrai	Hasposa-02 Sunsari
2	Pli1470000592	Anusa Thapa	Bhaluwajor-03 Ramechhap
3	Pli1010010539	Samyam Maleku	Bhaktapur12 Bhaktapur

फ्रि भिसा, फ्रि टिकट सहित बहराइनको 5 Star Hotel मा रोजगारीको अवसर

Jumeirah GULF OF BAHRAIN RESORT & SPA

कम्पनी : **AL SAHEL RESORT B.S.C. (JUMEIRAH GULF OF BAHRAIN RESORT & SPA)** शहर: **BAHRAIN**
पूर्व स्वीकृत मितिः २०८३/०४/२५ चलानी नं.: ६०२५४६१५ LT. No.: 346234

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब BD	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Receptionist	10	15	सम्बन्धित कामका दक्ष	200	८७५८	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	Room Attendants	30	30		130	५२४५२							
3.	waiter/waitress	30	30		150	६०५६८							
4.	CHEF	20	20		200	८७५८							
5.	Accountant	3	3		300	१२११३७							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ ५ गते (21 August 2026) **मा हुनेछ ।**

स्वदेशमा मर्ने सेडिकलको शुल्क कसले व्यहोर्ने र कति तोक्ने	विदेशमा मर्ने सेडिकलको खर्च कसले व्यहोर्ने	स्वदेशमा मरिने म्याद जीवन बिमा कसले व्यहोर्ने/कति तोक्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने	कामदारलाई हवाइ टिकट कसले दिने र कति तोक्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	निधा शुल्क कसले व्यहोर्ने	निधा स्टयाम्पीङ शुल्क कसले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति तोक्ने र कसले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति तोक्ने र कसले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,४०० कामदारले	कि:शुल्क

वैदेशिक रोजगार विभागबाट मन्जुरीको जानकारी :- १. आफ्नो नाममा निशा प्राप्त भईसके पश्चिमा भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु सधैं याद राख्नु होला । आफू कहिलेकाहीं यहाँ सम्पर्क गर्न सकिने हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कहिल्यै माँग्नुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफ्नो जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा तथा सुविधा र अन्य जानकारी रासकिन भोर माग सम्पनीमा पठना हनगार्न सक्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कानूनमा विदेश जाउँदा नेपालकै विमालगायत प्रयोग गर्नु होला, अन्यथा दण्डित समेत हुनसक्नु हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, सिंहदरबारमा सम्पर्क गर्नु होला ।

HABTOOR INTERNATIONAL PVT. LTD.
Govt. Lic. No. 1147/073/74
Jana Marg, Maharajgunj, Kathmandu.
Tel: 01-4973377, 4983377 Mob.: 9801059911, 9801059988, 9802392535, 9802359551
E-mail : jobsinhabtoor@gmail.com, Web: www.habtoorinternational.com

मलेसियामा रोजगार

कम्पनी: **LIM FRESH MEAT SUPPLIES** शहर: **MALAYSIA**
पूर्व स्वीकृत मितिः २०८३/०२/०४ चलानी नं.: ६०२५५५४३ LT. No.: 342163 पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब RM	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Agriculture Labour	6	0	स. कामका दक्ष	1700	६३३४२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	खैन	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ ५ गते (21 August 2026) **मा हुनेछ ।**

स्वदेशमा मर्ने सेडिकलको शुल्क कसले व्यहोर्ने र कति तोक्ने	विदेशमा मर्ने सेडिकलको खर्च कसले व्यहोर्ने	स्वदेशमा मरिने म्याद जीवन बिमा कसले व्यहोर्ने/कति तोक्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने	कामदारलाई हवाइ टिकट कसले दिने र कति तोक्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	निधा शुल्क कसले व्यहोर्ने	निधा स्टयाम्पीङ शुल्क कसले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति तोक्ने र कसले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति तोक्ने र कसले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,४०० कामदारले	कि:शुल्क

वैदेशिक रोजगार विभागबाट मन्जुरीको जानकारी :- १. आफ्

१०औं राष्ट्रिय खेलकुद मंसिर १६ देखि २९ गतेसम्म हुने

काठमाडौं/मस- राष्ट्रिय खेलकुद परिषद् (राखेप)को १२५औं बोर्ड बैठकले १०औं राष्ट्रिय खेलकुद प्रतियोगिताको मिति तय गरेको छ । बिहीबार सिंहदरबारमा बसेको बैठकले १०औं राष्ट्रिय खेलकुद प्रतियोगिताको मिति तय गरेको हो ।

प्रतियोगिता मंसिरको १६ गतेदेदि २९ गतेसम्म सुर्खेतमा सञ्चालन गर्ने निर्णय भएको राखेपका सदस्यसचिव रामचरित्र मेहताले जानकारी दिए । बैठकमा युवा तथा खेलकुदमन्त्री सस्मित पोखरेल, सातै प्रदेशका सदस्य सचिवहरू र परिषदका सदस्यहरूको उपस्थिति रहेको थियो । बैठकले प्रतियोगिताका लागि आवश्यक मापदण्ड तथा निर्देशिकाहरू समेत पारित गरेको छ ।

१०औं राष्ट्रिय खेलकुदका लागि यसअघि पनि पटक-पटक मिति घोषणा गरिए पनि प्रतियोगिता आयोजना हुन सकेको थिएन । नवौं राष्ट्रिय खेलकुदको समापनका क्रममा १०औं राष्ट्रिय खेलकुद २०८१ साल मंसिरमा कर्णाली प्रदेशमा आयोजना गर्ने घोषणा गरिएको थियो ।

तर प्रतियोगिताका लागि आवश्यक पूर्वाधार समयमै तयार हुन नसकेपछि तोकिएको समयमा खेलकुद आयोजना भएन । त्यसपछि २०८१ चैत २३ देखि ३० गतेसम्म प्रतियोगिता गर्ने गरी अर्को मिति तय गरियो । उक्त मितिमा पनि प्रतियोगिता हुन नसकेपछि २०८२ जेठ ३ देखि १० गतेसम्म आयोजना गर्ने निर्णय भयो ।

त्यसपछि फेरि मिति सार्दै फागुन १ देखि ७ गतेसम्म प्रतियोगिता सञ्चालन गर्ने तयारी गरिएको थियो । तर आर्थिक स्रोतको अभाव देखाउँदै उक्त मितिमा पनि प्रतियोगिता हुन सकेन ।

राखेपले त्यसपछि जेठमा प्रतियोगिता गर्ने तयारी गरे पनि त्यो योजना कार्यान्वयनमा आउन सकेन । त्यसलगत्तै तत्कालीन खेलकुदमन्त्री बब्लु गुप्ताले २०८२ फागुनमा १०औं राष्ट्रिय खेलकुद आयोजना गर्ने निर्णय गरेका थिए । तर, उनले निर्धारित समय आउनुअघि नै मन्त्री पदबाट राजीनामा दिएर निर्वाचनमा केन्द्रित भएपछि उक्त योजना पनि अघि बढ्न सकेको थिएन ।

यसैगरी, जापानमा आयोजना हुने १९औं एसियाली खेलकुदका लागि खेलाडी र अफिसियल गरी कुल २ सय १८ जनाको सहभागितालाई परिषद्ले अन्तिम सहमति दिएको छ ।

बैठकले खेलकुद क्षेत्रको प्रशासनिक सुधारका लागिसमेत केही महत्वपूर्ण निर्णयहरू गरेको छ । जसमा कर्मचारी व्यवस्थापन, आन्तरिक स्रोतको विनियोजन र चालु आर्थिक वर्षको बजेट प्रमाणीकरण जस्ता विषयहरू रहेका छन् । परिषद्को कार्यसम्पादनलाई थप प्रभावकारी र ऊर्जावान बनाउन यी निर्णयहरूले सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ।

त्यस्तै, नेपालमा पहिलो पटक 'प्रथम पारा राष्ट्रिय खेलकुद प्रतियोगिता' आयोजना गर्ने निर्णयसमेत बैठकले गरेको छ । उक्त प्रतियोगिता आगामी पुस १५ गतेदेखि सुरु हुने सदस्यसचिव मेहताले जानकारी दिए ।

बैठकमा अखिल नेपाल फुटबल संघ (एन्फा)मा देखिएको पछिल्लो विवाद र निलम्बनका विषयमा पनि छलफल भएको थियो । यस विषयमा परिषद्ले वस्तुस्थितिको जानकारी लिँदै निकासका लागि समन्वय र सहकार्य भइरहेको जनाएको छ । सरकार र परिषद्को तर्फबाट निकट भविष्यमै यस समस्याको उचित समाधान निकाल्ने गरी पहल भइरहेको राखेपले जनाएको छ ।

एभरेस्ट महिला भलिबल लिगमा सुदूरपश्चिम रोयल वारियर्स थपियो

काठमाडौं/मस- एभरेस्ट महिला भलिबल लिग (इडब्लुभी)को तेस्रो संस्करणमा नयाँ फ्रेन्चाइज टोलीका रूपमा सुदूरपश्चिम रोयल वारियर्स थपिएको छ । लिगले तेस्रो संस्करणका लागि नयाँ टोलीको औपचारिक घोषणा गरेको हो ।

सुदूरपश्चिम रोयल वारियर्सको सहभागिताले नेपालमा व्यावसायिक महिला भलिबलको राष्ट्रिय पहुँच अझ विस्तार हुने अपेक्षा गरिएको छ । सुदूरपश्चिमको प्रतिभा, भलिबलप्रतिको उत्साह र खेलकुद क्षमतालाई राष्ट्रिय मञ्चमा प्रस्तुत गर्ने उद्देश्यसहित फ्रेन्चाइज टोली अघि बढ्ने भएको छ ।

सुदूरपश्चिम रोयल वारियर्सको स्वामित्व उमा गौतम भण्डारी, सञ्जीप शाही र कुमार भण्डारीसँग रहेको छ । फ्रेन्चाइजले विशेषगरी सुदूरपश्चिमका ग्रामीण, दुर्गम तथा अवसरबाट वञ्चित समुदायका महिला खेलाडीलाई पहिचान, विकास र व्यावसायिक अवसर प्रदान गर्ने लक्ष्य लिएको छ ।

फ्रेन्चाइज स्वामित्व समूहका तर्फबाट सञ्जीप शाहीले सुदूरपश्चिममा भलिबलप्रति ठुलो प्रतिभा र उत्साह भए पनि महिला भलिबल लिगमा आफ्नै फ्रेन्चाइज टोलीमार्फत प्रतिनिधित्व हुन नसकेको बताए । सुदूरपश्चिम रोयल वारियर्समार्फत त्यसलाई परिवर्तन गर्ने उद्देश्य रहेको उनको भनाइ छ ।

उनका अनुसार ग्रामीण तथा दुर्गम क्षेत्रका प्रतिभाशाली महिला खेलाडी पहिचान गरी उनीहरूको क्षमता विकास गर्ने, व्यावसायिक

मञ्च उपलब्ध गराउने र राष्ट्रिय स्तरसम्म पुग्ने अवसर सिर्जना गर्ने फ्रेन्चाइजको मुख्य लक्ष्य हो । सुदूरपश्चिमको शक्ति र पहिचानलाई प्रतिनिधित्व गर्ने टोली निर्माण गर्दै युवा महिलाका लागि भलिबलमार्फत अर्थपूर्ण अवसर सिर्जना गर्न आफूहरू प्रतिबद्ध रहेको शाहीले बताए ।

एभरेस्ट महिला भलिबल लिगकी प्रमुख कार्यकारी अधिकृत स्नेभी चापागाईले तेस्रो संस्करणमा सुदूरपश्चिम रोयल वारियर्सलाई स्वागत गर्न पाउँदा गौरवान्वित भएको बताइन् । लिगको सुरुवातदेखि नै सुदूरपश्चिमका उत्साही भलिबलप्रेमी दर्शकमाझ पुग्ने र यस क्षेत्रमा भलिबल विकासमा भइरहेको योगदानलाई सम्मान गर्दै सुदूरपश्चिमलाई लिगसँग जोड्ने परिकल्पना रहेको उनले बताइन् ।

चापागाईका अनुसार नयाँ स्वामित्व समूहको आगमनसँगै इडब्लुभीको राष्ट्रिय उपस्थिति अझ सुदृढ हुने र सुदूरपश्चिमलाई नेपालको राष्ट्रिय खेल भलिबलसँग थप मजबुत रूपमा जोड्ने अवसर सिर्जना भएको छ ।

एभरेस्ट महिला भलिबल लिगले तेस्रो संस्करणलाई अझ प्रभावकारी र रोमाञ्चक रूपमा पुनरागमन गराउने तयारी गरिरहेको जनाएको छ । लिगका आगामी दिनमा थप महत्वपूर्ण घोषणा सार्वजनिक गरिने आयोजकले जनाएको छ ।

लिगले निरन्तर साथ, सहयोग र समर्थनका लागि सञ्चारकर्मी तथा सरोकारवालालाई धन्यवाद दिँदै प्रतियोगितासम्बन्धी थप जानकारी र आगामी घोषणाका लागि आफ्ना आधिकारिक सामाजिक सञ्जालमार्फत जोडिन आग्रह गरेको छ ।

लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०५/०३ मा दर्ता भएको **दर्ता नं. १५६४०६** को **पाँच पन्ना भिमसेन बहुउद्देशिय दुवानी सेवा प्रा. लि.** को मिति २०८३/०४/२८ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

लिक्विडेटर: नीलकण्ठ पोखरेल, इजाजत पत्र नं. ४१२,
ठेगाना : त्रिपुरेश्वर काठमाडौं, फोन नं. ४८४१००६०४६

कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Satya Sai Overseas Pvt. Ltd. (श्रम इजाजत पत्र नं. ६६२/०६३/०६४)** मा कार्यरत कर्मचारीहरुलाई यस कार्यालयबाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै निज व्यक्तिसँग यस प्रा. लि. को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि कार्य/आर्थिक कारोबार नगर्न/नगराउन हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ । यदि यसो गरे/गराएमा यस प्रा. लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ दिन भित्र यस प्रा. लि. मा वा वैदेशिक रोजगार विभागमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

S.N.	नाम	पद
1	Dinesh Shahi	Proprietor
2	Anil Raj Neupane	Managing Director
3	Santoshi Dangol	Documentation Officer

SATYA SAI OVERSEAS PVT. LTD.
Govt Lic.No. 662/063/064
Gwarko, Lalitpur-07, Lalitpur, Nepal | Tel : 01-5200967, 5200977
Email : satyasaioverseas97@gmail.com. www.satyasai.com.np.

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८३/०४/२५

मिति २०८१/०३/३० गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम सावित कम्पनी **साल्मा एच.आर. डेभलपमेन्ट एण्ड सर्भिसेज प्रा. लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा सावित नाम परिवर्तन गरी **साल्मा स्किल ट्रेनिङ इन्स्टिच्युट प्रा. लि (प्रा. लि. नं.: १७३७३५)** कायम गर्ने गरी मिति २०८३/०३/०८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

मोटरसाईकल हराएको सूचना

मिति २०८३/०३/१६ गते राति २३:०० बजेको समयमा ललितपुर जिल्ला गोदावरी नगरपालिका वडा नं. १२ ठेचो सिभिल होम बारा फिस हाउसमा पार्किङ गरि राखेको मध्येश प्रदेश-०३-०४५ प ३९८४ नम्बरको कालो/रातो रङको **Pulsar 220 CC** मोटरसाईकल हराएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न सम्पर्क नं मा खबर गरिदिनुहोला ।

सवारी धनी: हुलास फिनसर्भ हायर पर्चेज लि.
ऋणिको नाम : जिकरुल्लाह हक अंसारी
च्यासिस नं.: MD2A13EXXTCL83600
इन्जीन नं.: DKXCTL29723
सम्पर्क नं : ९८६१३५६३६५

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८३/०४/२५

मिति २०८२/०३/०२ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम सावित कम्पनी **कामसु कन्सल्ट प्रा. लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा सावित नाम परिवर्तन गरी **एस.एन.बी स्टुडियो प्रा. लि (प्रा. लि. नं.: २८१६५८)** कायम गर्ने गरी मिति २०८२/०५/३० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

मोटरसाईकल हराएको सूचना

यहीं मिति २०८३/०४/२२ गते शुक्रबारका दिन महालक्ष्मी नगरपालिका वडा नंम्बर-१, भैरवटोल स्थित सडक खण्डमा पार्किङ गरेर राखेको अवस्थामा मेरो निम्न व्यहोरा भएको मोटरसाइकल हराएको हुँदा देख्नु हुने वा पाउनुहुने महानुभावले निम्न ठेगाना अथवा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन विनम्र अनुरोध गर्दछु ।

सवारी धनी :- हुलास फिन सर्भ लि.
सम्पर्क व्यक्ति : शिब बहादुर पुलामी मगर
सवारी दर्ता न. : बा.प्र.०३-०६१ प.३४४७
मोडेल न. : बजाज, २२०F पल्सर
इन्जिन नं. : DKXCSD-30007
च्यासिस नं. : MD2A13EX6SCD-85054
ठेगाना : मन्थली न.पा.-४, पुरानागाउँ
सम्पर्क नं. : ९८५४०४३५७५

कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Al-Moon Overseas Pvt. Ltd. (श्रम इजाजत पत्र नं. ५४२/०६८/०६५)** मा कार्यरत कर्मचारीहरुलाई यस कार्यालयबाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै निज व्यक्तिसँग यस प्रा. लि. को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि कार्य/आर्थिक कारोबार नगर्न/नगराउन हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ । यदि यसो गरे/गराएमा यस प्रा. लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ दिन भित्र यस प्रा. लि. मा वा वैदेशिक रोजगार विभागमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

S.N.	नाम	पद	नागरिकता नं.
1	Prakash Baral	Manager	112055
2	Rajan Adhikari	Business Development Manager	84651
3	Parbati Gurung	Documentation Officer	263029-70/54

AL-Moon Overseas Pvt. Ltd.
Govt. License No: 992/068/069
Al-Moon Overseas Pvt. Ltd
Tokha-5, Basundhara, Kathmandu, Nepal, Phone: +977-1-4989718, 4989719
Email:info@almoonmanpower.com | Web: www.almoonmanpower.com

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८३ साल साउन महिना २९ गते शुक्रबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं । सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ । साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिल

१) शाखा कार्यालय : आर्दशनगर शाखा — **कर्जा शीर्षक : प्रोफेशनल आवधिक कर्जा**

ऋणीको विवरण
अहिमन भण्डारीको नाति उदय भण्डारीको छोरा सुर्खेत जिल्ला छिन्चु गा.वि.स. वडा नं. ८ हाल, पर्सा जिल्ला वीरगंज म.न.पा. वडा नं. ४ बस्ने **प्रेम बहादुर भण्डारी** (ना.प्र.नं. : ६६५०३/१६३७ जारी मिति र जिल्ला : २०६१/०१/०३, सुर्खेत)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१) अहिमन भण्डारीको नाति उदय भण्डारीको छोरा सुर्खेत जिल्ला छिन्चु वडा नं. ८ हाल, पर्सा जिल्ला वीरगंज म.न.पा. वडा नं. ४ बस्ने **चेतबहादुर भण्डारी** (ना.प्र.नं. : ८०६३२ जारी मिति र जिल्ला : २०६३/०८/२२, सुर्खेत)
२) जादोलाल साहको नाति रघुनन्दन सा तेलीको छोरा बारा जिल्ला बसतपुर वडा नं. ७ हाल, पर्सा जिल्ला वीरगंज म.न.पा. वडा नं. ४ बस्ने **विशेश्वर प्रसाद साह** (ना.प्र.नं. : ३३१०६६/८५५२ जारी मिति र जिल्ला : २०६७/०८/२०, बारा)
३) रामऔतार प्रसाद जलक्षेत्रीको नाति रामनगिना प्रसाद जलक्षेत्रीको छोरा पर्सा जिल्ला वीरगंज वडा नं. १३ हाल, वीरगंज म.न.पा. वडा नं. १० बस्ने **सुमन कुमार** (ना.प्र.नं. : ३४१०२२/११५७५ जारी मिति र जिल्ला : २०६७/०७/०७, पर्सा)

२) शाखा कार्यालय : आर्दशनगर शाखा — **कर्जा शीर्षक : प्रोफेशनल आवधिक कर्जा**

ऋणीको विवरण
चेत प्रसाद घिमिरेको नाति हरि प्रसाद घिमिरेको छोरा सर्लाही जिल्ला लालबन्दी वडा नं. ९ हाल, पर्सा जिल्ला वीरगंज म.न.पा. वडा नं. २ बस्ने **उमेश घिमिरे** (ना.प्र.नं. : ५२५६०२४१ जारी मिति र जिल्ला : २०५६/१०/२६, सर्लाही)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१) हरि प्रसाद घिमिरेको बुहारी उमेश घिमिरेको पत्नी रामेछाप जिल्ला सुनारपानी वडा नं. ३ हाल, पर्सा जिल्ला वीरगंज म.न.पा. वडा नं. २ बस्ने **शान्ता कार्की** (ना.प्र.नं. : ६०८१२/२११०२९/२०३० जारी मिति र जिल्ला : २०६०/०१/१९, रामेछाप)
२) भवानी प्रसाद गौतमको नाति लिलाराज गौतमको छोरा सर्लाही जिल्ला मानपुर वडा नं. ८ हाल, पर्सा जिल्ला वीरगंज म.न.पा. वडा नं. २ बस्ने **सन्तोष गौतम** (ना.प्र.नं. : १९१०७५/२७ जारी मिति र जिल्ला : २०६६/१२/०५,सर्लाही)

३) शाखा कार्यालय : आर्दशनगर शाखा — **कर्जा शीर्षक : सामुहिक आवधिक कर्जा**

ऋणीको विवरण
आसमहमद अंसारीको बुहारी मैनुदिन अंसारीको पत्नी पर्सा जिल्ला लखनपुर गा.वि.स. वडा नं. ३ हाल, वीरगंज म.न.पा. वडा नं. १० बस्ने **मन्जु नेसा** (ना.प्र.नं. : ३४-०१-७०-०८५८७ जारी मिति र जिल्ला : २०७०/०७/१०, पर्सा)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
ठग मियाको नाति आसमहमद अंसारीको छोरा पर्सा जिल्ला लखनपुर गा.वि.स. वडा न. ३ हाल, वीरगंज म.न.पा. वडा नं. १० बस्ने **मैनुदिन अंसारी** (ना.प्र.नं. : ५२८०२०१६ जारी मिति र जिल्ला : २०६१/११/२१, पर्सा

४) शाखा कार्यालय : गोपिगंज शाखा — **कर्जा शीर्षक : सामुहिक कर्जा**

ऋणीको विवरण
जिवराम थारुको बुहारी पदम नारायण थारुको पत्नी नवलपरासी जिल्ला रुपौलिया वडा नं. ८ हाल, नवलपरासी(ब.सु.प.) जिल्ला सुस्ता गा.पा वडा नं. २ बस्ने **श्रीमती लक्ष्मी देवी थारु** (ना.प्र.नं. : ११/१३५३ जारी मिति र जिल्ला : २०४५/०१/३०, नवलपरासी)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
जिवराम चौधरीको नाति पदम नारायण थारुको छोरा नवलपरासी(ब.सु.प.) जिल्ला सुस्ता गा.पा. वडा नं. २ बस्ने **विनय सिंह चौधरी थारु** (ना.प्र.नं. : ३६१०४८/९६३ जारी मिति र जिल्ला : २०६८/०३/०६, नवलपरासी(ब.सु.प.))

५) शाखा कार्यालय : गोपिगंज शाखा — **कर्जा शीर्षक : सामुहिक कर्जा**

ऋणीको विवरण
जिवराम थारुको बुहारी चेत नारायण थारुको पत्नी नवलपरासी जिल्ला तिलकपुर वडा नं. १ हाल, नवलपरासी(ब.सु.प.) जिल्ला सुस्ता गा.पा. वडा नं. २ बस्ने **इन्द्र कुमारी फौज्दार** (ना.प्र.नं. : ४३/५८३ जारी मिति र जिल्ला : २०४०/०१/२३, नवलपरासी)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
धनिराम थारुको नाति जिवराम थारुको छोरा नवलपरासी जिल्ला रुपौलिया वडा नं. ८ हाल, नवलपरासी(ब.सु.प.) जिल्ला सुस्ता गा.पा. वडा नं. २ बस्ने **श्री चेत नारायण चौधरी (थारु)** (ना.प्र.नं : ११/१३२० जारी मिति र जिल्ला : २०४५/०१/३०, नवलपरासी)

६) शाखा कार्यालय : गोपिगंज शाखा — **कर्जा शीर्षक : सामुहिक कर्जा**

ऋणीको विवरण
जिवराम थारुको बुहारी विजय कुमार चौधरीको पत्नी नवलपरासी(ब.सु.प.) जिल्ला सुस्ता गा.पा वडा नं. २ बस्ने **महिता कुमारी मुखिया** (ना.प्र.नं. : ३६-०६-७७-०१०६४ जारी मिति र जिल्ला : २०७७/०९/०१, नवलपरासी(ब.सु.प.))
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
धनिराम थारुको नाति जिवराम थारुको छोरा नवलपरासी जिल्ला रुपौलिया वडा नं. ८ हाल, नवलपरासी (ब.सु.प.) जिल्ला सुस्ता गा.पा. वडा नं. २ बस्ने **विजय कुमार चौधरी** (ना.प्र.नं : ६३६४८ जारी मिति र जिल्ला : २०५९/०२/०७, नवलपरासी)

७) शाखा कार्यालय : गोपिगंज शाखा — **कर्जा शीर्षक : सामुहिक कर्जा**

ऋणीको विवरण
जिवराम थारुको बुहारी श्री प्रेम नारायण चौधरीको पत्नी नवलपरासी जिल्ला रुपौलिया वडा नं. ८ हाल, नवलपरासी(ब.सु.प.) जिल्ला सुस्ता गा.पा. वडा नं. २ बस्ने **श्रीमती डिल कुमारी थारु** (ना.प्र.नं. : ११/१३४९ जारी मिति र जिल्ला : २०४५/०१/३०, नवलपरासी)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
धनिराम थारुको नाति श्री जिवराम थारुको छोरा नवलपरासी जिल्ला रुपौलिया वडा नं. ८ हाल, नवलपरासी(ब.सु.प.) जिल्ला सुस्ता गा.पा. वडा नं. २ बस्ने **श्री प्रेम नारायण चौधरी** (ना.प्र.नं : ११/१२९६ जारी मिति र जिल्ला : २०४५/०१/२९, नवलपरासी)

८) शाखा कार्यालय : ईटहरी शाखा — **कर्जा शीर्षक : साधारण कर्जा**

ऋणीको विवरण
कमान सिँह दमाईको नातिनी डिल्ली बहादुर दमाईको छोरी धनकुटा जिल्ला बुढिमोरङ्ग गा.वि.स. वडा नं. ३ हाल, सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. १ बस्ने **शुशिला परियार** (ना.प्र.नं. : ९२३ जारी मिति र जिल्ला : २०४४/१२/०८, धनकुटा)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
कमान सिँह दमाईको नातिनी डिल्ली बहादुर दमाईको छोरी धनकुटा जिल्ला बुढिमोरङ्ग गा.वि.स. वडा नं. ३ हाल, सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. १ बस्ने **दुर्गा कुमारी परियार** (ना.प्र.नं. : ७७८ जारी मिति र जिल्ला : २०५४/०८/११, धनकुटा)

९) शाखा कार्यालय : भुमही शाखा — **कर्जा शीर्षक : साधारण कर्जा**

ऋणीको विवरण
सोमनाथ अधिकारीको नाति हरी प्रसाद अधिकारीको छोरा पाल्पा जिल्ला मदनपोखरा गा.वि.स. वडा नं. ६ हाल, नवलपरासी (ब.सु.प.) जिल्ला बर्दघाट न.पा. वडा नं. ११ बस्ने **अन्जन अधिकारी** (ना.प्र.नं. : ३९-०१-७३-०२६२० जारी मिति र जिल्ला : २०७३/०३/०९, पाल्पा)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१) काशिराम भण्डारीको नाति दुर्गा प्रसाद भण्डारीको छोरा चितवन जिल्ला भरतपुर वडा नं. ११ हाल, नवलपरासी (ब.सु.पू.) जिल्ला कावासोती न.पा. वडा नं. १५ बस्ने **सुदिप भण्डारी** (ना.प्र.नं. : १८०५९/०६२ जारी मिति र जिल्ला : २०६२/०४/१४, चितवन)
२) टिकाराम पाण्डेयको छोरी हरी प्रसाद अधिकारीको बुहारी अन्जन अधिकारीको पत्नी नवलपरासी (ब.सु.प.) जिल्ला बर्दघाट न.पा. वडा न. ११ बस्ने **प्रतिक्षा पाण्डेय** (ना.प्र.नं. : ३६-०१-७०-१३००८ जारी मिति र जिल्ला : २०७०/०८/१७, नवलपरासी(ब.सु.प.))

१०) शाखा कार्यालय : वितामोड शाखा — **कर्जा शीर्षक : सामुहिक कर्जा**

ऋणीको विवरण
लक्ष्मी ध्वज लिङदेनको छोरी कर्ण सीह लिम्बुको बुहारी भक्त बहादुर नेम्वाङ्ग लिम्बको पत्नी झापा जिल्ला गोलधाप गा.वि.स. वडा नं. ८ हाल, हल्दिबारी गा.पा. वडा नं. १ बस्ने **गंगा लिङदेन** (ना.प्र.नं. : ०४-०१-६९-०६०३७ जारी मिति र जिल्ला : २०६९/०५/१५, झापा)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
मान बहादुर लिम्बुको नाति कर्ण सीह लिम्बुको छोरा झापा गोलधाप गा.वि.स. वडा नं. ८ हाल, हल्दिबारी गा.पा. वडा नं. १ बस्ने **भक्त बहादुर नेम्वाङ्ग लिम्बु** (ना.प्र.नं. : ७६१५३५५० जारी मिति र जिल्ला : २०५९/०५/१२, झापा)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.

Central Office: Lazimpat, Kathmandu
Tel.: 01-5970887
Toll Free No.: 16600149999 (NTC), 18102149999 (Ncell)
E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

बैंकहरूको अफर, गाडी किन्न सस्तो ब्याजदर

मध्यान्ह संवाददाता
काठमाडौं, २८ साउन

मंगलबारदेखि जारी नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२६मा अटो लोनका लागि बैंकहरूले अफर र सुविधा दिँदा गाडी किन्ने ग्राहकलाई सहज भएको छ। नेपाल मोबिलिटी एक्स्पोलाई लक्षित गरी बैंकहरूले अटो लोनका लागि विशेष अफर र सुविधा दिँदा अवलोकनकर्ता बैंकका स्टलमा पुगेर कर्जाका लागि नाम दर्ता गराउने गरेका छन्।

बैंकहरूले आधारदरमा ०.५ प्रतिशतदेखि १ प्रतिशतसम्ममा कर्जा सुविधा दिइरहेका छन् भने सेवाशुल्क पनि ०.५ प्रतिशत मात्र लिइरहेको बताएका छन्। मेलाको तेस्रो दिनसम्ममा अवलोकनकर्ताको उपस्थिति बढिरहँदा बैंकका स्टलमा पनि उल्लेख्य भिड बढेको छ। ग्लोबल आइएमई बैंकका एसएमई रिटेल बैंकिङ म्यानेजर मन्जिल बिष्टले एक्स्पोमा हरेक दिन अवलोकनकर्ताको संख्या बढिरहँदा बैंकको स्टलमा आएर कर्जाबारे जानकारी लिनेको संख्या पनि उल्लेख्य बढेको बताए।

'गाडी छनोट गरिसकेपछि हाम्रो स्टलमा आएर कर्जाका लागि नाम टिपाउने तथा क्युआर स्क्यान गरेर आवेदन दिनेको संख्या उल्लेख्य छ,' उनले भने, 'सवारी विक्रेता कम्पनीले आकर्षक अफर ल्याएर अवलोकनकर्ताको मन जितिरहँदा त्यसलाई सहयोग पुग्नेगरी हामीले काम गरिरहेका छौं।'

मेला अवलोकनपछि कर्जाका लागि नाम दर्ता गराउनेलाई शाखासँग जोड्ने कार्यमा बैंकका स्टलहरूले सहजीकरण गरिरहेका छन्।

सिद्धार्थ बैंकका लाजिम्पाट शाखाका प्रबन्धक विष्णुप्रसाद शर्माले स्टलमा संकलन भएका डेटा केन्द्रीय कार्यालयमा पठाउने र केन्द्रीय कार्यालयले अवलोकनकर्तालाई सम्पर्क गरी सम्बन्धित शाखासँग जोडाइदिने काम गरिरहेको बताए। 'कतिपय अवलोकनकर्तालाई हामीले सिधै शाखासँग जोडिदिने गरेका छौं,' उनले भने। सवारी छनोट गरिसकेपछि कर्जाका लागि नाम दर्ता गराउने अवलोकनकर्ताको संख्या हरेक दिन बढिरहेको शर्माले बताए।

त्यस्तै, एनएमबी बैंकले पनि मेला अवलोकनकर्तालाई मेला स्थलमा रहेको स्टलबाट राम्रो सेवा दिइरहेको जनाएको छ। 'हामीले मेला अवलोकनकर्तालाई आकर्षक ब्याजदरमा कर्जा उपलब्ध गराउन सहजीकरण गरिरहेका छौं,' बैंककी रिलेसनसिप म्यानेजर समीक्षा पन्तले भनिन्, 'नाइमालाई लक्षित गरेर ब्याजदर रिभाइज गरेका हौं। ग्राहकको रेस्पोन्स राम्रो आइरहेको छ।'

नेपालमा दिगो, हरित तथा प्रविधिमैत्री यातायात प्रणालीलाई प्रवर्धन गर्ने उद्देश्यले आयोजना गरिएको दोस्रो संस्करणको एक्स्पो साउन ३१ सम्म चल्नेछ। एक्स्पोमा स्वदेशी तथा बहुराष्ट्रिय सवारीसाधन निर्माता र आयातकर्ताको उल्लेख्य सहभागिता छ। एक्स्पोमा नेपालमा पहिलोपटक प्रवेश गरेका ब्रान्डदेखि अन्य नयाँ मोडलका विद्युतीय कार, ई-स्कुटर तथा विद्युतीय व्यावसायिक सवारीसाधन मुख्य आकर्षणका रूपमा रहेका छन्।

क्याम्ब्रिज युनिभर्सिटीले गऱ्यो क्याम्ब्रिज इंग्लिस लिडरसिप कन्फरेन्स

काठमाडौं/मस– क्याम्ब्रिज युनिभर्सिटी प्रेस एन्ड एसेसमेन्टले क्याम्ब्रिज इंग्लिस लिडरसिप कन्फरेन्स २०२६ आयोजना गरेको छ। सम्मेलनमा कृत्रिम बौद्धिकता (एआई)को बढ्दो प्रयोग भएको समयमा विद्यार्थीलाई भविष्यका लागि कसरी तयार गर्ने भन्ने विषयमा छलफल भएको थियो। विद्यार्थीकेन्द्रित कक्षाकोठा, प्रभावकारी मूल्यांकन, तथ्यमा आधारित प्रतिक्रिया तथा सञ्चार सीपको बलियो आधारले विद्यार्थीलाई शैक्षिक तथा व्यावसायिक रूपमा सफल बनाउन महत्वपूर्ण भूमिका खेल्ने विषयमा सम्मेलनमा जोड दिइएको थियो।

क्याम्ब्रिजको हालैको करिब १ हजार ९ सय कलेज विद्यार्थीमा गरिएको सर्वेक्षणअनुसार, करिब १०० प्रतिशत विद्यार्थीले राम्रो रोजगारी प्राप्त गर्न अंग्रेजी महत्वपूर्ण रहेको बताएका छन्। त्यस्तै, ३० प्रतिशत विद्यार्थीले अंग्रेजी भाषा सीप र आत्मविश्वासलाई रोजगारी प्राप्त गर्न प्रमुख चुनौतीका रूपमा पहिचान गरेका छन्। आधाभन्दा बढी अर्थात् ५७ प्रतिशत विद्यार्थीले रोजगारीका लागि आफू पूर्ण रूपमा तयार नभएको बताएका छन्।

सर्वेक्षणअनुसार विद्यार्थीहरूले आफ्नो सीप विकासका लागि प्राविधिक तथा उद्योगसम्बन्धी प्रमाणपत्र, इन्टर्नसिप वा वास्तविक परियोजना तथा अंग्रेजी भाषा प्रमाणपत्रलाई पनि प्राथमिकता दिने गरेका छन्। यसैबीच, क्याम्ब्रिज युनिभर्सिटी र ब्रिटिस काउन्सिलको अर्को अध्ययनले बहुभाषिक शिक्षण पद्धतिले अंग्रेजी सिकाइलाई थप प्रभावकारी बनाउन सक्ने देखाएको छ। २०२६को मल्टिएड स्टडीअन्तर्गत गरिएको अनुसन्धानले विद्यार्थीको मातृभाषा तथा क्षेत्रीय भाषालाई अंग्रेजीसँग रणनीतिक रूपमा प्रयोग गर्दा पढ्ने क्षमता, कक्षाकोठामा सहभागिता र विद्यार्थीको आत्मविश्वासमा सुधार आएको देखाएको छ। साथै, यसले अंग्रेजी सिकाइमा नकारात्मक असर नपारेको पनि अध्ययनले देखाएको छ।

नेपालका धेरै विद्यार्थी उच्च शिक्षा तथा रोजगारीका लागि विदेश जाने क्रम बढ्दै गएको अवस्थामा सञ्चार सीपको महत्त्व अझ बढेको छ। क्याम्ब्रिज युनिभर्सिटी प्रेस एन्ड एसेसमेन्टका दक्षिण एसियाका प्रबन्ध निर्देशक अरुण राजामणिले भने, 'एआई हाम्रो दैनिक सिकाइको हिस्सा बन्दै जाँदा प्रभावकारी रूपमा सञ्चार गर्ने, विश्लेषण गर्ने र आलोचनात्मक रूपमा सोच्ने क्षमता झनै महत्वपूर्ण हुँदै गएको छ। यी सीप विद्यार्थीको विद्यालय शिक्षाकै क्रममा क्रमशः विकास हुन्छन् र सुन्ने, बोल्ने, पढ्ने तथा लेख्ने आधारभूत सीपमा आधारित हुन्छन्। विद्यालयहरूले अंग्रेजीलाई एउटा विषयका रूपमा मात्र नभई शैक्षिक सफलता, रोजगारी र जीवनभरको सिकाइमा सहयोग गर्ने व्यावहारिक भाषा दक्षता विकासमा ध्यान दिन आवश्यक छ।'

यस्तै, दक्षिण एसियाका लागि अंग्रेजी, कन्ट्री हेड अरुणाचलम टिकेले भने, 'दक्षिण एसियामा विद्यालय, अभिभावक र विद्यार्थीबाट अन्तर्राष्ट्रिय स्तरमा मापन गर्न सकिने भाषा दक्षताको माग बढिरहेको छ। अहिले अंग्रेजीलाई एउटा विषयका रूपमा पढाउनेभन्दा पनि विद्यार्थीले वास्तविक जीवनमा आत्मविश्वासका साथ प्रयोग गर्न सक्ने सञ्चार सीप विकास गर्ने दिशामा ध्यान केन्द्रित भइरहेको छ।'

सम्मेलनमा सहभागी शिक्षक तथा विद्यालय नेतृत्वकर्ताले सञ्चार सीप विद्यार्थीको विद्यालय जीवनभर विकास हुने र शैक्षिक सफलता, आत्मविश्वास, आलोचनात्मक सोच तथा सहकार्यका लागि महत्त्वपूर्ण हुने बताएका थिए।

रोजगारी सिर्जनाका लागि महासंघ र आइएलओबीच साझा प्रतिबद्धता

काठमाडौं/मस– नेपाल उद्योग वाणिज्य महासंघ र अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)ले श्रम बजार सुधार, रोजगारी सिर्जना, सीप विकास, उद्यमशीलता तथा सामाजिक संवादलाई प्रभावकारी बनाउन दुवै पक्षबीचको सहकार्यलाई थप प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरेका छन्।

महासंघका अध्यक्ष अञ्जन श्रेष्ठ र आइएलओ नेपालका कन्ट्री डाइरेक्टर नुमान ओजकानबीच महासंघ सचिवालय टेकुमा बिहीबार भएको भेटवार्तामा साझा प्राथमिकतालाई ठोस परिणाममा रूपान्तरण गर्न दीर्घकालीन रणनीतिक साझेदारीलाई थप संस्थागत र परिणाममुखी बनाउने कुरामा जोड दिइएको थियो।

सो अवसरमा महासंघका अध्यक्ष अञ्जन श्रेष्ठले आइएलओसँगको लामो सहकार्यले नेपालको श्रम बजार, उद्यम विकास र सामाजिक संवाद सुदृढ गर्न महत्त्वपूर्ण योगदान दिएको बताए। उनले निजी क्षेत्र लगानी र आर्थिक वृद्धिको मात्र नभई उत्पादनशील तथा गुणस्तरीय रोजगारीको प्रमुख स्रोत भएको उल्लेख गर्दै उद्यम विस्तार, श्रमिकको जीवनस्तर सुधार र युवालाई स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्ने वातावरण आवश्यक रहेको बताए।

'युवाहरूको वैदेशिक पलायन, सीप र रोजगारीबीचको असन्तुलन, श्रमिक अभाव र न्यून उत्पादकत्व नेपालको प्रमुख चुनौती रहेको छ। उनले भने, 'उत्पादनमूलक उद्योग, निर्माण, पर्यटन तथा कृषिलगायत क्षेत्रमा आवश्यक जनशक्ति अभाव भइरहेको उल्लेख छ। यो अवस्थाम सीप विकास, आधुनिक प्रविधि, व्यावसायिक सुरक्षा तथा स्वास्थ्य र निरन्तर जनशक्ति स्तरोन्नतिमा लगानी बढाउनुपर्ने अवस्था छ।'

नेपाल अल्पविकसित मुलुक (एलडिसी)बाट स्तरोन्नतिको चरणमा रहेकाले उद्यम तथा श्रमिकलाई समयमै प्रतिस्पर्धाका लागि तयार गर्नुपर्नेमा जोड दिँदै उहाँले डिजिटल प्लेटफर्म, कृत्रिम बुद्धिमत्ता, स्वचालन र हरित संक्रमणले कामको प्रकृति परिवर्तन गरिरहेको अवस्थामा प्रविधिमैत्री, तर श्रमिकमैत्री नीति आवश्यक रहेको बताए।

महासंघको नवनिर्वाचित नेतृत्वले ६ रणनीतिक स्तम्भ र ६० प्राथमिक कार्यमा आधारित सुधारमुखी कार्यदिशा अघि बढाएको जानकारी दिँदै अध्यक्ष श्रेष्ठले लगानी प्रवर्धन, नीतिगत पैरवी, रोजगारी तथा उत्पादकत्व, नवप्रवर्तन, दिगो विकास र विश्वव्यापी साझेदारीलाई प्राथमिकतामा राखिएको बताए।

अध्यक्ष श्रेष्ठले आइएलओको सहयोगमा सञ्चालित विभिन्न परियोजनाबाट महिला उद्यमशीलता, रोजगार सेवा, गुनासो व्यवस्थापन, निजी क्षेत्रको रोजगार सेवा सहभागिता तथा एलडिसी स्तरोन्नतिसम्बन्धी काममा महत्त्वपूर्ण उपलब्धि हासिल भएको जानकारी दिए।

आइएलओ नेपालका कन्ट्री डाइरेक्टर नुमान ओजकानले व्यवसाय वृद्धि र रोजगारी सिर्जनाका लागि महासंघसँगको सहकार्यलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे। उनले श्रम बजारको अनौपचारिकता, प्लेटफर्म अर्थतन्त्र, जलवायु परिवर्तन र सीप असन्तुलनजस्ता नयाँ चुनौती सम्बोधन गर्न आइएलओ, महासंघ, सरकार तथा अन्य सरोकारवालाबीच सहकार्य आवश्यक रहेकोमा जोड दिए।

भेटवार्तामा महासंघका उपाध्यक्ष तथा रोजगारदाता परिषद्का सभापति प्रबलजंग पाण्डेले श्रम कानुन सुधार प्रक्रिया समावेशी, पारदर्शी र वास्तविक त्रिपक्षीय सामाजिक संवादमा आधारित हुनुपर्ने बताए।

उनले वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकको सीपलाई स्वदेशी उद्योगको आवश्यकतासँग जोड्न सीप नक्सांकन, एलडिसी स्तरोन्नतिको सन्दर्भमा अन्तर्राष्ट्रिय श्रम मापदण्ड तथा अनुपालन क्षमता विकास र राइड-हेलिङ तथा डेलिभरी सेवाजस्ता प्लेटफर्म अर्थतन्त्रका नयाँ श्रम सम्बन्धबारे स्पष्ट नीति आवश्यक रहेको उल्लेख गरे।

कुमारी बैंकद्वारा १० लाख बिमा दाबी हस्तान्तरण

काठमाडौं/मस– कुमारी बैंकको गढवा शाखाले परिवार सुरक्षा बचत खाताअन्तर्गतको बिमा सुविधाबमोजिम लाभग्राहीलाई बिमा दाबी रकम हस्तान्तरण गरेको छ। श्रीमती खुमा पौडेलका श्रीमान्को दुर्घटनाजन्य निधनपश्चात् परिवार सुरक्षा बचत खातासँग सम्बन्धित बिमा दाबी प्रक्रिया पूरा भएपछि कुमारी बैंकको गढवा शाखाले १० लाख रुपैयाँबराबरको बिमा दाबी रकम हस्तान्तरण गरेको हो। उक्त रकमले शोकाकुल परिवारलाई कठिन परिस्थितिमा आर्थिक सहारा पुग्ने विश्वास बैंकले लिएको छ।

कुमारी बैंकले ग्राहकको वित्तीय सुरक्षा तथा परिवारको आर्थिक संरक्षणलाई प्राथमिकतामा राख्दै विभिन्न बचत योजनासँग आकर्षक बिमा सुविधा उपलब्ध गराउँदै आएको छ। परिवार सुरक्षा बचत खाताअन्तर्गत प्रदान गरिने बिमा सुविधाले अप्रत्याशित घटनाबाट प्रभावित परिवारलाई आर्थिक राहत उपलब्ध गराउनुका साथै भविष्यको आर्थिक सुरक्षाको भावना अभिवृद्धि गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। विशेषगरी ग्रामीण तथा दुर्गम क्षेत्रका नागरिकलाई वित्तीय सेवा र बिमा सुरक्षाको पहुँच विस्तार गर्ने उद्देश्यअनुरूप सञ्चालन गरिएका यस्ता सुविधाले आर्थिक समावेशीकरणलाई थप सुदृढ बनाउँदै ग्राहक तथा निजका परिवारलाई आवश्यक समयमा वित्तीय सहयोग प्रदान गर्ने विश्वास बैंकले व्यक्त गरेको छ।

छानबिन प्रतिवेदन सार्वजनिक

एनसेलको आपत्ति, लगानी तथा व्यवसाय प्रवर्धनमा नकारात्मक प्रभाव पार्ने

काठमाडौं/मस– एनसेल आजियाटा लिमिटेडले कम्पनीसँग सम्बन्धित टंकमणि शर्मा दंगाल नेतृत्वको छानबिन समितिको प्रतिवेदन सार्वजनिक गरिएको भन्दै आपत्ति जनाएको छ।

एनसेलले बिहिबार विज्ञप्ति जारी गर्दै मन्त्रिपरिषद्को निर्णयका आधारमा 'एनसेलको सेयर खरिद-बिक्रीसम्बन्धी अध्ययन तथा छानबिन प्रतिवेदन, २०८०' सूचना तथा सञ्चार मन्त्रालयको वेबसाइटमार्फत सार्वजनिक गरिएको उल्लेख गर्दै यसले संविधानले प्रत्याभूत गरेको गोपनीयताको हक उल्लंघन भएको बताएको हो।

एनसेलले प्रतिवेदन सार्वजनिक गर्ने निर्णयले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन तथा सन्धि-सम्झौताविपरीत गोप्य जानकारी सार्वजनिक भएको भन्दै कानुनी उपचार खोज्ने अधिकार सुरक्षित रहेको जनाएको छ। कम्पनीका अनुसार, यस कदमले लगानीकर्ताको गोपनीयता र तथ्यांक संरक्षणप्रति सरकार प्रतिबद्ध नरहेको सन्देश अन्तर्राष्ट्रिय समुदायमा गएको छ, जसले विदेशी लगानीको वातावरणलाई समेत नकारात्मक असर पुऱ्याउन सक्छ।

कम्पनीले सम्बन्धित व्यक्तिको स्वीकृतिबिना कानुनले गोप्य राख्ने सूचना सार्वजनिक गर्नु प्रचलित कानुनअनुसार फौजदारी कसुर हुन सक्ने दाबी गरेको छ।

प्रतिवेदन सार्वजनिक गर्न माग गरिएको रिट निवेदन उच्च अदालतले २०८३ असार ३१ गते खारेज गरिसकेको अवस्थामा त्यसविपरीत प्रतिवेदन सार्वजनिक गर्नु अदालतको आदेश र न्यायिक मर्यादाको उल्लंघन भएको कम्पनीले जनाएको छ। एनसेलले सरकारको उक्त कदमलाई 'विश्वास र गोपनीयता उल्लंघन'को उदाहरण भन्दै आवश्यक कानुनी प्रक्रिया अघि बढाउने जनाएको छ।

गोपनीय जानकारी सार्वजनिक गरिएकाले कम्पनीलाई अपूरणीय क्षति पुगेको र यसले व्यापार व्यवसाय सञ्चालन गर्ने स्वतन्त्रता तथा लगानीकर्ताको विश्वासमा गम्भीर असर पार्ने कम्पनीको भनाइ छ। यसले लगानी तथा व्यवसाय प्रवर्धनमा दीर्घकालीन नकारात्मक प्रभाव पार्ने र अन्ततः मुलुकको अर्थतन्त्रले समेत क्षति व्यहोर्नुपर्ने उल्लेख गरेको छ।

पर्यटन प्रवर्धन गर्न लगानीमैत्री ऐन

काठमाडौं/मस– पर्यटन व्यवसायीले नेपालको पर्यटन क्षेत्रलाई थप व्यवस्थित, प्रतिस्पर्धी र लगानीमैत्री बनाउन व्यवसायीमैत्री पर्यटन ऐन आवश्यक रहेको बताएका छन्।

ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान)ले बिहीबार आयोजना गरेको 'पर्यटन ऐन, २०८१ को मस्यौदामा पदयात्रासम्बन्धी व्यवस्था'का सन्दर्भमा विज्ञसँग आयोजना गरेको अन्तरक्रियामा व्यवसायीले व्यवसायीमैत्री पर्यटन ऐन आवश्यक रहेको बताएका हुन्।

टानका अध्यक्ष सागर पाण्डेले पर्यटन ऐनको मस्यौदामा नेपालको पर्वतीय पदयात्राका बारेमा अधिकांश विषय नआएको भन्दै ऐनमा भएका व्यवस्थालाई पुनर्विचार गर्नुपर्ने बताए।

उनले मुलुकको पर्यटन प्रवर्धनमा पदयात्रा पर्यटनको महत्त्वपूर्ण योगदान रहेको भन्दै पर्यटन ऐनले पदयात्रा पर्यटनलाई समेट्नुपर्नेमा जोड दिए।

पर्यटन व्यवसायी निमा लामाले नेपाललाई आरोग्य र योगा पर्यटनको केन्द्रका रूपमा विकास गर्नुपर्ने बताए। उनले पर्यटन क्षेत्रसँग सम्बन्धित ऐन निर्माण गर्दा सरोकार भएका निकायका प्रतिनिधिसँग पर्याप्त छलफल हुनुपर्ने बताए।

यस्तै, वरिष्ठ पर्यटन व्यवसायी रमेश धमलाले पर्यटन ऐनलाई व्यवसायमैत्री बनाउनका लागि सम्बन्धित मन्त्रालय र व्यवसायीबीच छलफल तथा समन्वय हुनुपर्नेमा जोड दिए। पर्यटन व्यवसायी दीपक महतले पर्यटन ऐनले नेपालको समग्र पर्यटन क्षेत्रलाई समेट्नुपर्ने बताए।

टानका पूर्वअध्यक्ष सुमन पाण्डेले पर्यटन व्यवसाय सञ्चालनमा देखिएका प्रशासनिक समस्या, अनुमति तथा नवीकरण प्रक्रियाका जटिलता, विभिन्न निकायबीचको समन्वय अभाव र नीतिगत अस्पष्टता हटाउन नयाँ ऐन आवश्यक रहेको भन्दै उक्त ऐन व्यवसायीमैत्री हुनुपर्ने बताए।

नेपाल पर्वतारोहण संघका अध्यक्ष फुर ग्याल्जे शेर्पाले पर्यटन ऐन समग्र पर्यटन क्षेत्रका लागि मार्गदर्शन गर्ने ऐन भएकाले यसभित्र देखिएका अस्पष्टतालाई हटाउन पर्यटनसँग सम्बन्धित संघसंस्थाबी एकता हुनुपर्ने बताए। पर्यटन व्यवसायीलाई प्रोत्साहन गर्ने, लगानीको सुरक्षा सुनिश्चित गर्ने र व्यवसाय सञ्चालनका लागि सहज वातावरण बनाउने गरी ऐन निर्माण हुनुपर्नेमा जोड दिए।

सानिमा रिलायन्स लाइफको 'भिजन टु भ्यालु' सम्पन्न, उत्कृष्ट कर्मचारी सम्मानित

काठमाडौं/मस– एक आर्थिक वर्षको कार्य मूल्यांकन, उत्कृष्टलाई सम्मान तथा आगामी वर्षको योजना तर्जुमा गर्ने उद्देश्यले आयोजित सानिमा रिलायन्स भिजन टु भ्यालु २०८३ कार्यक्रम 'एम्पावरिङ द पिनाकल फर एलिट रिजल्ट्स' भन्ने नारासहित सम्पन्न भएको हो।

कम्पनीका अध्यक्ष रतनलाल केडिया, सदस्य भरतकुमार तोदीले कार्यक्रमको उद्घाटन गरेका हुन्। प्रमुख कार्यकारी अधिकृत शिवनाथ पाण्डे, नायब प्रमुख कार्यकारी अधिकृत निराजन कँडेल, प्रमुख व्यवसाय अधिकृतहरू, प्रदेश प्रमुख, विभागीय प्रमुखहरू, क्षेत्रीय प्रबन्धकहरू, एरिया म्यानेजरहरू, तथा उत्कृष्ट शाखा प्रबन्धक, मार्केटिङ अफिसरलगायत कस्टमर सर्भिस अफिसरहरूको सहभागिता कार्यक्रम सम्पन्न भएको हो।

कार्यक्रमलाई सम्बोधन गर्दै कम्पनीका अध्यक्ष रतनलाल केडियाले गत आर्थिक वर्षमा बिमाशुल्क संकलनमा प्राप्त सफलताप्रति सबै कर्मचारीलाई बधाई ज्ञापन गरे। उनले उपलब्धिहरूलाई सम्मान गर्दै टिम सहकार्य तथा अन्तरविभागीय समन्वयलाई निरन्तर सफलताको आधारका रूपमा उल्लेख गरे। साथै, उनले आगामी वर्षका लागि रणनीतिक योजना प्रस्तुत गर्दै नयाँ उत्पादनमा नवप्रवर्तन, सिएसआर गतिविधि तथा शाखा कार्यालयहरूको मानकीकरणलाई संस्थागत प्रभाव मजबुत बनाउन प्राथमिकता दिने बताए।

प्रमुख कार्यकारी अधिकृत शिवनाथ पाण्डेले टिमवर्क र उपलब्धिलाई मान्यता दिँदै उत्पादन विविधीकरण तथा बजार बुझाइमा ध्यान केन्द्रित गर्नका लागि निर्देशन दिए। उनले कर्पोरेट सुशासन र अनुपालनलाई जोड दिँदै दिगो वृद्धि र हितधारक मूल्य सिर्जनामा प्रतिबद्धता जनाए। गत आर्थिक वर्षमा विभिन्न विधामा उत्कृष्ट कार्य तथा लक्ष्य हासिल गरेका क्षेत्रीय प्रबन्धक, एरिया म्यानेजर शाखा, उपशाखा प्रमुख, मार्केटिङ अफिसरलगायत कस्टमर सर्भिस एक्जुकेटिभहरूलाई सम्मानित गरिएको थियो। दुई दिनसम्म सञ्चालन भएको कार्यक्रममा कम्पनीका नायब प्रमुख कार्यकारी अधिकृतले कम्पनीको गत आर्थिक वर्षको डेटा प्रस्तुत गर्दै यस वर्ष कम्पनीलाई नयाँ उचाइमा पुराउन सबैले अहोरात्र खटिएर काम गर्नुपर्ने बताए। कार्यक्रममा उत्कृष्ट शाखा प्रबन्धक तथा क्षेत्रीय प्रबन्धकहरूले आफ्नो कार्यानुभव साटासाट गरेका थिए।

सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेडले डिजिटल सेवा विस्तार, दाबी प्रक्रिया सहजता, ग्राहक सम्पर्क प्रणाली सुदृढीकरण तथा दीर्घकालीन विश्वास निर्माणमार्फत आफूलाई नेपालको अग्रणी र भरोसायोग्य जीवन बिमा कम्पनीका रूपमा स्थापित गर्दै आएको छ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: **०१-५३२६३६६, ०१-५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**